Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पचास प्रसंग



0152,6x1
N2

भरत जंगम

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

0152,6x1,1 83,4
N2
Bharat Jangam
Pachas prasang

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

0152,6x1,1 8364
N2

SHRI JAGADGURU VISHWARADHYA JNANAMANDIR
(LIBRARY)
JANGAMAWADIMATH, VARANASI

Please return this volume on or before the date last stamped
Overdue volume will be charged 1/- per day.

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पचास प्रसंग

२०४८–२०४९

भरत जंगम

प्रकाशक

नेपाली आवाज प्रकाशन प्रा०लि०

बानेश्वर, काठमाडौं

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भरत जंगमद्वारा लिखित तथा साप्ताहिक नेपाली आवाजको प्रसंगवश स्तम्भमा प्रकाशित एक वर्षको सँगालो

© नेपाली आवाज प्रकाशन प्रा० लि० मा
छापिएको प्रति – एक हजार (१०००), २०४९

प्राप्ति स्थान

भरत जंगम
जंगम निवास
सहकारी क्षेत्र,
बानेश्वर, काठमाडौं।
टे. नं.:– ४–७०४८८

0152,6xL,1
N2
SRI ... J ... LIBRARY
Acc ... 8354

मूल्यः– रू० ५०।–

प्रकाशक

नेपाली आवाज प्रकाशन प्रा० लि०
फोन नं. :– २–१३२८८, ४–७०४८८

मुद्रक

प्रतिबोध प्रिन्टिङ्ग प्रेस,
नयाँ बानेश्वर, काठमाडौं (नेपाल)
फोन नं. :–४–७१७७५
पो. ब. नं. :–१२१६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

शुभेच्छा

भरत जंगमसित लगभग २५ वर्षदेखि म परिचित छु, अथवा भनौं हाम्रो मित्रता छ ! यसै क्रममा उहाँको बहुआयामिक अथवा बहुमुखी व्यक्तित्वबाट पनि म त्यत्तिकै परिचित छु। नेपाली साहित्यका एक जना सफल उपन्यास- लेखकका रूपमा मात्र नभई एक जना राजनीतिज्ञ, विचारक, समाजसेवी, चिन्तकका साथै वाणिज्य र पत्रकारितासित संवद्ध व्यक्तित्वको सामूहिक परिचित नाम हो - भरत जंगम। सबै क्षेत्रमा, सबै विधामा र सबै क्षितिजहरूमा समान रूपले सफलता पाउने र चम्कन सक्ने उज्यालो सूर्यको नाम हो -भरत जंगम।

यस पुस्तकमा संकलित पचास प्रसङ्गहरूले तत्कालीन नेपालको राजनीति, अर्थनीति, वाणिज्य नीति, वातावरणीय नीति, सामाजिक नीति आदिलाई मात्र यथार्थ रूपमा प्रतिबिम्बित गरेका छैनन् कि एक जना स्वाभिमानी राष्ट्रवादी व्यक्तिको समसामयिक दृष्टिकोण र निर्भीक विचारहरू पनि नेपाली जनताहरूका सामु प्रस्तुत भएका छन्। देशको मुलुकी प्रशासन सञ्चालन गर्ने तथा नीति गतः निर्णयमा संलग्न भएका व्यक्तिहरूका लागि श्री जंगमका विचारोत्तेजक दृष्टिकोणहरू ग्राह्यमात्र नभई व्यावहारिक र उपयोगी पनि सिद्ध भएका छन्। यस पुस्तकमा देशमा घटेका समसामयिक घटना वा प्रसङ्गहरू मात्र छैनन्, श्री जंगमका सकारात्मक तथा रचनात्मक दृष्टिकोण र दूरगामी विचारहरू पनि सशक्त रूपमा उल्लेख भएका छन्। कुनै पनि देशको इतिहास एउटा महत्वपूर्ण नदी जस्तै गतिशील हुन्छ। श्री जंगमले विभिन्न क्षेत्र र विधामा आफूले प्रस्तुत गर्नुभएका यी पचास प्रसङ्गहरूले देश र नेपाली जनताको इतिहासलाईस्वस्थ, सबल र सक्षम रूपमा अगाडि बढाउन आफ्ना उल्लेखनीय पचास समकालीन राष्ट्रिय स्वरहरू दिएर इतिहासको विकासमा उल्लेखनीय योगदान गरेका छन् भन्ने कुरामा म विश्वस्त छु।

परशु प्रधान

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

प्रकाशकीय

नेपाली वाङ्मयका विभिन्न क्षेत्र र विधाहरूका सृजनशील लेखक श्री भरत जंगम नेपाली भाषा, साहित्य तथा पत्रकारिता क्षेत्रका लागि परिचित व्यक्तित्व हुनुहुन्छ । नेपाली साहित्यको 'कालो सूर्य' जस्तो सशक्त र चर्चित उपन्यासका लेखक श्री जगमको अर्को त्यस्तै ख्यातिप्राप्त पुस्तक 'व्यूहचक्र' पछि अर्को विधाको 'पचास प्रसङ्ग' नामक विचारोत्तेजक पुस्तक प्रकाशन गर्न पाउँदा नेपाली आवाज प्रकाशनले खुशी र गौरवको अनुभव गरेको छ । यसमा साप्ताहिक नेपाली आवाजमा प्रकाशित उहाँका पचास प्रसङ्गहरू संकलित छन् । नेपालको २०४८/९४ सालको समसामयिक घटना, निर्णय, प्रसङ्ग र चर्चाहरू मात्र होइनन्, तीप्रति आफ्नो सकारात्मक, सुझबुझपूर्ण र व्यावहारिक सोचाइ वा दृष्टिकोणहरू पनि यसमा श्री जंगमले राख्नुभएको छ। देशको राजनीतिक, सामाजिक, आर्थिक वातावरण सम्बन्धी आदि सबै महत्वपूर्ण क्षेत्रहरूमा एक जना स्तम्भलेखकका रूपमा श्री जंगम सचेत, सजग हुनुका साथै उहाँले आफ्ना निर्भीक र उद्देश्यमूलक एवंपूर्वाग्रहरहित विचारहरू यसमा प्रस्तुत गर्नु भएको छ। यस संग्रह सबै क्षेत्र र विचारका पाठकहरूका लागि समान रूपमा उपयोगी हुने आशा राख्दै देशको ऐतिहासिक विकासको क्रममा पनि यी प्रसङ्गहरू महत्वपूर्ण दस्तावेज हुने हामी विश्वास राख्दछौं ।

नेपाली आवाज प्रकाशन
काठमाडौं, नेपाल

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

विषय-सूची

		पृष्ठ
१.	लङ्गडो संगठन र कर्मचारी आन्दोलन-	१
२.	मनपरीतन्त्र कि प्रजातन्त्र-	४
३.	कर्मचारी 'राजनीति हतियार' हुन पुगे-	७
४.	सरकारी कर्मचारी मिल मजदूर होइनन्-	१०
५.	शान्ति, सुरक्षा र अञ्चलाधीशको खाँचो-	१३
६.	अख्तियार दुरूपयोग; जिम्मेवारी अधिकारको-	१७
७.	वाम संलग्नता र आन्दोलनको परिणाम-	२१
८.	गोरखापत्र संस्थान: निजीकरण समस्या-	२४
९.	सय दिन र प्रजातन्त्र-	२७
१०.	मनपरी बोल्नु भएन-	३०
११.	दशैं आयो ! खाउँला पिउँला-	३३
१२.	मनपर्दो नियुक्ति र पाँडे पंजनी-	३६
१३.	वातावरण ! हाम्रा शहरहरू र सरकार-	३९
१४.	दर्पण सत्तारूढको लागि: यथार्थ जनताको लागि-	४२
१५.	न्यायिक व्यवस्था: न्यायमूर्तिको छनौट-	४५
१६.	वकिली व्यवस्था सबैको लागि न्याय !-	४८
१७.	खुला मंच कि खुला बजार !-	५१
१८.	पाँच करोडमा प्रजातन्त्र बेच्ने-	५४
१९.	बैज्ञानिक ठगी: भाग्यशाली कुपन-	५७
२०.	अप्रजातान्त्रिक प्रक्र्या वा प्रजातन्त्र-	६०
२१.	चारखालमा चौका क्षाउ-	६३
२२.	निजी हवाई सेवा र राष्ट्रिय सुरक्षा-	६७
२३.	एक मन्त्रालय: मन्त्री चार-	७१
२४.	सम्पत्ति विवरणको थालनी र वर्तमान मन्त्रीहरू-	७५
२५.	पदाधिकारी र झण्डाको प्रयोग-	७८

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२६. अध्यक्षको मनोनयन: प्रजातन्त्र खतरामा- ८२
२७. कर्मचारीको विभाजन: स्वच्छ प्रशासन ?- ८६
२८. छिमेकी व्यवहार र भारतीय बाँध- ८९
२९. पत्रिका संचालक र पत्रकार संघ- ९३
३०. सार्वजनिक सम्पत्ति: राष्ट्रिय दायित्व- ९७
३१. सरकार, नगरपालिका र फोहरमैला- १००
३२. मौलिक सहकारी कार्यक्रम र गुठी बन्दोवस्त- १०३
३३. योग्य शासक र नेपाल बन्द- १०६
३४. थाल ठटाउँदैमा अधिनायकत्व पाइँदैन- १०९
३५. शिक्षकहरूले राजनीति गर्न नपाउने- ११२
३६. सरकारी असक्षमताको परिणाम: नेपाल बन्द- ११५
३७. प्रशासन यन्त्र र कर्मचारीको तलव- ११८
३८. स्थानीय विकास तथा निर्वाचन प्रक्रया- १२१
३९. कर्मक्षेत्र हो कि राजनीतिक तनाव- १२४
४०. विज्ञापन: सरकारी नीति- १२७
४१. जि. वि. स. ले राजनीति गर्ने कि विकासतिर लाग्ने ?- १३०
४२. फैलिएको प्रदूषण र राजनीतिज्ञको दायित्व- १३३
४३. लायनवाद मानववाद हो- १३६
४४. कुभावना परित्याग गरी - १३९
४५. खुला मञ्चको वारेस को हो- १४२
४६. अवैध वन फँडानी र प्रकाशित समाचार- १४५
४७. माध्यम निजीकरणलाई विचार गर्दा- १४८
४८. सभ्यता र काठमाडौं नगरी- १५१
४९. किन गर्ने रा. स. स. लाई निजीकरण- १५४
५०. मल्लिकलाई नै किन कार्वाही नगर्ने- १५७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१

लड्‌गडो संगठन र कर्मचारी आन्दोलन

मुलुकमा प्रजातन्त्रको स्थापना भएपछि वर्तमान प्रजातान्त्रिक सरकारले आफ्नै कर्मचारीप्रति जुन व्यवहार गर्न थालेको छ, त्यो पूर्ण अप्रजातान्त्रिक देखिन आएको छ। कर्मचारी सङ्गठनले आफ्नो हक हितको रक्षार्थ विभिन्न माग राखी श्रावण १ गतेदेखि आन्दोलन गर्ने सूचना समयमै दिएको जानकारी प्राप्त भइसकेपछि सरकारमा बस्ने नेताहरूले वा पार्टीका नेताहरूले कर्मचारीसँग वार्ता शुरू गरी समस्याको समाधान चाँडोभन्दा चाँडो खोज्नुपर्नेमा असार २५ गते सरकारले कर्मचारीको आन्दोलन दबाउने निर्देशन दियो, जसको फलस्वरूप २६ गतेदेखि कर्मचारीहरू काम बन्द गरी कालो पट्टीको प्रयोग गर्न थाले र त्यसै दिन आन्दोलनले नयाँ मोड लियो। सरकारले गृह मन्त्रालयमा प्रहरी प्रवेश गराई धम्कीपूर्वक कालो पट्टी खुलाउने कार्य पनि गऱ्यो तर सफल भएन। चारखाल अड्डा र अन्य कार्यालय गरी करीब २०० जवान कर्मचारीलाई प्रहरी हिरासतमा लिएपछि सरकारले बल प्रयोगद्वारा आन्दोलन दबाउने निश्चय गऱ्यो – जो अत्यन्तै गलत निर्णय हो।

कर्मचारी भनेको सरकारको अंग हो। शरीरको एक अङ्ग कमजोर हुंदा पूर्ण शरीरलाई प्रभाव पार्छ। त्यसैले सरकार भित्रका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कुनै अङ्ग कमजोड भएमा त्यसको यथोचित उपचार गरिहाल्नु पर्छ। भएन भने भित्रभित्रै तनाव वढ्न गई समस्याले विकराल रूप लिन सक्छ – पछि समाधानको बाटो नै पाईंदैन । त्यसैले आफू सवल सक्षम कसरी हुन सकिन्छ भनेर सरकारले मात्र होइन सबैले निरन्तर सोचिं रहनु पर्छ। आजको एक टाँकाले भोलिको नौ टाँकाको नोक्सान बचाउँछ ।

हुन त कर्मचारीहरूको समस्या आजको होइन। जब देशमा बहुदलीय व्यवस्था शुरू भयो, २०४६ चैत्र २६ मा,त्यसै समयदेखि कर्मचारीहरूले पनि आफ्नो हक हितको रक्षार्थं सङ्गठित हुन पाउनु पर्छ भनेर आवाज घन्काउन थालेका हुन् । त्यस समयमा कर्मचारी सङ्गठन दिने कि नदिने भन्ने बारेमा देशका बुद्धिजीवी, पत्रकार र पार्टीका नेताहरू लगायत सबै चुप रहे। वरू एक्लै भए पनि यही स्तम्भकारले कर्मचारी संगठन अवैज्ञानिक हो , अव्यावहारिक हो र अवैध हो जसवाट सरकार अत्यन्त कमजोड हुन्छ त्यसैले संगठनको स्वतन्त्रता दिनु हुँदैन भनेर किटानसाथ भनेको थियो! बोलेको थियो! र लेखेको पनि थियो ! कहींबाट सुनवाइ भएन।

अन्तरिम मन्त्रिपरिषदका अदूरदर्शी एवं असक्षम मन्त्री महोदयहरूले पञ्चायतकालीन ऐन, २०१८ अन्तर्गत कर्मचारी संगठित हुन सक्ने वैधता प्रदान गरेर चुनिएर आउने सरकारलाई महा- रोग बोकाएरै छोडे ।

अन्तरिम मन्त्रिपरिषद्का सदस्यहरूले गरेको गैर जिम्मेवारीपूर्ण कार्यको कारणले नै यो कर्मचारी समस्या चर्कंदै गएको हो।संस्थानहरूलाई आपनो रकमले ग्याएसम्म तलब खाए हुन्छ भनेर अर्थमन्त्रीले निर्देशन नदिएको भए सरकारी स्थायी नायदसुव्बाको भन्दा संस्थानको पियनको तलब बढी हुने थिएन । काम अनुसारको माम सबैले पाउनु पर्छ। कसैलाई वढी वा कसैलाई घटी हुनहुँदैन,यही हो कर्मचारी समस्या !

अर्कोतर्फ वजार र तलबको अनुपात मिल्छ मिल्दैन ? यो पनि सबैले देख्ने र बुझ्ने कुरा हो। 'दिन दुनी रात चौगुनी'को वेगमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बढ्को बजार भाउको अनुपातमा सरकारी स्तरको अधिकृतको तलबले निश्चय पनि घर चल्न सक्ने अवस्था छैन – जो सबैले बुझेकै कुरा हो ।

राज्य व्यवस्था सञ्चालन गर्नु पर्ने व्यक्तिले सबैलाई सन्तुष्ट पार्न सक्दैन । तर सबैलाई असन्तुष्ट राखेर पनि सत्तामा लामो अवधिसम्म टिक्न सकिँदैन । त्यसैले यसैको मध्यमार्गबाट आफूलाई अगाडि बढाउँदै लानु पर्छ ।

कर्मचारी केही होइनन्, यिनीहरूलाई पेलेर नै ठीक पार्नु पर्छ भन्ने नीति सरकारले लिन हुँदैन । कर्मचारीको असहयोगमा सरकार अपाङ्ग बन्छ – यो पनि सरकारमा बस्ने नेताहरूले बुझ्नु पर्छ । कर्मचारीले आन्दोलन आफ्नो हक–हितका लागि गरेका हुन्–जो हरेक नागरिकले गर्न पाउनु पर्छ ।

यसो भनेर कर्मचारीलाई उक्साउन खोजेको होइन । केवल सरकार सञ्चालन गर्न जिम्मा लिएकाहरूलाई सतर्क गराउन खोजिएको मात्र हो . ता कि अन्तरिम सरकारले जस्तो भूल नगरोस् । प्रशंगवश भनौं – अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसादजी द्विविधापूर्ण मनः स्थिति बोक्नु हुने व्यक्तित्व हुनुहुन्थ्यो । आफ्नो कार्यकालमा कुनै पनि कुराको ठोस निर्णय दिन सक्नु भएन, जसको उपज हो – लङ्गडो कर्मचारी सङ्गठनको स्वीकृति ।

राष्ट्रसेवकले राजनीतिमा मुछिनु हुँदैन तर खुल्ला राजनीतिक वातावरण भएको हुँदा सरकारलाई कमजोर साबित गर्न विपक्षी दलले यसलाई राजनीतिक रङ्ग दिँदैनन् भन्न सकिन्न । देश सबैको हो । समस्या साझा छ । सबैले मिलेर स्थितिलाई नियन्त्रण गर्न खोजे नहुने कुरै छैन । त्यसैले अन्तरिम सरकारले गरेको भूललाई सबैले बिर्सिएर आफ्नो जिम्मेवारी र आफू उभिएको धरातललाई सम्झी एक पटक सबैले 'होस्टेमा हैंसे गरौं'– यही मेरो निवेदन छ ।

साप्ताहिक नेपाली आवाज २०४८।४।२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२

मनपरीतन्त्र कि प्रजातन्त्र ?

मुलुकमा वहुदलीय व्यवस्थाद्वारा निर्वाचन सम्पन्न भई संसद गठन भयो । यसै संसदका सदस्यहरूमध्येबाट राज्य व्यवस्था सञ्चालन गर्न सरकार गठन गर्ने प्रक्रया अनुरूप सरकार गठन गर्ने कार्य पनि सम्पन्न भयो । हाम्रो देशमा हाल चलेको व्यवस्था विश्वमा चलेको प्रजातान्त्रिक व्यवस्थाहरूमा सबैभन्दा वैज्ञानिक र सफल प्रजातान्त्रिक व्यवस्था हो । तर नेपालमा भने एक पटक यो व्यवस्था असफल भएको हामी सबैले देखेका, बुझेका र भोगेका छौं ।

धेरैको त्याग, बलिदान र निरन्तर प्रयत्नको फलस्वरूप यो २०४८ सालमा आएर पुनः संसद खडा भयो। यो स्थापित प्रजातन्त्रलाई जसरी पनि बचाउनु प्रत्येक प्रजातन्त्रवादीको कर्तव्य हुन आएको छ भने अझ बढी जिम्मेवारी ती चुनिएर आएका सांसदहरूको काँधमा छ । प्रजातन्त्रलाई फलाउने-फुलाउने वा ओइलिन बाध्य गराउने ? त्यसैले हामी सबैको दृष्टि त्यसतर्फ जान स्वाभाविक हो ।

संसद सभा सुरू भएकै दिनमा केही संसदले 'ईश्वरको नाममा शपथ लिन्नौं" भनेर एउटा मूर्ख विद्यार्थीले गुरूसँग अटेर गरेजस्तो गरी आफूलाई पेश गरे । जुन कुरा मतदाताले कल्पनासम्म गरेका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थिएनन् कि यसरी उनीहरूका सहभागिता सदनमा हराउछ भनेर। सांसद र मतदाताको बीचमा विश्वासको सङ्कट आउन दिनु हुँदैन। जनताले आफ्नै भाग्य निर्माण गर्न दिएको अधिकारलाई जिम्मेवारीपूर्वक सम्हाल्न नसकेका कुनै पनि सांसदले इमान्दारीपूर्वक पद त्याग गर्न सक्नु पर्छ–यही प्रजातन्त्रको विशेषता हो!जो सबैले बुझ्नुपर्छ।

सांसदलाई राष्ट्रभाषाका बारेमा द्विविधा पर्नु राम्रो लक्षण होइन। एक जना लिम्बू सांसदले लिम्बू भाषामा आफ्नो मन्तव्य व्यक्त गरे जो कसैले पनि बुझेनन्। यो त केवल मूक अभिव्यक्ति भयो – जो बोल्नेले आफ्नो अहं पूरा गरे, तर सुन्नेहरूका लागि कान टट्टायो र पट्चार लाग्यो साथै सांसदको बहुमूल्य समय नष्ट भयो। फाइदा कसलाई भयो त ? लिम्बुवानलाई कि संसदलाई ?

यस्तै एकजना सांसदले हिन्दीमा बोल्दै भने – मैले नेपाली भाषा नै जानेको छैन। उनी के सुन्न र वोल्न संसदमा उपस्थित भए त ? अनौठो लाग्छ। हाम्रो देशको कुनै पनि भागमा स्थानीय भाषाको रूपमा हिन्दी वोलिदैन। हाम्रो तराईमा त मैथिली, भोजपुरी र अवधि आदि स्थानीय भाषा वोलिन्छ। तर यो हिन्दी भाषा कहाँवाट आयो ?

केही सांसदहरूले धोती-कुर्तादेखि लिएर कछाडसम्म लगाएर सदनमा उपस्थित भए, अनि केही यूरोपेली सुट–टाईमा उपस्थित थिए। यसले पनि मलाई अत्यन्तै असजिलो तुल्यायो। प्रजातन्त्रको अर्थ मन परेको कुरा गर्न पाउनु होइन। मनपरीतन्त्र चल्दा प्रजातन्त्र मासिन्छ। एकथरी समूह यो मनपरीतन्त्र चल्न दिन चाहन्छ ता कि यो व्यवस्था जनमानसमा विस्तारै बदनाम हुंदै जावस्। त्यसैले प्रजातन्त्र वचाउने हो भने मनपरीतन्त्रको अन्त हुनुपर्छ।

एउटा सानो खेल खेल्दा पनि खेलाडीहरूले खेलको नियम पालन गर्नुपर्छ, जस्तै तोकिएको वेषभषामा खेल मैदानमा उपस्थित हुनु पर्छ र खेल समाप्त नभएसम्म खेलको नियमको अधिनमा अनुशासित हुनुपर्छ। अनुशासन बिना कहीं केही पनि चल्न सक्दैन र चलेको पनि छैन। बहुदलको अर्थ वहुलाहरूको समूह हो भनेर सावित भइन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

हुँदैन यो त सभ्य, सुसंस्कृत र इमान्दार समाजसेवीहरूको समूह हो,ज देश र देशवासीको भलाइका लागि चिन्तित छ! कार्यरत छ! भनेर आम जनताको विश्वास जित्न सक्नु पर्दछ ।

कुनै पनि देश वा समाजको सभ्यता र विकासको स्तर पोशाकले निर्धारण गरेको हुन्छ। जसरी यूरोपेली पोशाकले सभ्यताको प्रदर्शन गरिरहेको छ। त्यस्तै साम्यवादी मुलुक चीनले युनिफर्मको बारेमा लिएको महत्वपूर्ण नीतिका बारेमा मैले भनिरहनु पर्दैन । अरू त कुरा छोडौं, धेरै मुलुकहरूमा यस्तो नियमको पनि पालन गरिएको छ - खाना खाने रेष्टुँरामा पस्नलाई पनि तोकिएको पोशाक लगाएर मात्र पस्न र खान पाइन्छ - पैसा मात्र भएर हुँदैन। पोशाक, सभ्यता र विकासको आफ्नै सम्बन्ध छ । थारूहटका लँगौटी मात्र लगाउने थारूले चुनेको भन्दैमा सांसदले पनि लँगौटी मात्र लगाएर नाङ्गो शरीर लिएर संसदमा खाली खुट्टा हिंडेर आउनु पर्छ भन्ने कुरा होइन, बरू सांसदले आफ्ना मतदातालाई कति चाँडो जुत्ता, टोपी र कपडाद्वारा सजाई आफू जस्तै बनाउन सकिन्छ भन्ने चिन्ता गर्नु पर्‍यो।

हाम्रो राष्ट्रभाषा नेपाली हो। यो भाषा सबैले बुझ्न र बोल्न सक्छन् । यो ठोकुवा गरी भन्न सकिन्छ कि दुवै सदनका सांसदहरूले नेपाली भाषा राम्ररी बुझ्न र बोल्न सक्छन्। तर किन यिनीहरूले बुझ पचाएर भाषाको प्रश्न उठाए ? यो गम्भीर प्रश्न सबैको मनमस्तिष्कमा घुमिरहेको छ। साथै राष्ट्रिय पोशाक दौरा, सुरूवाल,कोट, टोपी पनि सबैले लगाएको र लगाउँदै आएको पोशाक हो । किन यसलाई उपेक्षा गरिएको हो ? बुझ्न सकिएन। सद्भावना पार्टीका नेता गजेन्द्रनारायणले महापञ्च हुँदा बोलेको बोली र लगाएको पोशाक दिल्लीमै छाडेर आए कि क्या हो ? होइन भने बोलेको बोली बोलिनु पर्‍यो, खोलेको लुगा लगाउनु पर्‍यो ! संसद नियम बन्नु पर्‍यो ! नेपाली मात्र एक भएर देखाउनु पर्‍यो- यही मेरो आग्रह हो ।

साप्ताहिक नपाली आवाज २०४८।४।१०

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३

कर्मचारी 'राजनीतिक हतियार' हुन पुगे

मुलुकमा निर्वाचित सरकार स्थापना भएको एक महिना नबित्दै निजामती कर्मचारी संगठनले – निश्चित समयावधिमा माग पूरा नभए यस किसिमबाट विरोध सुरू गर्छौं – भनी सरकारलाई सूचित ग-यो । यसलाई नवनिर्वाचित सरकारले हलुको ढंगबाट स्वीकार गऱ्यो जसको फलस्वरुप यो बिस्तारै राजनैतिक रंगमा रंगिदै जान थाल्यो । कर्मचारी, विद्यार्थी, वाम–कार्यकर्ता हुँदै यो प्रभाव वाम नेताहरुसम्म पुगे पछि मौकाको फाईदा उठाउन यसलाई प्रमुख राष्ट्रिय समस्याको रुपमा प्रस्तुत गर्न थालियो र यसलाई सविस्तार देशव्यापी रूपमा फैलाइयो। प्रजातान्त्रिक व्यवस्थामा कार्यपालिकाभित्र मन्त्रिपरिषद्का सदस्य आउने जाने गरिरहेका हुन्छन् तर कर्मचारी संगठनमा कुनै हेरफेर, फेरबदल वा परिवर्तन हुँदैन । त्यसैले राज्यले निश्चित गरेको ऐन नियमको अधिनमा कर्मचारी संगठन सुव्यवस्थित र सुरक्षित रहन्छन् – जसरी हाम्रो देशमा कर्मचारी संगठनलाई निजामती सेवा नियमावलीले पूर्ण सुरक्षा प्रदान गरेको छ । एक पटक सरकारको मुख्य अंग कार्यपालिकालाई मानव शरीरसँग दाजेर हेरौं । मानव शरीरको टाउकोमा रहने मस्तिष्क मन्त्रिपरिषद् हो भने मन दलीय सिद्धान्त हो । मन र मस्तिष्कले निश्चित गरेपछि मात्र शरीरका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अंग प्रत्यंगहरूले आफ्नो प्रभाव पार्न थाल्छन् – यो प्राकृतिक नियमको विरुद्ध शरीरको कुनै अंग संगठित भएर शरीर, मन र मस्तिष्कलाई प्रतिक्रया जनाउँन थाल्छ भने अपांग सावित हुन्छ र स्वच्छ शरीरको लागि अनुपयोगी सावित भएर अलग हुन सक्ने यो प्राकृतिक नियम सबैले बुझ्केै कुरा हो ।

अन्तरिम सरकारको समयमा कर्मचारी संगठनको विषयमा प्रश्न उठ्दा सरकारले यस विषयमा गहिरिएर बुझ्न सकेन । अन्ततः राजपत्रअनंवित कर्मचारीलाई संगठन खोल्न पाउने छुट दिएर आफ्नै खुट्टामा बञ्चरो हान्यो र यसरी अन्तरिम सरकारले गलत निर्णय गरेर निर्वाचित सरकारलाई महारोगग्रस्त अपाङ्ग प्रशासनिक संगठन सुम्पेर गयो ।

सरकार र कर्मचारी बीचको विवाद आपसी छलफलद्वारा टुंगो लगाउनु पर्नेमा यो विवाद, विवाद मात्र नभएर राजनैतिक समस्याको रूपमा खडा हुन पुगेको हुँदा चाँडै टुंगो लाग्ने स्थिति देखिदैन । यो समस्या कर्मचारीबाट छुटेर राजनैतिक नेताहरूको हतियार बन्न पुगेको स्पष्ट देखिन थालेको छ । प्रतिपक्षी नेता मनमोहन अधिकारीले वसन्तपुरको सार्वजनिक मञ्चवाट कुर्लेर "हामी सम्हाल्छौं" भन्दैमा यो सम्हालिने स्थिति पनि देखिदैन । विरोधको लागि विरोध गर्न सजिलो छ । सत्ता छोडिदेऊ हामी सम्हाल्छौं – भन्न पनि सजिलो छ। तर सत्तामा गएपछि आज विरोध गर्ने नेताहरूलाई पनि उही रोगले सताउँछ, जुन रोगले आज नेपाली काँग्रेमको सरकारलाई सताइरहेको छ । अब कर्मचारीको समस्याका बारेमा कर्मचारीलाईभन्दा वामपन्थी नेता तथा कार्यकर्ताहरूको टाउको दुखाई हुन थालेको छ । वाम सांसदहरू समस्यालाई सडकमा उतारेर प्रदर्शन गर्दैछन् । यतिखेर यी नेताहरुले मजदूर किसान पनि यो देशमा छन् भन्ने कुरा भुले जस्तो लाग्छ, यी विरोधका लागि मात्र विरोध गर्न सडकमा उत्रेका वाम नेता तथा कार्यकर्ताहरूलाई के जनताले साथ देलान् ?

विरोधका लागि मात्र विरोध भईदिदा प्रजातन्त्र कमजोर हुन्छ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

निर्वाचित व्यक्ति वा दललाई आदर र विश्वासका साथ हेर्ने बानी बसाल्नुपर्छ । जसलाई जुन कामको जिम्मा दिइन्छ त्यसको नतिजा हेर्ने धैर्य पनि प्रत्येक व्यक्तिमा हुनुपर्छ । प्रजातन्त्र ऐन नियमको इमान्दारीसाथ पालन गरे मात्र बाँच्छ । अनुशासन र विश्वास विना प्रजातन्त्र फस्टाउन सक्दैन । प्रजातन्त्रको लागि सृजनात्मक आन्दोलनको खाँचो हुन्छ न कि ध्वंसात्मक विरोध प्रदर्शनको । यो सत्य सबै निर्वाचित सदस्यले बुझेको हुनुपर्छ । सांसदले बोल्ने, विवाद गर्ने थलो मर्यादित संसद हो, सडक होइन तर हाम्रा महा निर्वाचनबाट माननीय हुन पुग्नुभएका सांसदले आफ्नो मर्यादा र दायित्वलाई बिर्सन खोज्नुभएको जस्तो लाग्छ ।

जनसंख्याको आधारमा कर्मचारीलाई विचार गर्दा देशमा निजामती कर्मचारी ०·६६ प्रतिशत मात्र छन् भने राजपत्रअनङ्कित कर्मचारी करिब ०·४१ प्रतिशत मात्र छन् । त्यसमध्ये केही मात्र सङ्घ तथा सङ्गठनमा संलग्न छन् । आन्दोलन सबैले गरेका होइनन्, संगठनमा संलग्न कर्मचारीहरूले मात्र गरेका हुन् । समस्या ठूलो नभएर पनि ठूलो बनाइएको हो । यसरी सत्तापक्षलाई अलमल्याउन र असक्षम सावित गर्न गरिएको राजनैतिक षडयन्त्रको भण्डाफोर भएको छ ।

साप्ताहिक नेपाली आवाज २०४८।४।१७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४

सरकारी कर्मचारी मिल मजदूर होइनन्

"हत्यारा गृहमन्त्रीलाई फाँसी दे ! गिरिजा सरकार राजीनाम गर ! " – यो नारा गत हप्ता राजधानीको मुटु मानिने नयाँ सडकदेखि भोटाहिटीसम्म गुन्जेको थियो । यो नारा सुन्ने बित्तिकै म झस्केको थिएँ । यो नारा कुनै विद्यार्थी समूह वा राजनीतिक दल वा आक्रोशित जनताले लगाएको नभई श्री ५ को सरकारका कर्मचारीहरूले लगाएका हुन् । किन यस्तो नारा ती कर्मचारीले लगाए ? यो अत्यन्त सार्वजनिक महत्वको प्रश्न हुन आएको छ ।

राजधानीमा आजकल साँझ ५ बजेपछि सरकारको विरूद्ध सरकारी कर्मचारीहरूले विरोध प्रदर्शन गर्ने गरेका छन् र रत्नपार्कस्थित पुरानो अंचलाधीश कार्यालयमा जम्मा भई सरकारको विरूद्ध भाषण गर्दछन् । यो क्रम धेरै दिनदेखि निरन्तर चलिरहेको छ । शायद कर्मचारीले सोचेका होलान्– हामी १० बजेदेखि ५ बजेसम्म मात्र सरकारका नोकर हौं, अरू समय हामी जे पनि गर्न सक्छौं, जसो पनि बोल्न र भन्न सक्छौं । तर यो गलत धारणा हो ।

असार १६ गतेदेखि नै कालो पट्टी बाँध्ने र कलम बन्द गर्ने काम राजधानीको सरकारी कार्यालयहरूमा कर्मचारीलाई गर्न बाध्य

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

तुल्याइयो । काम नगरेर गफ चुटेर बसेको एक वर्ष भइसकेको अवस्थामा केही काम चोर कर्मचारीलाई झन् खुँदो पल्टियो, सहुलियत पाइनेमा को पछि हट्ने ! तल्लो तहको कर्मचारीको तलब बढेमा माथिका हाकिमहरूको पनि स्वतः बढ्ने यस्तो मौकामा माथिको सहानुभूति तलकालाई रहनु पनि कुनै अस्वाभाविक थिएन । त्यसैले सरकारी सङ्गठनमा मन्त्रिपरिषद्का सदस्य बाहेक प्रायः सबै ठूलादेखि साना कर्मचारीहरू सरकारको विरुद्धमा एकै पटक उत्रिएको देखियो । अत्यावश्यक सेवाका कार्यालयहरू बन्द भए । कति हानी? कति नोक्सानी ? यसको लेखाजोखा नै भएन । अझ सुचारू रूपले कार्यालय चल्न कति समय लाग्ने हो ? – यो प्रश्नको जवाफ कसैसँग छैन ।

मुलुकमा बहुदलीय राजनीतिक व्यवस्था प्राप्त भइसकेपछि सबै वर्ग र सबै निकाय संयमित भई देश विकासमा एक जुट हुनुपर्ने थियो । प्राप्त प्रजातन्त्र हनन हुन सक्छ त्यसैले यसलाई जोगाउनुछ भनेर सबै एक जुट भई आफ्नो योग्यताको प्रदर्शन गर्नुपर्ने थियो । यो नभएर आ–आफ्नो स्वार्थमा खेल खेलिन थालिनु र राष्ट्रिय स्वार्थ र हितलाई पन्छाई आफ्नो वर्ग र दलको मात्र स्वार्थ सर्वोपरि राख्न थाल्नु हाम्रो भविष्यको लागि शुभ लक्षण होइन ।

कर्मचारीले राजनीतिक रङ्गमा नमुछिई सरकार समक्ष आफ्नो जायज माग सरल ढंगबाट प्रस्तुत गरेको भए र सरकारले तुरुन्तै त्यसको 'रेस्पन्स' गरेको भए आज यो अवस्था दुवैका लागि आउने थिएन । अब सरकारी सङ्गठनभित्र नै कांग्रेस र वाम स्पष्ट देखिन थाल्यो । आज जति पनि कर्मचारी सङ्गठनको माध्यमद्वारा विरोध भइरहेछ त्यसमा वाम विचारले प्रेरित कर्मचारीहरूको संलग्नता देखिन्छ – जो स्वच्छ सरकारी सङ्गठनको लागि घात सिद्ध हुन्छ ।

यो कुनै पनि मुलुकमा राज्य संचालन गर्ने सरकारलाई यस्तो राष्ट्रसेवकको समूह चाहिन्छ जो कुनै पनि राजनैतिक वा निहित स्वार्थबाट अलग रहेको होस् साथै इमान्दार एवं कर्तव्यनिष्ठ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

होस् । राष्ट्रसेवक स्वार्थी भएमा भ्रष्टाचार बढ्छ । जिम्मेवारीलाई बेवास्ता गरेमा अख्तियारको दुरूपयोग हुन्छ । राजनीतिमा संलग्न भएमा अस्तित्व मेटिन्छ । त्यसैले स्वच्छ कर्मचारीतन्त्र विकसित नभएसम्म प्रजातन्त्र फष्टाउन सक्दैन ।

पञ्चायतकालमा आफ्ना मान्छे भर्ना गर्न खोलिएका कार्यालयहरूका कर्मचारी र सरकारी कार्यालय जहाँ कामभन्दा बढी कर्मचारी छन् त्यस्ता कर्मचारीको मस्तिष्कको उपज हो यो समस्या। कर्मचारीलाई मर्का परेकै छैन भन्न खोजिएको होइन तर त्यति मर्का परेको छैन जति सङ्गठनले प्रदर्शन गरेर प्रमाणित गर्न खोजिरहेको छ ।

गृहमन्त्रीलाई फाँसी दे – भनेर नारा लगाउनुको कारण खोटाङको गोलीकाण्डलाई लिएर हो । प्रहरीको गोलीबाट कर्मचारीको मृत्यु भयो भनेर राजधानीका कर्मचारीले कहाँबाट सुने ? त्यस्तो कुनै आधिकारिक पुष्टि नगरी एकै पटक कर्मचारीको जमात सडकमा उत्रियो र सबैको होश गुम भयो। तथ्य अर्कै थियो। तर राजधानीका कर्मचारीलाई जसरी पनि विरोध प्रदर्शन गर्नु थियो, गरे। त्यतिमात्र होइन "सहीद कर्मचारी अमर रहुन्" भन्ने नारा पनि लाग्यो। यसरी विरोधका लागि मात्र विरोध गरिँदा कर्मचारीहरूको वास्तविक मर्का छोपिन जान्छ। मर्कालाई केलाउनेभन्दा पन्छाउने प्रवृत्ति विकसित हुन्छ । प्रजातन्त्रका र मानवाधिकारको दुहाई दिँदै यसरी राष्ट्रसेवक सरकार विरुद्ध सडकमा उत्रदा सरकारी सङ्गठन तहसनहस हुन्छ । कर्मचारी र मन्त्रिपरिषद्को सम्बन्ध मजदूर र मिल मालिक अथवा किसान र जमिन्दारको जस्तो होइन । त्यसैले के बुझ्नुपर्‍यो भने सरकार भन्नाले मन्त्रिपरिषद्का सदस्य समेत सम्पूर्ण सरकारी कर्मचारीको समूहलाई बुझाउँछ। अब कसका लागि विरोध त?

साप्ताहिक नेपाली आवाज २०४८।४।२४

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

५

शान्ति–सुरक्षा र अंचलाधीशको खाँचो

कुनै पनि प्रजातान्त्रिक सरकारको मूल दायित्व मुलुकभा शान्ति सुरक्षा कायम गर्नु हो । त्यसपछि मात्र सेवा र राष्ट्रिय विकासको पालो आउँछ । देशमा शान्ति सुरक्षा कायम गर्न नसक्दा अराजकता फैलिन्छ र अराजकताले सरकार परिवर्तन गर्छ । प्रत्येक सरकार परिवर्तनमा मुलुकको ठूलो धनराशि क्षति हुन्छ ; यस्तो हुँदा के हुन्छ , त्यो सबैलाई थाहा छ ।

देशमा बहुदलीय व्यवस्थाको बहाली २०४६ चैत्रमा भए-पछि नेपाली कांग्रेस र वामपन्थी मिलीजुली अन्तरीम सरकारको गठन भयो । पार्टी नेता, कार्यकर्ता र जनता सबैको ध्यान आउनें चुनावमा गएको हुँदा जसोतसो सरकार चल्यो तर कामबन्द रूपमा नै वर्ष बित्यो । चुनावमा ३१ वर्षपछि नेपाली कांग्रेसको सरकार पुनः बहाली भयो । जुन दिनदेखि नेपाली कांग्रेस सत्तामा आयो त्यसै दिनदेखि सबै क्षेत्रबाट असहयोगको भावना विकसित हुन थाल्यो । कर्मचारीहरूले अनेक माग राखी आन्दोलनमा उत्रने सूचना गरे, बज़ारका व्यापारीहरूले मौकाको फाइदा उठाउन कृत्रिम अभाव देखाई मूल्य वृद्धि गर्न थाले, सरकारी संस्थानहरू अन्तराष्ट्रिय स्थितिको हवाला दिंदै सरकारलाई मूल्य वृद्धि गर्न बाध्य गराउन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थाले । यतिमात्र होइन प्रजातन्त्रको नाउँमा अधिराज्यभरी मनपरी-तन्त्र शुरू भयो ।

सरकारले यो स्थिति नियन्त्रण गर्न सकेको छैन । दिन प्रति-दिन शान्ति सुरक्षाको मामलामा सरकार कमजोर हुँदै गइरहेछ । यसरी सरकार कमजोर हुँदै गयो भने प्रजातन्त्र खतरामा पर्छ ।

अन्तरीम मन्त्रिपरिषद्ले अंचलाधीशलाई 'वापवैरी' सम्झ्यो र सत्तामा आउने बित्तिकै सर्वप्रथम अञ्चलाधीश कार्यालयको विघटन गर्‍यो । पञ्चायतीकालमा शान्ति सुरक्षाको मूल दायित्व बोकेर बसेका अञ्चलाधीशहरू अञ्चल-अञ्चलमा यसै स्थापित भएका थिएनन् । धेरै प्रयोगपछि मात्र यसलाई मजबुत गराइएको थियो – जो बुझ्नेले मात्र बुझ्न सकेका छन् । बहुदलीय सरकारले यो बिर्सियो कि अञ्चलाधीशको नियुक्ति पनि आफ्नै सरकारद्वारा हुन सक्छ र तिनीहरू सरकारप्रति उत्तरदायी हुँदै व्यवस्था अनुकूल राज्यको शासन व्यवस्थामा शान्ति सुरक्षा कायम गर्न समर्थ हुन्छन् । यस्तो साधारण नीति पनि बुझ्न नसकी अदूरदर्शीपूर्ण निर्णय भइदिदा सत्तामा गएका व्यक्ति वा दलमाथि जनताको विश्वास बिस्तारै घट्न सक्छ ।

पञ्चायतकालका सबै नराम्रा थिएनन्, राम्रा पनि थिए! जुन राम्रो छ, त्यसलाई नहिचकिचाईकन स्वीकार्नुपर्छ । त्यत्तिखेर पञ्चायती व्यवस्था थियो, सबै पदाधिकारी र निकायहरू पञ्चायतकै वकालत गर्थे, सबै त्यसप्रति वफादार थिए । त्यसो भनेर सबैलाई हटाउन, विघटन गर्न वा परिवर्तन गर्न हुन्न र सकिन्न पनि । यही सत्यलाई बिर्सेर अंचलाधीशलाई 'पञ्चायतको भूत' सम्झी अन्तरीम सरकारले खारेज गर्दा नवनिर्वाचित सरकारलाई अप्ठ्यारो परिरहेको छ ।

हाम्रो देशको भौगोलिक अवस्था, यातायात र संचारको सुविधा, जातिपाती र सामाजिक संगठनको आधार, शिक्षित र अशिक्षित व्यक्तिहरूको मनस्थितिमा फरक एवं दलीय सिद्धान्तको आधारमा नेता तथा कार्यकर्ताहरूले गर्ने राजनीतिक कसरत अथवा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अभ्यास समेतलाई दृष्टिगत गर्दा जिल्ला- जिल्लाका प्रमुख जिल्ला अधिकारीले मात्र शान्ति सुरक्षा कायम राख्न सक्दैनन् । हाल स्थितिलाई परिवर्तन नगरी यही जिल्ला प्रशासनद्वारा शान्ति- सुरक्षा कायम गर्न खोजियो भने श्री ५ को सरकार देशमा अमन- चयन कायम गराउने मामलामा कुनै हालतले पनि सफल हुन सक्दैन ।

यसको पूर्व इतिहासलाई विचार गरौं- राणा शासनमा पनि बडाहाकिममाथि बृगेडियर र त्यसमाथि कमाण्डिङ रहने व्यवस्था थियो । जस्तो धनकुटा र पाल्पाले पूर्व र पश्चिमको जिम्मा लिएका थिए । त्यस बखत पनि सत्तालाई विकेन्द्रीकरण गरी राज्य व्यवस्थामा सन्तुलन कायम गर्ने व्यवस्था थियो । २००७ सालपछि यो व्यवस्था हटाइयो । उपत्यकामा मेजिष्ट्रेट र जिल्ला-जिल्लामा क, ख र ग श्रेणी गरी बडाहाकिम नियुक्ति गरियो तर उपत्यकामा शान्ति सुरक्षा कायम नहुँदा 'कमिस्नर पद' को सृजना गर्नुपर्‍यो । उपत्यकामा केही वर्षसम्म शान्त रहे पनि जिल्ला- जिल्लामा दश वर्षसम्म अशान्त नै रह्यो । यसै मर्मलाई बुझेर होला पञ्चायती कालमा शान्ति सुरक्षाको निम्ति विभिन्न नीतिको अख्तियार गर्दै अन्तमा अंचलाधीशलाई सुम्पनुपर्‍यो, जो धेरै हदसम्म सफल देखियो ।

हाल ७५ नै जिल्ला प्रशासनले गृह मन्त्रालयको मुख ताक्नु परिरहेको छ । प्रजातन्त्रमा यसरी शक्ति केन्द्रीकरण हुनु ज्यादै नसुहाउँदो कुरा हो । साथै शान्ति सुरक्षाको मामलामा आज सरकार पूर्ण प्रहरीमा भर परिरहेको छ, -जो प्रजातन्त्रको लागि खतरा साबित हुन सक्छ ।

क्षेत्राधीश क्षेत्रपाल वा आयुक्त नाम जे दिए पनि उही अंचलाधीशले गरिआए झैं आफ्नो क्षत्रभित्र शान्ति सुरक्षा कायम गर्ने, वजार नियन्त्रण गर्ने, राज्य र राज्य व्यवस्थाको ऐन नियम कडाइका साथ पालन गर्ने र गर्न लगाउने हुनुपर्छ ।

ऐन नियमको पालना गरे मात्र प्रजातन्त्र बाँच्न सक्छ भन्ने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सिद्धान्त सबैले बुझेकै कुरा हो । यसको लागि प्रहरी होइन प्रशासनिक निकायलाई क्षेत्र-क्षेत्रमा सक्रिय तुल्याइएमा मात्र संभव छ-जो जनताले भन्दा सत्ता जिम्मा लिएका मन्त्री महोदयले चाँडो बुझ्नुपर्छ । त्यसैले कसैको दुर्गुणलाई छोड्न र गुणलाई ग्रहण गर्न लाज मान्नु हुँदैन ।

साप्ताहिक नेपाली आवाज २०४८।४।३१

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

६

अख्तियार दुरूपयोगः जिम्मेवारी अधिकारको निर्णय !

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यविधि ऐन नबनेको हुँदा त्यस आयोगका आयुक्तहरू र कर्मचारीहरू विना काम दिन बिताइरहेका छन् । दिनभर राजनीतिक गफ चुट्ने अखडा र महिना मरेपछि तलब र २५% थप भत्ताको सुविधाले गर्दा त्यहाँ कुनै हतारो महसूस गरिएको छैन । खाए पाएको तलब भत्ता पच्यो पचेन ? भएको जिम्मेवारी सदुपयोग भइरहेको छ कि दुरूपयोग भइरहेको छ ? त्यो पनि कसैलाई चासो छैन ।

यस्तै पञ्चायतकालमा पनि अख्तियार दुरूपयोग निवारण आयोगको व्यवस्था नभएको होइन तर त्यस बखत ढाँटको निमित्त खाई पत्याउनु भने झैं; भ्रष्टाचार निवारण गर्ने आयोगको रूपमा व्यवस्थित थियो । त्यस आयोगले जिम्मेवारी लिएका व्यक्तिबाट अख्तियारको दुरूपयोग भएको छ भनेर कार्यवाही गरेर देखायो , त्यो केवल देखावा मात्र थियो । तत्कालीन अर्थमन्त्री डा० भेषबहादुर थापादेखि लिएर वन तथा कृषिमन्त्रि हेमबहादुर मल्लसम्म आयोगको कठघरामा उभिन पुगे । निजामती उच्चपदस्थ कर्मचारी

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

देखि लिएर संस्थानका पदाधिकारी र व्यापारी समेत कार्यवाहीमा परेको देखियो तर नतिजा भने शून्य भयो ।

प्रजातान्त्रिक सरकारको अख्तियार दुरूपयोग अनुसन्धान आयोग पनि त्यस्तै हुने हो कि भन्ने त्रास मनमा फस्स पर्‍यो त्यसैले यो चासोको विषय बन्यो । हुन त यो आयोगका बारेमा मलाई त्यतिखेर खट्किएको थियो जतिखेर अन्तरिम मन्त्रिपरिषदका मन्त्रीहरूले भूलपछि भूल गर्दै भविष्यमा आउने सरकारलाई दल-दलमा धकेल्दै थिए । त्यतिखर तिनीहरूले गरेको अदूरदर्शितापूर्ण निर्णय र अख्तियारको दुरूपयोगको नतिजा आज देखिन थालेको छ । राज्य व्यवस्था जिम्मा लिएका मन्त्री हुन् वा उच्च पदका कर्मचारी हुन, तिनले गरेको प्रत्येक निर्णयले राज्य व्यवस्था, जनता र देशमा प्रत्यक्ष असर परेको हुन्छ । त्यसको नतिजा मुलुकले भोग्नु परेको छ । चाहे त्यो व्यक्तिगत आर्थिक लाभ पुर्‍याउने दृष्टिले गरिएको काम कार्यवाही होस् वा पाएको अख्तियारको ठीकसँग प्रयोग नभएको अवस्था होस् । त्यसैले अख्तियारको दुरूपयोग भन्नाले बढी बुद्धि भई निहित स्वार्थ पूर्ति गर्न गरेको निर्णय वा पदीय योग्यताको अभावमा मूर्खतापूर्ण गरेको निर्णय होस् वा अर्काको प्रभाव वा आफ्नो अहंको आधारमा गरिएको निर्णय, जसले राज्य व्यवस्था र जनतालाई तुरून्तै वा कालान्तरमा गई हानी नोक्सानी पुर्‍याउँछ भने यी सबै अख्तियार दुरूपयोग गरेको ठहरिन्छ । केवल वदनियतपूर्वक गरेको निर्णयलाई मात्र अख्तियार दुरूपयोग भन्दा नियत जाँच्ने मापदण्ड के हो ? कुन नियतको हदपछि बदनियत भन्ने ? मान्छेको नियत कहिल्यै पनि नराम्रो हुँदैन तर समय परिस्थितिले गर्दा मान्छेको नियत नराम्रो हुन्छ त्यसैले मुलुकलाई हानी नोक्सानी हुन जाने कुनै पनि काम कार्यवाही अधिकारप्राप्त व्यक्तिबाट हुन्छ भने त्यो अख्तियार दुरूपयोग भएको ठहर्छ ।

अन्तरिम मन्त्रिपरिषदका सदस्य योगप्रसादजी र डा० देवेन्द्रराज पाण्डेजी आजको कर्मचारी समस्याका जिम्मेवार व्यक्तित्व हुनुहुन्छ । यी द्वयमन्त्री महोदयले आफूले पाएको अधिकार ठीकसँग प्रयोग गर्न जानेको भए आजको कर्मचारी समस्या

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आउने नै थिएन । उहाँहरूले सरकारी संस्थानका कर्मचारीहरूलाई संस्थानको आम्दानीको आधारमा तलब तोक्ने गरेको निर्णय र आदेशका आधारमा संस्थानका कर्मचारीको तलब र सुविधा तोकिँदा सरकारी कर्मचारीको तलबभन्दा १५० प्रतिशत बढी तोकिन गयो । यसरी एकै राज्यमा काम गर्ने कर्मचारीमा तलब सुविधामा फरक पर्न गएको हुँदा सबै आन्दोलित भए ।

आफ्नो देशको काल, परिस्थिति र हैसियत हेरेर सरकारी संस्थानहरूको तलबमा एकरूपता आउने गरी तोकिदिएको भए ती जिम्मेवार मन्त्रीहरू अत्यन्तै प्रशंसाका पात्र हुनुको साथै योग्य मन्त्रीको रूपमा राज्यले स्वीकार्थ्यो होला । तर ती द्वयमन्त्री योगप्रसादजी र डा. पाण्डेजी पदीय जिम्मेवारी वहन गर्न नसक्ने असक्षम एवं अख्तियारको सदुपयोग गर्न नसक्ने साबित भएको हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कठघरामा किन नउभ्याउने ?

यद्यपि भू पू. मन्त्रीद्वयलाई म राम्ररी चिन्दछु र उहाँहरूसँग मेरो राम्रो सम्बन्ध छ । तर जहाँ राष्ट्रिय महत्वको प्रश्न खडा हुन्छ त्यहाँ मित्रताभन्दा सत्यताले बढी महत्व राखेको हुन्छ । त्यसैले ती मन्त्री महोदयहरूलाई आयोगको कठघरामा उभ्याउन सक्ने कार्यविधि ऐनको तर्जुमा हुन सक्छ कि सक्दैन ? यो कानून तथा संसदीय मन्त्री तारानाथ रानाभाटको जिम्मेवारीको कुरा हो । पञ्चायतको आयोगको जस्तोमात्र कार्यविधि ऐन तर्जुमा हुने हो भने देखावा र कानूनको पूर्तिमात्र हुन जाने हो भने बेकार छ । ऐन यस्तो तर्जुमा हुनु पर्‍यो जसले गर्दा आयोग शक्तिसम्पन्न होस् र अख्तियारको जानेर वा नजानेर पनि दुरूपयोग भएको छ भने प्रकृति हेरी दण्डसँजायको सहभागी ती अधिकारप्राप्त व्यक्ति हुन पुग्नुपर्छ । यसो भएमा मात्र अधिकारसम्पन्न व्यक्तिमा सतर्कता आउँछ । यसले गर्दा जो योग्य छ– त्यसले आफ्नो योग्यता अनुसारको कार्य निरन्तर गर्दै जान्छ, जो इमान्दार छ – त्यसले आफ्नो इमान्दारी सधैं जाहेर गर्न पाउँछ ।

भ्रष्टाचार भन्नाले व्यक्तिगत आर्थिक लाभ पुऱ्याउने मात्र

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

होइन, व्यक्तिको भ्रष्ट आचार (कामकार्यवाही, जसले राज्यसत्ता-लाई नोक्सान पुऱ्याउँछ- लाई पनि मान्नु पर्छ। त्यसैले स्वच्छ प्रजातान्त्रिक वातावरण सृजना गर्न अधिकारसम्पन्न व्यक्ति अत्यन्तै योग्य (दायित्वबोध भएको) इमान्दार र दूरदर्शी हुनु जरूरी छ। यो स्थितिको सिर्जना आयोगलाई शक्तिसम्पन्न बनाएमा मात्र सम्भव छ। त्यसैले पञ्चायतकालको जस्तो कार्यविधि ऐन बनेको खण्डमा राज्यसत्ता र जनता दुवै धोकामा पर्छन्। यसरी पुनः प्रयोगको रूपमा नदोहोरियोस् भन्ने मेरो आग्रह हो।

साप्ताहिक नेपाली आवाज २०४८।५।७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

७

वाम संलग्नता र आन्दोलनको परिणाम

गत शनिवार रत्नपार्कको छेउमा एक जना मित्रलाई भेटें ।उनी बडो उदासीन र थाकेका देखिन्थे । दुवैले औपचारिकता पूरा गरेपछि दुवै अलि हटेर बाटोको छेउमा उभियौं । उनी निजामती सेवाका कर्मचारी भएको कारणले एकै पटक मैले कर्मचारी समस्या बारेमा प्रश्नहरू उनको अगाडि राखें । किनभने कर्मचारीले अनसन सुरू गरेको त्यस दिन एक्काईसौं दिन थियो । निराश अनुहारमा उनी भन्दै गए- यो निर्लज्ज सरकारको अगाडि हाम्रो केही लागेन ! प्रजातन्त्र भनेको त हात्तीको देखाउने दाँत पो हुंदो रहेछ, होइन भने कर्मचारीलाई यसरी प्रहरी लगाएर दमन गर्ने ? हाम्रो कुरै नसुन्ने ? हाम्रो मर्का नै नबुझ्ने ? महङ्गाई यस्तो बढेको छ. कसले बुझ्ने ? आदि- आदि । उनको एकपछि अर्को प्रश्न थोपर्दै मसँग छुट्टिन तत्खर गर्दै भन्न लागे- आज हामी अनशन तोड दै छौं । शिक्षण अस्पतालको सेमिनार भवनमा अहिले चार बजे कार्यक्रम छ, त्यहीं जान लागेको ।

कर्मचारी सङ्गटनले आन्दोलन सुरू गरेको चवन्नौं दिन बितिसकेको छ। मन्त्रिपारषद् र कर्मचारीको बीच कुनै वार्ता भएको छैन।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

वार्ताको नाउँमा सरकारतर्फका राजपत्राङ्कित अधिकृत कर्मचारी र कर्मचारी सङ्गठनका प्रतिनिधि राजपत्रअनाङ्कित कर्मचारी बीसौं दिनदेखि दैनिक भेट्ने र कुरा गर्ने, चिया खाने काम भइरहेछ । विपक्षी दलले कर्मचारी आन्दोलनलाई सदनमा समर्थन जनाए । यति-मात्र होइन सडकमा उत्रिएर आन्दोलनलाई चर्काए । चल्दाचल्दैको ससद बहिष्कार गरी अनशन बसेका कर्मचारीलाई वाम सांसदहरूले अभिनन्दन गर्न सिंहदरबारबाट भद्रकालीसम्म विरोध प्रदर्शन गरे । पश्चिम बङ्गालबाट आयातीत सोलिडेरिटी, प्रार्थना सभा, अवज्ञा, मुखमा कालो पट्टी र दिउँसै मैनबत्ती तथा रातमा मशाल बाल्ने कार्यक्रम पनि सञ्चालन गर्न र गराउन वाम समूह पछि पारेनन् । यसरी जिम्मेवार पार्टीले नै आफ्नो राजनीतिक स्वार्थ पूर्ति गर्न खेलेको चालमा कर्मचारीहरू झन् झन् फस्दै समस्यै समस्याको दलदलमा घसिन पुगे ।

कर्मचारीले गरेको अनशन तोडिने र कर्मचारीले आन्दोलन वापस लिने कुरा सुन्ने बित्तिकै खुसी लाग्नु स्वाभाविक हो किनभने यो कर्मचारी आन्दोलन नै अप्राकृतिक र अवैज्ञानिक थियो । त्यसैले यस आन्दोलनले ठोस निर्णय निकाल्न सकेन ।

कर्मचारीको समूह मिलेको सिङ्गो सङ्गठन नै सरकार हो। प्रजातन्त्रमा कर्मचारी सङ्गठन (कर्मचारीतन्त्र) अत्यन्तै संयमित र शक्तिशाली हुनु पर्छ । मन्त्रिपरिषद त त्यस सङ्गठित सरकारलाई सञ्चालन तथा नीति निर्देशन गर्ने इकाइ मात्र हो । सरकारी नीति तथा कार्यक्रमको सञ्चालनको जिम्मेवारी कर्मचारी वर्गमा हुन्छ। कर्मचारी भनको सरकार हो र सरकार भनेको कर्मचारी हो । यो कसैले भुल्नु हुँदैन । त्यसैले राष्ट्र सेवामा संलग्न व्यक्तिहरू राजनीतिमा फस्न गए भने राज्यसत्ता, जनता र मुलुक सबैलाई अहित हुन्छ ।

कर्मचारीले बिना शर्त अनशन तोडेका र आन्दोलन वापस लिएका हुँदा यस आन्दोलनको क्रममा निलम्बित भएका, बरखास्तमा परेका र थुनामा रहेका कर्मचारीहरूलाई सरकारले तुरुन्त फुकुवा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पुनर्बहाली र रिहा गरेर प्रजातान्त्रिक मूल्य र मान्यताको आदार गर्नु पर्‍यो। कर्मचारीहरूले पनि राष्ट्रसेवामा समर्पित राष्ट्रसेवकको हैसियतले साँच्चिकै इमान्दारपूर्वक राष्ट्रसेवा गरी देखाउने बेला आएको छ- यही प्रजातन्त्रको आदर्श हो ।

अन्तरिम सरकार, निजामती सेवा नियमावलीमा राजपत्र अनङ्कित कर्मचारीहरूले आफ्नो पेशागत हक हितको लागि सङ्गठित हुन पाउने प्रावधान राखी नि० से० नि० सशोधन गरी 'विषवृक्ष' रोप्न सफल भएको छ । यो विषवृक्षको जरैदेखि उन्मूलन नगरे यसले सबैतर्फ अहित गर्न सक्छ । त्यसैले यसलाई प्रजातन्त्र सुहाउँदो किसिमबाट संशोधन गर्ने र जिल्ला कार्यालयद्वारा दर्ता भएको निजामती कर्मचारी सङ्गठन र सङ्घ दुवै दर्ता बदर गरिनु पर्ने देखिन्छ । यसबाट कर्मचारी- कर्मचारीहरूमा आएको दलीय भावनाको अन्त हुन जाने र कर्मचारीमा राष्ट्रसेवक हौं र मूल कर्तव्य राष्ट्रसेवा हो भन्ने भावना पैदा हुन जान्छ। यो स्थितिको सिर्जना गर्न सरकार पछि पर्दैन भन्नेमा हामी विश्वस्त छौं ।

हुन त वाम समूहका सांसदहरूले पहिले नबुझेर साथ दिएका र पछि बुझेर कर्मचारीको साथ छोडेका हुन् तापनि केही कर्मचारीहरूलाई यस आन्दोलनले राजनीतिक रङ्गमा मुछिसकेको छ । त्यसैले केही कर्मचारीले कुरा गर्दा आफूलाई मिल मजदुरको रूपमा हेर्न र बोल्न सुरू गरेका छन् । यो असमझदारीको जिम्मेवार पनि श्री ५ को सरकार नै हो । त्यसैले सरकारले बुझनुपर्‍यो - सेवारत कर्मचारीले भरी पेट खान पाए मात्र इमान्दारीसाथ सेवा दिन सक्छ, वफादारीका साथ राज्य र राज्यसत्ताको लागि आफ्नो कर्तव्य पूरा गर्न सक्छ ।

मन्त्रिपरिषदका सदस्य र कर्मचारीहरू बीच देश र जनताप्रति आफ्नो दायित्वबोध नभएमा सँधै यस्तै समस्यामा अल्झी रहनु पर्छ जो प्रजातान्त्रिक व्यवस्थाको निरन्तरतामा बाधक हुन सक्छ ।

साप्ताहिक नेपाली आवाज २०४८।५।१४

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

८

गोरखापत्र संस्थान

निजीकरण समस्या समाधान होइन

यो नेपाली कांग्रेसको सरकाकले केही संस्थानहरूलाई निजीकरण गर्ने प्रस्ताव ल्याएपछि कुन कुन संस्थान पहिले निजीकरण गरिने हो भन्ने जनतामा चासो बढ्नु स्वाभाविक हो। यसै क्रममा गोरखापत्र संस्थान निजीकरण हुने सुनेपछि मैले सञ्चार मन्त्री वासु रिसालजीसँग सम्पर्क गरें। वास्तवमा हो रहेछ। मैले उहाँलाई भनें – यो निर्णय लिनु ठिक हुँदैन कि? उहाँले बडो जोड दिएर भन्नु भयो – प्रजातान्त्रिक सरकारले कहीं पनि प्रिन्टिङ्ग मिडिया चलाएको छैन बुझ्नु भो! काम थोरै भए पनि आफूलाई बडो व्यस्त देखाउने आदत बोक्नु भएको मन्त्रीजीले मेरो जवाफै नसुनी थप्नु भयो– शेयर किन्नु होस! चलाउनु होस गोरखापत्र मैले उहाँलाई बिस्तारै भनें – यो त मलाई ठीक जस्तो लाग्दैन, अरूले गरे जस्तै हामीले पनि गर्नु पर्छ भन्ने जरूरी छ र? उहाँले हिन्दी बाट– आप यह बात समझते नहीं– भनेर प्रतिक्रिया जनाउनु भयो।

कुनै पनि प्रजातान्त्रिक देशमा सरकारले प्रिन्टिङ्ग मिडिया आफैले चलाएको छैन– यो सत्य हो। तर प्रिन्टिङ्ग मिडियालाई आफैले चलाउने सरकारलाई अप्रजातान्त्रिक सरकार भनेर पनि कसैले भन्ने गरेको छैन र भनिदैन पनि। यस्तो साधारण कुरालाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

तोडमोड गरेर यो नेपाली कांग्रेस सरकार आफूलाई प्रजातान्त्रिक प्रमाणित गर्न गोरखापत्र जस्तो ९१ वर्षको बूढोलाई अर्कालाई टाँसो लगाउन खोज्दैछ ।

हुनत हामी जस्ता निजी क्षेत्रको अखबार चलाएर बसेका-हरूका लागि गोप संस्थान निजीकरण हुनु लाभदायक हुन सक्छ किनभने निजी क्षेत्रका अखबारहरूलाई हाल चार पैसाको विज्ञापन कुनै क्षेत्रबाट प्राप्त हुँदैन । यसको विपरीत गोपमा भने सरकारी विज्ञापनहरू दुई महिनाको वयूमा पर्खेर बसेका छन् । हामीलाई फाइदा पुग्छ भन्दैमा हो मा हो, मिलाएर मन्त्रीजीहरूको अदूरदर्शी निर्णयको स्वागत गर्दै सरकारलाई कमजोर बनाउन खोज्नु हुँदैन ।

संस्थानभित्र भाँडभैलो छ । हिसाब किताब ठीक छैन । करोडौंको नाफामा चल्नु पर्ने संस्थानले कुनै फाइदा देखाउन सकेको छैन । एउटा नयाँ मेसिन जडान गर्नु पऱ्यो भने आज पनि सरकारको मुख ताक्नु पर्छ । आवश्यकताभन्दा बढी कर्मचारी छन् । व्यवस्थापन लथालिंग छ । सरकारको करोडौं लगानीपछि पनि उपलब्धि भने शून्य छ । यस हिसावले विचार गर्दा गोरखापत्र संस्थानलाई निजीकरण गर्नु पर्ने आवश्यकता महसूस हुन्छ ।

सरकारको दायित्व हो- कुशल व्यवस्थापनको माध्यमद्वारा सरकारी लगानी भएको संस्थानलाई पूर्ण नियन्त्रण गर्न सक्नु पर्छ । आफ्नो दायित्व पूरा गर्न सकेन भने सरकार असक्षम सावित हुन्छ । त्यस्तो असक्षम सरकार लामो अवधिसम्म राज्य सत्तामा अड्न सक्दैन । त्यसैले सरकार आफ्नो दायित्वबोधबाट विचलित हुनु भएन ।

हाम्रो देशको भौगोलिक स्थितिलाई हेरौं साथै ८० % निरक्षर नागरिक भएको देशमा शिक्षित र अशिक्षित व्यक्तिहरूको मनःस्थितिलाई विचार गरौं । यसको अतिरिक्त साम्प्रदायिक र दलीय भावनाले ग्रस्त समुदायको लेखाजोखा गरौं – यी सबैले हामीलाई प्रमाणित गरेर देखाउँछन् कि सरकारलाई राज्य सुचारू रूपले चला-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

उन इलेक्ट्रोनिक मिडियाले मात्र पुग्दैन प्रिन्टिङ्ग मिडिया मतलब आफ्नो मुखपत्रको लागि एउटा अखवार अनिवार्य रूपमा चाहिन्छ ।

निजीकरण भन्न सजिलो छ । निजीकरण गर्ने बित्तिकै कम्पनीको शेयर बजारमा विक्री वितरणमा खुला गर्नु पर्छ । यसरी खुला वजारमा शेयर विक्री हुँदा यसले किन्न पाउने वा यसले किन्न नपाभनेर बन्देज लगाउँन सकिदैन । यसरी वन्देज लगाउन नसकेपछि जोसँग पैसा छ उसले धेरै शेयर किन्छ । अब सबलाई थाहा छ वजारमा पैसा कोसँग बढी छ भनेर ! त्यसैले जोसँग पैसा बढी छ त्यसैले शेयर वढी किन्छ र देशको पुरानो र मूल अखवार एउटा विदेशी समुदायको पेवा बन्न पुग्छ ।

त्यसैले प्रजातन्त्रको दुहाई दिएर निजीकरणको कुरा गर्नु व्यर्थ हो । बरू यसलाई कसोगरी ठीक वाटोमा हिंडाउँन सकिन्छ ? कसरी यो आफ्नो निर्धारित सीमाभित्र नियन्त्रित हुन्छ ? कसरी देश, जनता र सरकारलाई फाइदा दिन सक्छ ? भन्नेतर्फ सरकारको ध्यान जानु जरूरी छ।

हाम्रो जस्तो अविकसित देशमा सरकारलाई इलेक्ट्रोनिकको अतिरिक्त प्रिन्टिङ्ग मिडिया पनि चाहिन्छ, यसमा धेरै विवाद गरिरहनु पर्ने आवश्यकता देखिन्न । बरू निजी क्षेत्रमा सञ्चालित अखवारहरूलाई जुन उपेक्षापूर्ण व्यवहार सरकारले गरिरहेको छ– त्यसमाथि हाम्रो ठूलो गुनासो छ । साँच्चै सरकारले प्रजातान्त्रिक व्यवहार कायम राख्ने हो भने निजी क्षेत्रका अखवारहरूलाई मद्दत गर्नु पर्‍यो र उठाउनु पर्‍यो । यसको मतलब सरकारले पैसा बाँड्ने भनिएको होइन । केवल गोपमा प्रकाशित गर्नु पर्ने विज्ञापन वा अरू विज्ञापनलाई निश्चित नीति निर्धारण गरी निजी क्षेत्रको अखवारमा पनि दिन मिल्ने व्यवस्था मात्र गरिदिए सरकारले प्रजातान्त्रिक मुलुकको प्रिन्टिङ्ग मिडियामाथि सही न्याय गरेको ठहरिने थियो । त्यसैले सरकारले आयातीत नीति मात्र अख्तियार गरेर मात्र प्रजातन्त्र बाँच्न सक्दैन ।

साप्ताहिक नेपाली आवाज २०४८।५।२१

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१

सय दिन र प्रजातन्त्र

यो विश्वभा भएका सबै सार्वभौमसत्तासम्पन्न देश सञ्चालन गर्ने सरकारहरूले जुनसुकै राजनीतिक पद्धतिको माध्यमद्वारा सरकार खडा गरेको भए पनि सत्तामा पुगेका समूहले एउटै स्वरमा एउटै भनाइ भन्ने गरेका छन् – हाम्रो व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो र यसलाई दिगो र दरिलो बनाएमा मात्र देशको चौतर्फी विकास हुन्छ । यिनीहरूले पेटबोलीमा के भनेका हुन् भनें – म अथवा हामी सत्तामा टिकिरहनु पर्छ, जो हाम्रो पद खोस्न आउँछ वा खोस्न प्रयत्न गरेको हुन्छ त्यो गैर प्रजातान्त्रिक समूह हो र अराष्ट्रिय तत्व हो । यही भूलभुलैयामा परेर केही लामो अवधिसम्म [सत्तामा बस्न समर्थ हुन्छन् भने केही अल्प समयमै सत्ताच्यूत हुन्छन् । तर जे भए पनि परिवर्तन भने आफ्नो गतिमा भइ नै रहन्छ- यसलाई हामीले स्वीकार्नु पर्छ ।

कुनै पनि देशका नागरिकले त्यस देशको सरकारसँग आफ्नो शान्ति सुरक्षा मागेको हुन्छ । सेवा र औसरको आशा राखेको हुन्छ । यसरी बाँचिसकेपछि मानसिक र भौतिक विकासको चाहना पनि बोकेको हुन्छ । यी यावत कुराहरू बुझेका नेताहरूले मात्र सरकार चलाउन सक्छन् । 'प्रजातन्त्र' का भाषाले मात्र सरकार

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चल्न सक्दैन । प्रजातन्त्र भनेको सत्तासीनका लागि प्रजातान्त्रिक माध्यमद्वारा देश र जनताको सेवा गर्ने विधिको नाम हो भने जनताका लागि कानूनको मर्यादा राखी अनुशासित जीवनयापन गर्ने अभ्यासको नाम हो ।

प्रसङ्ग गिरिजाप्रसाद कोइरालाको सय दिनको हो । सत्ता सञ्चालनको सय दिन भनेको ज्यादै लामो अवधि हो । एउटा सक्षम व्यक्ति वा समूह सत्तामा पुग्यो भने केही दिनमै उसको आफ्नो सुयोग्य प्रभाव जनतामा दिन थाल्छ । उसले हनिमून वा ऐस आरामको खोजीभन्दा आफ्नो दायित्व बोझबाट पिरोलिएर दिन-रात एक बनाएर आफ्नो कार्य दक्षताको प्रमाण जनसमक्ष प्रस्तुत गर्न थाल्छ । तर वर्तमान सरकारले यस अवधि भित्र कुनै नीतिगत कुराको ठोस निर्णय लिन सकेको छैन । यसले आफ्नो आर्थिक तथा राजनीतिक कार्यक्रम प्रकाशमा ल्याएको छैन । सही ढंगबाट शान्ति सुरक्षा र वजार नियन्त्रण हुन सकेको छैन । यतिमात्र होइन सुचारू रूपले दैनिक प्रशासन समेत चलाउन सकेको छैन । यस हिसाबले विचार गर्दा यो सय दिन उपलब्धिशून्य नै रह्यो ।

हुनत सत्ता सम्हालेका नेताहरूले भन्ने ठाउँ छ - हामीले सत्ता सम्हाल्ने बित्तिकै कर्मचारी आन्दोलन सुरू भयो, हामीले काम देखाउने मौका पाएनौं । तर यो भन्न मिल्दैन र पाइन्न पनि । किनभने एउटा परिवारको अभिभावकको हैसियतले आफ्नो छोरा बिग्रिएको जिम्मेवारी छिमेकीको काँधमा थोपर्न सुहाउँदैन ! साथै नियन्त्रणको अभावमा वढेको महङ्गाइलाई अन्तर्राष्ट्रिय वजारको हवाला दिन पनि मिल्दैन !

आम चुनावद्वारा निर्वाचित नेताहरू नै सत्तामा पुगेका हुँदा यिनीहरूले गरेको एउटा निर्णयले देशवासीको भाग्य- रेखा निर्माण हुने घडीमा हामी गुज्रिरहेका छौं । यिनीहरूको सही वा गलत निर्णयले हाम्रो उज्यालो वा अँध्यारो बाटो सुरू हुँदैछ । त्यसैले मन्त्री महोदयहरूमा कार्य क्षमताको अभाव छ भने पद-त्याग गर्नु पर्‍यो वा योग्य सल्लाहकारको सहयोग लिन सक्नु पर्‍यो । प्रतिपक्ष,

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चिन्तक तथा बुद्धिजीवीका कुरा सुन्ने बानी पनि बसाल्नु पर्‍यो । सबै कुरा विरोधका लागि मात्र भनेर पन्छाउने बानीलाई छोड्नु पर्‍यो ।

धेरै दशकदेखि सत्ता पक्षबाट भएको धेरै प्रयोगको मारबाट थिचिएर र पिल्सिएर बाँचेका यो देशका जनताहरू अब धेरै प्रयोग सहन् गर्न सक्ने अवस्थामा छैनन् । फोगटिया आश्वासन र कोरा सिद्धान्तले सधैं लटपटिएका यहाँका जनतालाई प्रजातन्त्रका भाषण-भन्दा सस्तो खाद्यान्न र शान्ति सुरक्षाको आवश्यकता छ । त्यसैले देश र देशवासीका विकासका लागि प्रजातन्त्र साधन हो साध्य होइन। यो तथ्यलाई सत्तारूढ नेताहरूले भुल्नु भएन ।

साप्ताहिक नेपाली आवाज २०४८।१।२८

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१०

मनपरी बोल्नु भएन

मन्त्री पदमा पुगेका मन्त्री महोदयहरूले आफूलाई सरकारको एउटा सदस्य सम्झेका छैनन् क्यार । यो मन्त्रीहरूको जमात त दलीय स्वार्थका लागि वर्षौंदेखि वकालत मात्र गरेर बसेका प्रशासनिक अनुभवको अभाव र क्षमताहीन मान्छेहरूको समूह मात्र हो जस्तो लाग्न थालेको छ । राज्य सञ्चालन गर्ने जिम्मा पाएका मन्त्रीहरू बिहानदेखि बेलुकासम्म अनावश्यक काम र दलीय वादविवादमा आफ्नो समय बरवाद गरिरहेका छन् । सरकारले गर्नु पर्ने कुनै काम कार्यवाही गर्न सकिरहेका छैन । मन्त्रीपद पुरस्कारमा दिइने वस्तु होइन र होइन पैतृक सम्पत्तिको अंशवण्डा पनि ! तर यिनीहरूले त्यही सम्झेका छन् - यो भनाइ मेरा एक जना मित्रको हो, जसले खाने तेल एक लिटर खरीद गर्न रू. ६८।- तिर्नु परेको थियो ।

मैले सम्झें - आपूर्ति मन्त्री चिरञ्जीवी वाग्लेज्यूले गत हप्ता मुलुकको प्रतिनिधि सभामा वढो गर्वका साथ बोल्दै भन्नु भएको थियो - तोरीको तेल प्रति लिटर रू. ४८।- मा उपलब्ध गराउन समर्थ भएका छौं । रू. ४८।- र ६८।-को अन्तर करीब ४०%

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

को छ । यत्रो अन्तर त हुनु नपर्ने हो भन्न सम्झँदै मित्रलाई भनें। गत हप्ता सदनको समाचार सुन्नु भएको थिएन ? यी मन्त्रीहरूको बोली चटकीले दर्शकलाई आफ्नो बेच्नु पर्ने जन्तरको ग्राहक बनाउन बोलिएका भुलभुलैयाका बोली मात्र हुन्, जसमा विश्वसनीयताको एक अंश पनि छैन –मेरो मित्रले सुनाए ।

उनको मार्मिक भनाइसँगै मुलुकमा विद्यमान अनेक समस्याहरू मेरा अगाडि आउन थाल्छन् । जनतालाई अत्यन्त चाँडो प्रभाव बजारले पार्ने गर्दो हुन्छ । आजभोलि बजार पूर्ण अनियन्त्रित छ । नाफाखोर व्यापारीहरू कृत्रिम अभाव खडा गरी मूल्य बृद्धि गराउन व्यस्त छन् । दिन दुनी रात चौगुनीको रूपमा बजार भाउ बढिरहेछ । यसतर्फ सरकारले केही गर्ने तरखर नै गरेको देखिदैन ।

यही सातामा सरकारले आफ्नो समाचार माध्यमद्वारा प्रचार गर्‍यो – सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी भारतबाट २५००० मेट्रिक टन चामल आयात गरिने र सुपथ मूल्यको पसल खोली जनतालाई उपलब्ध गराउने छ । गत साता मात्र – अनुमान गरिएभन्दा धेरै बढी खाद्यान्नको भण्डार फेला पारी व्यापारीहरूको गोदाम छापा मार्ने सरकारले यो समाचार प्रचार–प्रसार गर्दा अलि लाज मन्नु पर्ने थियो । आफूले बोलेको र गरेको काम कार्यवाही एक सातासम्म पनि टिक्न नसक्ने कारण के हो ? जनताका लागि केही जवाफ छ ?

अनुमान गरेभन्दा बढी खाद्यान्न फेला पर्‍यो भनी सरकारले प्रचार गरेपछि मैले आपूर्ति मन्त्रीज्यूलाई सम्पर्क गरी सोधेको थिएँ– कति अनुमान गर्नु भएको थियो १०० किलो कि. १०० लाख किलो? उहाँले जिब्रो चपाएर जवाफ दिनुभयो– यो अहिले नभनौं, यति सम्झनु होस् नयाँ बाली तयार नभएसम्मलाई देशमा खाद्यान्न अभाव हुने छैन ! त्यसपछि अनुमान गरिएको र छापा मारिएको खाद्यान्नको परिणाम जान्न धेरै कोशिश गर्दा पनि आजसम्म जानकारी हुन सकेको छैन । बरू भारतीय व्यापार निगमसँग सरकारले सोझै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

६०००० टन गहुँ र २५००० टन चामल खरीद गर्ने सम्झौता गरेको समाचार प्रचारमा आयो।

मन्त्री पदमा पुगेका व्यक्तिले झूठो कुरा कहिल्यै बोल्दैनन् र गल्ती पनि गर्दैनन् भन्ने बलियो जनविश्वासपश्चात् मात्र एउटा साधारण नागरिक त्यही नागरिकको शासक हुन पुग्छ । यो केवल विश्वासको आडमा उभिनु पर्ने स्तम्भ हो । यसलाई कायम राख्न सत्तामा पुगेका व्यक्तिहरूले बढी बुद्धिमत्तापूर्ण तरिकाले आफूलाई स्थापित गर्न सक्नु पर्छ । जे पायो उही बोलेर वा आफै गलत सावित हुने समाचार प्रचार-प्रसार गराएर समस्याको समाधान हुँदैन । यहाँ भाषण र वक्तव्यभन्दा सुपथ मूल्यमा खाद्यान्नको आवश्यकता छ । जनताको आम्दानीको अनुपातमा बजारको मूल्य निर्धारण हुनु पर्नेछ । यो सरकारको कुन निकायले गर्ने ? वर्तमान सरकारसँग यसको जवाफ छ ?

साप्ताहिक नेपाली आवाज २०४८।६।४

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

११

दशैं आयो! खाउँला पिउँला !

दशैं आयो ! खाउँला, पिउँला, राम्रो लाउँला ! – यो बोली नेपाली मात्रका छोराछोरीको हो । नेपालीहरूले दशैंलाई राष्ट्रिय चाडको रूपमा मनाउने परम्परा युगौंको हो । जहाँ नेपालीहरू छन् त्यहाँ दशैं छ । विश्वमा फैलिएका नेपाली चाहे ती दार्जिलिङ्गका हुन् चाहे भूटानका, चाहे हङ्गकङ्गका हुन्, चाहे लण्डनका, यतिमात्र होइन युगौंयुगदेखि बसाइँ सरेका र आजको नेपालसँग कुनै सम्बन्ध कायम नभएका थाइल्याण्ड, मलेसिया र सिङ्गापुरका नेपालीहरूले पनि दशैं चाडलाई उत्तिकै हर्षोल्लासका साथ मनाउने चलन छ – यही नै नेपालीको चिनारी पनि हो ।

मलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भई महानिर्वाचन सम्पन्न भयो । प्रजातन्त्रवादी नेपाली कांग्रेसले शासनको बागडोर आफ्नो हातमा लिएको पनि आज चार महिना पुग्न लागिसक्यो । तर सरकारले नागरिक सुरक्षाको लागि कुनै ठोस नीति अख्तियार गर्न लागेको देखिएको छैन । बरू नेता तथा कार्यकर्ताहरूको निहित स्वार्थपूर्तिको लागि झमेला भइरहेको जनताले ट्वालट्वाल्ती हेरिरहनु परेको छ । जनताको सुरक्षाको मूल दायित्व

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बोकेको नेपाली कांग्रेस सरकारले आफ्नो दायित्व पूरा गर्न सकिर- हेको छैन भन्ने कुरा पार्टीभित्र र बाहिरका सबै प्रजातन्त्रप्रेमीहरूले महसूस गर्न थालेका छन् । जनतालाई राहत दिने कार्यको नाउँमा भाषण र वक्तव्य मात्र प्रचारमा आइरहेछ । सरकारमा पुगेका सबै मन्त्रीहरूको कान र आँखा बन्द हुन थालेका छन् जसरी पञ्चा- यतकालका शासकहरूको हुने गर्दथ्यो ।

बजार पूर्ण अनियन्त्रित छ । बजारमा किनमेल गर्न जाँदा सबैले एउटै प्रश्न गर्ने गरेको सुनिन्छ – किन यस्तो महङ्गो ? यसको जवाफमा धेरैले धेरै कुरा भन्छन् । निचोडमा भन्दा – प्रजातन्त्रलाई उपहास गर्दै भन्ने गर्दछन् – यही हो वहुदलीय व्यवस्था, देख्नुभो ! हुनत बजारमा एकजना केटाकेटीलाई टोपीदेखि जुत्तासम्म एकसरो लुगा खरीद गर्नु पर्‍यो भने करीव २ हजार रुपैयाँ लाग्छ । एउटा राम्रो कोट हालौं न त भनेर पूरा बजार चाहर्दा पनि पच्चीस सय रुपैंया घटीमा एउटा कोट तयार हुन सक्दैन ।

सबै दिन नसके पनि सालको एक पटक पञ्चायतकाल र त्यस अघिका सरकारले दशैंमा सुपथ मूल्यको पसल खोलेर जति- सक्दो सस्तो सामान उपलब्ध गराउने परम्परा चलाएको थियो । सरकारको तर्फबाट अनुदान दिनु पर्ने हो कि, सुव्यवस्था मात्र दिलाए पुग्ने हो कि, कुनै नाफाखोर व्यापारीको गोदाम छापा मारेर सरकारको तर्फबाट मूल्य निर्धारण गर्नु पर्ने हो कि, व्यापारीलाई फकाएर वा धम्काएर भए पनि सरकारले बजारमा सामान पर्याप्त मात्रामा उपलब्ध गराउन सक्नु पर्छ । भरखर प्रजातान्त्रिक सरकार सत्तामा आएको पहिलो दशैं त झन् हर्षोल्लासका साथ जन- ताले मनाउन पाउनु पर्छ ।

सधैं खान र लाउन नपाए पनि दशैंमा मात्र भए पनि पेट भरी मासु र जिउमा नयाँ लुगा लगाउन पाए रद्द हुन मनस्थिति बोकेका जनतालाई यो प्रजातान्त्रिक सरकारले भाउ बेसाहा सस्तो दिन सकेन भने फेरि विष्फोट हुन बेर लाग्दैन । महङ्गो सस्तो जे जस्तो भए पनि चाडलाई चलाउनै पर्छ – यो हाम्रो परम्परा हो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मुख्यतः सरकारले जनतालाई कति राहत दिन्छ, मूल्याङ्कनको विषय यति मात्र हो ।

सरकारले खोलेको काठमाडौं उपत्यकाको पसलमा चामल थाप्न जाँदा दश बजे लाइनमा बसेको मान्छे साँझ ६ बजे मात्र पाँच किलो चामल पाउने गर्छ । तेल त्यहाँ पाइँदैन । खुला बजारमा तेल प्रति लिटर ७० रूपैयाँ पुगिसक्यो जबकि गत हप्ता ६८ रूपैयाँ मात्र थियो । कुन बेगमा बजारमा भाउ वृद्धि भएको छ भन्ने कुरा किनमेल गर्न जानें सबैले देखेका र भोगेका छन् । दशैंमा किनमेल गर्न आउने गाउँघरका दाजु-भाइहरू जे जति सामान किन्छु भन्ने सोचेर घरबाट निस्किएका छन् त्यो अड्कलको रकमले आधा सामान पनि घर भित्र्याउन पुऱ्याउँछन् जस्तो लाग्दैन ।

सरकारले जनताको विश्वास कायम राख्न सक्यो भने मात्र सरकार जनताको प्रिय हुन्छ । यसरी सरकारले जनताको विश्वास कायम राख्न जनताको सुरक्षालाई बढी ध्यान दिने गर्नु पर्छ । तरिसक्यो लौरो बिर्सियो – हुनु भएन । दशैं त आउँछ जान्छ, फेरि नेपालीको आँगनमा दोहोरिरहन्छ तर सत्तारूढ सरकारले जनविश्वास एक पटक गुमायो भने फेरि फर्कन सक्दैन । यो मीठो नभई तीतो सत्य हो ।

साप्ताहिक नेपाली आवाज २०४८।६।११

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१२

मनपर्दो नियुक्ति र पाँडे पजनी

यस अगाडि सत्ता सम्हालेका शासकले गरेको मनपरी र गल्तीको परिणामले गर्दा आज हामीलाई काम देखाउन मुस्किल भैर हेको छ, यी सब त्रिसङ्गतिको मूल कारण पनि हिजोको सरकार हो- यो भनाइ जनतासँग सहानुभूति लिन प्रत्येक सत्तामा आएका नयाँ सरकारका व्यक्ति वा समूहले भन्ने र दोहराउने वाक्य मात्र हो । यो भन्दा उनीहरूले त्यो भुलेका हुन्छन् – पुरानो सरकार असक्षम र अयोग्य भएर नै नयाँ सरकारको गठन भएको हुन्छ ।

वर्तमान नेपाली कांग्रेसको सरकारलाई जनताले ठूलो भरोसा गरेर शासनको बागडोर सुम्पिएको छ । हिजो भए गरेको गल्ती दोहरिन नपाओस् र प्रजातान्त्रिक माध्यमद्वारा लोक कल्याणकारी राज्य स्थापना हुन सकोस् भन्ने उत्कण्ठा बोकेका जनताले उही चाकडीवाद, नातावाद र भाइबण्डावाद दोहोरिएको हेर्न र सहन गर्न सक्दैनन् । समान औसर र योग्यताको कदर भएमा मात्र स्वच्छ समाजको रचना हुन्छ । स्वच्छ मर्यादित समाजले मात्र प्रजातन्त्र टिकाउन सक्छ । सत्तासीनले प्रजातन्त्रको नारा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अलाप्दैमा प्रजातन्त्र बाँच्न सक्दैन । यसलाई दिगो तुल्याउन त सत्तासीन आफू स्वयं मर्यादित र कानूनको परिधिभित्र बाँधिनु पर्छ । मनपर्दो पजनी र नियुक्तिले अराजकता फैलाउँछ । उही पुरानो शासन व्यवस्था दोहरिन्छ ।

उ वेलामा यो मूलुकको शासन सम्हालेका श्री ३ महाराज चन्द्र शम्शेरले केही कर्मचारी कटौती गर्न कर्नेल बेलायतकुमार पाँडेलाई हुकुम दिएछन् । कर्नेल पाँडेले टुँडिखेलको खरीको बोट भएको चौरमा सबै कर्मचारीलाई लाइनमा उभिन लगाएर कर्मचारी पजनी गरेदेखि योग्यता र इमान्दारीको मूल्याङ्कन नगरी कुनै मान्छे खोसुवामा पऱ्यो भने यहाँ 'पाँडे पजनी' भन्ने गरिन्छ । यस्तै नियुक्ति दिदा श्री ३ महाराजका हजुरमा दाम रखाई भारदारका छोरा भारदार र हाकिमका छोरा हाकिम हुने चलनलाई 'सरकारको सिन्दुर' लागेको भन्ने चलन थियो । कानून थियो तर कानून हुकुमले काटिन्थ्यो ।

आजभोलि नेपाली कांग्रेसको सरकार भन्नुभन्दा गिरिजा सरकार भन्न थालेको छ । यो थालनी वयोवृद्ध नेता गणेशमान सिंहले राजनीतिबाट सन्यास लिन्छु भनी सार्वजनिक घोषणा गरेपछिको हो । यहाँ समाजलाई चटक्कै बिर्सिएर ब्रह्मणवाद र नेवारहरूका कुरा आए । त्योभन्दा वढी स्वार्थवादले सम्पूर्ण राजनीतिक स्वच्छतामा हिलो छ्यापियो । सबै नेताहरू नाङ्गिए । जनताको विश्वासमा चोट लाग्यो !

सरकारले आफ्नो अनुकूल प्रशासनिक यन्त्र तयार गर्ने क्रम सुरू गऱ्यो । यस क्रममा व्यवस्थित ऐन कानूनको आधारमा नीति तथा सिद्धान्त तयार गरी गर्नु पर्नेमा हचुवा किसिमबाट घमाघम विघटन, पजनी र नियुक्ति सुरू गऱ्यो । साझा केन्द्रको विघटन र त्यही केन्द्रले गर्ने काम कारवाही गर्ने सरकारी विकास समिति खडा गरी दैनिक प्रशासन सञ्चालन गराउन लगाएर गिरिजा सरकारले ठाउँ कानूनी त्रुटि गरी मनपरी तन्त्रको सुरूवात गरेको छ । कर्मचारीको पजनीमा सिधा – निमुखा र आफ्नो जागिरलाई नै सर्वस्व मान्ने व्यक्तिहरू पर्न थालेका छन् । तीन महिनापछि स्वत

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

६० वर्ष पुगेर रिटायर्ड हुने एकजना कर्मचारी उवेलामा प्लेन हाइ-ज्याक काण्डमा सरकारी वकिल भई मुद्दा पैरवी गरेको कारणले एकजना भद्रपुरूष हाल बेइज्जतीका साथ पजनीमा परेका छन् । अनि बाठाटाठा र औसर छोप्न सिपालु एकथरी चाहिं प्रजातन्त्र स्थाप-नाको सेनानी सावित हुँदै थमौती मात्र होइन पदोन्नति हुन पुगेका छन् ।

पञ्चायत कालको पूर्वार्धमा एक जना हल्टीकल्चर (फलफूल विज्ञान) पढेर आएकालाई कल्चर डिपार्टमेण्ट (सांस्कृतिक विभाग) मा पदस्थापना गरिएको कथा नेपाली प्रशासनको बारेमा कुरा चल्दा जोडिने उपमा हो । त्यस्तै हाल ओभरसियरलाई कोइला खरीद गर्ने निगम जिम्मा दिएर, एउटा इलेक्ट्रिक इन्जिनियरलाई समुद्रपार-बाट क्रुड आयल झिकाएर भारतमा रिफाइन गराएर देशभित्र पेट्रोलियम वस्तु बेच्ने ठूलो कारोवार भएको निगम जिम्मा दिएर, एउटा वकिललाई दाउरा र काठको आपूर्ति गर्ने जिम्मा र बैंकिङ्ग कार्यमा दक्षलाई धर्माधिकारी बनाएर मठमन्दिरको पूजाआजा संचा-लन गराउने जिम्मा दिएर सरकारले आफ्नो नियतलाई जनसमक्ष प्रदर्शन गर्न थालेको छ ।

ढोडको लौरो उभ्याएर पनि शासन चलाउन सक्छु भन्ने मोहन शम्शेर र लठ्ठी उभ्याएर पनि जिताउन सक्छु भन्ने गणेशमानजी-लाई जनताले दिएको जवाफ जनमानसमा ताजा हुँदाहुँदै पनि सर-कारमा पुगेका व्यक्तिले भुलेको देख्दा दुःख लागेको छ । मनपर्दो नियक्ति तथा पदस्थापन र पाँडे पजनी रोक्नु पऱ्यो – यही सरकार-सँग आग्रह हो ।

साप्ताहिक नेपाली आवाज २०४८।६।१८

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१३

वातावरण, हाम्रा शहरहरू र सरकार

शहर तपाईंको हो। यसलाई सफा राख्नुहोस्- यो वाक्य विश्वका धेरैजसो विकसित राष्ट्रका शहरहरूमा देखिने गर्छन् । यो राज्यको तर्फबाट, नगरपालिका र स्वयम् नागरिक समुदायको तर्फबाट शहरवासीमा शहर सफा राख्ने चेतना कायम गर्न घंचघच्याउने कार्यक्रम हो। हुनत यो स्कूल अवस्थादेखि नै सिकाइने हुँदा शहरको नागरिकले आफ्नो स्वास्थ्य र आफ्नो शहरलाई एकै दृष्टिले हेर्ने गरेको हुन्छ । त्यसैले शहरमा बस्ने नागरिक सभ्य हुनु पर्छ र सभ्य नागरिकले मात्र शहर सफा र सुन्दर राख्न सक्छ । यो साधारण नागरिक ज्ञान युरोप, अमेरिका, जापान र सिंगापुरलाई छाडौं थाइल्याण्ड, कोरिया, चीन र वर्मा जस्ता मुलुकका नागरिकहरूमा भरपूर भएको देखिन्छ ।

शहरको बनावट, सजावट र सफाइ हेरेर त्यस शहरका नागरिकको चेतना र स्तरको अनुमान गर्न सकिन्छ। एक शहरको नागरिकसँगको आवर्षण पनि शहरको वातावरणमा निर्भर गर्छ । मान्छेको व्यवहार पनि शहरको वातावरण अनुसार नै कायम हुँदै जान्छ। यो सत्यलाई आफ्नो शहरबाट अन्य ठूला वा साना शह-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रमा गएका प्रत्येक व्यक्तिले अनुभव गर्ने गरेका हुन्छन् । जस्तो तपाईं विश्वको कुनै शहरमा पुग्नु भएको छ भने केही दिनमा नै तपाईं पनि त्यही शहर अनुरूप व्यस्त हुन बाध्य हुनु पर्छ वा शहर अनुकूल हुन सक्नु भएन भने त्यो शहर छोड्नु पर्छ । मतलब तपाईं जुन ठाउँमा बस्नु हुन्छ त्यस्तै बन्नु हुन्छ । त्यसैले आफू बस्ने ठाउँ स्वच्छ, सफा र सुन्दर राख्न सक्नु भयो भने मात्र तपाईं पनि त्यस्तै बन्न सक्नु हुन्छ ।

शहरवासीमा नागरिक ज्ञान दुई किसिमबाट दिलाउन सकिन्छ । चेतना जगाएर वा कडाइका साथ अनुशासन कायम गराएर। यो दुवै सिद्धान्त अपनाउने विशाल देश चीनले मुलुकभित्रका सबै शहरहरूलाई विश्वका विकसित मुलुकका शहरहरूको दाँजोमा पुऱ्याउन समर्थ हुँदैछ । पचासौं लाखभन्दा बढी नागरिक बसोबास गर्ने दर्जनौं शहरहरू उत्तिकै सफा – सुन्दर र व्यवस्थित देखिन्छन् । यति छोटो अवधिमा चीनमा यो कसरी हुन सक्यो– यो भिन्दै अध्ययनको विषय हो ।

यहाँ प्रसंग नेपालका शहरहरूको हो । यहाँ नागरिक ज्ञान तथा अनुशासन र सरकारी दायित्वको प्रश्न आउनासाथ सरकार र नागरिक दुवै पन्छने गर्छन् । जुन समुदायमा ज्ञान छ त्यो अनुशासित छैन, जुन अनुशासित भएर बस्न सक्छन् तिनमा चेतना छैन । यस्तै अवस्थामा रूमल्लिएको हाम्रो मुलुकको शहर बजार अव्यवस्थित हुँदै जाँदैछन् ।

पूर्व भद्रपुर र विराटनगरदेखि नेपालगन्ज र कैलालीका बजारहरूमा मनपर्दो अव्यवस्थित घर निर्माणले शहरलाई विकृत बनाएको छ भने बाटो मिचेर वनाएको पान पसल र भारतीय सिने कलाकारका सस्ता फोटाहरू टाँगेर ठूलो आवाजमा रेडियो टेपरेकर्डर वजाउँदा वातावरण नै कोलाहलपूर्ण हुन गइरहेको छ । प्राकृतिक रूपमै अत्यन्त सुन्दर मानिने पोखरा र काठमाडौं समेत अवस्थित गृह निर्माण र बजार व्यवस्थापनले गर्दा शहरको सुन्दर वातावरणलाई छिमेकी देश भारतको उत्तर प्रदेश र बिहार प्रान्तका शहरहरूको प्रभावमा पर्न थालेका छन् ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

महानगरी हुने बाटोमा लागेको र मुलुकको राजधानी हुने सौभाग्य पाएको काठमाडौंको शहरी वातावरण दिन-दिन बिग्रदो अवस्थामा गइरहेको सबैले महसूस गर्न थालेका छन् । काठमाडौं शहर कस्तो बन्न सक्थ्यो ? किन यस्तो बन्यो ? यो प्रश्नले नागरिकलाईभन्दा सरकारलाई पिरोल्नु पऱ्यो । खानेपानीमा ढल मिसिंदा पनि पूर्व सरकारलाई गाली र बाटो साँगुरो भएर ट्राफिक जाम हुँदा पनि पूर्व व्यवस्थालाई गाली दिएर पन्छिन सकिंदैन ।

मल्लकालको असन- इन्द्रचोक बाटो, राणाकालको टुँडिखेल-महाराजगंज, डिल्लीबजार - पुतलीसडक बाटो साथै नयाँसडक वर-परको बाटो बाहेक चीन सरकारले बनाइदिएको भक्तपुर-थापाथली बाटो र चक्रपथ अलि हेर्न लायक छ । बानेश्वर, घट्टेकुला, नक्साल, चावेल, महाराजगंज, ताहाचल, कुपण्डोल र थापाथली आदि नगर निर्माण हेर्दा काठमाडौं सिङ्गो एउटा विकृत शहरको नमूना बन्न पुगेको छ ।

सरकार जिम्मा लिएकाका लागि यो कत्तिको महत्त्वपूर्ण विषय बन्न जाने हो ? सत्तामा जानुको अर्थ राष्ट्रिय सम्पत्तिको उपभोग र समाजमा मर्यादित जीवनयापन गर्नु होइन । नागरिकको सेवकको रूपमा सेवा पुऱ्याउन सक्नु पर्छ ! सुन्दर-शान्त देश निर्माण गर्न समर्थ बन्न सक्नु पर्छ !

साप्ताहिक नेपाली आवाज २०४८।७।२९

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१४

दर्पण सत्ताारूढको लागि: यथार्थ जनताको लागि

रोजगारी र उचित आर्थिक लाभ दिन सक्ने सरकारले मात्र जनताको विश्वास जितेको हुन्छ । अनियन्त्रित बजारको व्यवस्था र जनताको आर्थिक अवस्था बिगार्ने सरकार लामो अवधिसम्म टिक्न सक्दैन । त्यसैले कुनै पनि दल वा व्यक्ति सत्तामा आउने बित्तिकै उसको आर्थिक कार्यक्रम जनसमक्ष आउनु पर्छ र जनतालाई राहत दिने कार्यक्रम तुरुन्त सञ्चालन भएको हुनु पर्छ ।

वर्तमान सरकारले बजार नियन्त्रण गर्न असमर्थ भएको कारणले प्रजातन्त्रको विकृत रूप देख्न थालेका निमुखा तथा गरीब जनताले बोल्न पाइने स्वतन्त्रता भन्दा खान र लाउन पाउने व्यवस्था चाहिएको महसूस गर्न थालेका छन् । निरंकुश उर्लंदो बजारले जनजीवन अस्तव्यस्त हुन थालिसक्यो । अब जनताको धैर्यको बाँध फुट्ने अवस्थामा पुग्न लागिसक्यो ।

गिरिजा सरकारले सत्ता सम्हालेको करीब ६ महिना पुग्न

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

लागिसक्दा पनि जनहितको लागि कुनै ठोस कार्यक्रम सञ्चालन हुन सकेको छैन । जनताले प्रजातन्त्रको मीठो फलको सट्टा तीतो एवं घृणायोग्य फल प्राप्त गर्न थालेका छन् ।

बजार नियन्त्रणको नाममा कृषकले उत्पादन गरेको मनसुली धान प्रति क्विन्टल रू. ४००।– र मोटा धान प्रति क्विन्टल रू.३५०।– मूल्य निर्धारण गरी खास उत्पादक कृषकलाई ठाडै नोक्सान र बीचको नाफाखोर व्यापारीलाई प्रत्यक्ष फाइदा पुऱ्याउन सरकार पछि परेको छैन । स्मरण रहोस्– मनसुली नयाँ चामल प्रति के.जी. रू.११।– र पुरानो रू. १४।– बजार मूल्य कायम छ ।

निजी क्षेत्रका उत्पादकले आफखुशी मूल्य निर्धारण गरेर सामान बजारमा ल्याए, सरकारले केही बोल्ने आवश्यकता महसूस गरेन, किनभने प्रजातान्त्रिक व्यवस्थामा प्रतिस्पर्द्धा हुन दिनु पर्छ भन्ने धारणाले होला । लत्ता, कपडा, जुत्ता, चप्पल, साबुन र अन्य आवश्यकीय सामानको मूल्य शतप्रतिशत बढ्यो, यसलाई जनताले बाध्यतासाथ स्वीकार गरे ।

सरकारले पिउने पानीको महसूल रू. १३ बाट १३०% बढाई रू. ३०।– पुऱ्यायो । घर-घरमा पानी आउन बन्द भयो तर संस्थानका कर्मचारी महसूल रसिद थमाउन आउन बन्द भएन । रू. ५।– ले पाउने दूध रू. ६।५० हुँदा पनि विदेशबाट पाउडर दूध आउन बन्द भएको छैन । यस्तै भारतबाट आयात गरिएको लेवीको चिनी रू. १३।– मा बिक्री वितरण गर्न सकिन्थ्यो तर निजी रूपमा व्यापारीले झिकाउन पाउने इजाजत पाएकोले होला चिनीको भाउ रू. १५।५० कायम भइरहेको छ ।

कृषिप्रधान देशमा कृषकको आर्थिक अवस्था सुधार भएमा मात्र जनताले राहत पाएको भन्न सकिन्छ । कृषकले उत्पादन गरेको धान र दूध नियन्त्रित मूल्यमा खरीद गरिन्छ वा त्यस्तो उत्पादनलाई उपेक्षा गरी विदेशबाट आयात गरिन्छ भने कृषकले कसरी आर्थिक लाभ पाउने ? यतिमात्र होइन, कृषकलाई सहुलियत दर–रेटमा उपलब्ध गराउनु पर्ने मल खाद यो समाजवादी नीति अख्तियार गर्न पर्ने सरकारले ३० प्रतिशत बढी मूल्य असूल गरी कृषकलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मल खाद बिक्री वितरण गर्छ। अनि मूल्य बढ्नु पर्ने कारण अन्त र्राष्ट्रिय बजारको हवाला दिने गर्छ।

खाडी युद्धको हवाला दिंदै आयल निगमले पेट्रोलको दाम २१ प्रतिशत बढाउँदा जनजीवनको कुन कुन पक्षमा यसले कस्तो कस्तो असर गर्छ भनेर के सरकारले बुझेको छ ? कारण जे पनि देखा उन सकिन्छ तर कुशल एवं योग्य सरकारले कहिल्यै कारण अर्काको टाउकोमा पन्छाउन सक्दैन।

अथाह जलस्रोतको भण्डार भएको मुलुकका जनताले विद्युत महसूल चर्को मूल्यमा चुक्ता गर्नु पर्छ। मुलुकमा उत्पादित बिजुली छिमेकी मुलुकमा बिक्री गरी अर्थोपार्जन गर्नु पर्ने सम्झौता गर्न नसकेपछि मूलुककै उपभोक्ताहरूबाट आर्जन गरेर भए पनि प्राधिकरणका कर्मचारीलाईबोनस र सहुलियत जुटाउन यही हप्ता विद्युत महसूलमा ६१ प्रतिशतले वृद्धि गर्ने विद्युत प्राधिकरणको निर्णयलाई सरकारले समर्थन जनायो।

आफ्नै स्रोत र साधनको आधारमा वढी से बढी सहुलियत प्राप्त गरेका कर्मचारीको समूह भएको दूर संचार सस्थानले के नपुग र अपुग भएर हो यो हप्ता टेलिफोन महसूलमा ५० प्रतिशत बढाएको ? यो निर्णय सुनेरै सबै अचम्ममा परेका छन्।

प्रजातन्त्रको भाषण सुनेर मान्छे बाँच्न सक्दैन। यो सत्यलाई सबै कार्यकर्ता, नेता र सत्तामा पुगेकाहरूले बिर्सनु र भुल्नु भएन। प्रजातान्त्रिक समाजवादको सिद्धान्त व्यवहारमा उतार्नु पर्ने दलका नेताहरू सबैले आफ्नो जिम्मेवारी भुले जस्तो लागेको छ। सबै बाँड चुँडमा व्यस्त भए जस्तो लाग्छ।

डर छ ! कतै यो प्रजातन्त्र मास्ने परिपञ्च त भइरहेको छैन ? कतै राष्ट्रिय अस्तित्व खतरामा पुऱ्याउने, जालसाँजी त भइ रहेको होइन ? यो विषयमा सबै बुद्धिजीवी, चिन्तक र राजनीतिज्ञ अत्यन्त चनाखो हुनु पर्ने अवस्था देखिन थालेको छ।

साप्ताहिक नेपाली आवाज २०४८।८।६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१५

न्यायिक व्यवस्थाः न्यायमूर्तिको छनौट

प्रजातान्त्रिक व्यवस्थाको मूल लक्ष्य मुलुकमा स्वच्छ एवं पूर्ण कानूनी राज्यको स्थापना गर्नु र त्यसलाई कायम राख्नु हो। यस क्रममा न्यायालय सँधै शुद्ध तथा विवादमुक्त भएर रहनु पर्छ। तब मात्र त्यसप्रति जनविश्वास बढ्न जान्छ। यसैको आडमा न्यायालयले राज्य, राज्यसत्ता र नागरिकलाई न्याय प्रदान गरिरहेको हुन्छ। यस हिसावले प्रजातन्त्रमा न्यायालय सर्वोच्च र सर्वशक्तिमान् निकाय ठहरिएको हुन्छ।

यसै क्रममा हाम्रो प्रजातान्त्रिक सम्विधानले गरेको व्यवस्था अनुसार १४ अंचल अदालत र पाँच क्षेत्रिय अदालतको साटो नौ स्थानमा पुनरावेदन अदालत हालै खडा गरी सरकारले आपनो दायित्व पूरा गऱ्यो भने न्याय परिषद्ले न्यायधिशहरूको नियुक्ति गरी कानूनी रीत पूरा गऱ्यो। यी दुवै नतिजाले जनतालाई सन्तुष्ट पार्न सकेन। विवाद यति चर्कियो कि विस्तृत उल्लेख गर्दा न्यायसेवाको अवहेलना हुने र नगर्दा अप्रजातान्त्रिक हुने द्विविधाको दोसाँधमा केही टिप्पणीं गर्न बाध्य भएकोले गर्नु परेको छ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पुनरावेदन अदालतको व्यवस्थाको घोषणाले पूर्वाञ्चलमा कालो झण्डाको प्रदर्शन भयो । प्रधानमन्त्रीको हैसियतले आफ्नै क्षेत्रको पहिलो भ्रमणले गिरिजा बाबूलाई अत्यन्तै तीतो तुल्यायो भने मुलुकका सम्पूर्ण प्रबुद्ध एवं प्रजातान्त्रिक र सभ्य नागरिकलाई स्तब्ध बनायो । अझ न्यायाधीशहरूको नयाँ नियुक्तिले जनमानसमा अविश्वासले गहिरो जरा गाड्यो ।

अन्यायमा परेकाले भित्री हृदयदेखि नै आफैसंग प्रश्न गरेका हुन्छन् । उसलाई अन्यायबाट कस्ता न्यायमूर्तिले न्याय प्रदान गर्न सक्छन् ? कुन मनोवृत्ति र सिद्धान्त धारणा गरेका होलान् ती न्यायाधीशले ? के उनले गरेका निर्णय शतप्रतिशत नै सत्यकै आडमा हुने गर्छन् त ? आदि ।

न्याय सत्य हो भने असत्य अन्याय हो । अर्को अर्थमा सत्य-असत्यको बीचको द्वन्द्वमा सत्यको पक्षमा निर्णय दिनु न्याय हो भने त्यस्तो निर्णय असत्यको पक्षमा पर्न गयो भने अन्याय हो । कुनै अदालतबाट भएको फैसला चाहे त्यो सत्यको वा असत्यको पक्षमा होस् त्यसलाई भनिंदा न्याय दिएको भनिन्छ । त्यहाँ अन्याय नै भए पनि न्याय नै भएको ठहरिन्छ । यो प्रजातान्त्रिक परिपाटीको न्याय व्यवस्था हो । यसलाई मान्नुपर्छ, नमान्दा असभ्य सावित हुन्छ ।

आजको अदालती न्याय व्यवस्था युरोपेली न्याय व्यवस्थाको सिद्धान्त अनुरूप प्रचलनमा आएको व्यवस्था हो । यस व्यवस्था अन्तर्गत न्याय पाउन बढी से बढी समयको आवश्यकता मात्र पर्ने होइन, ठूलो धनराशीको पनि त्यत्तिकै खाँचो हुन्छ । त्यसपछि पनि कुन हदसम्म न्याय हुन्छ, त्यो हामी सबैले भोगे-जानेकै कुरा हो । स्पष्ट भाषामा भन्ने हो भने यो न्यायिक व्यवस्था हाम्रो जस्तो अशिक्षित नागरिकको बाहुल्य भएको देशमा सफल साबित हुन सक्दैन, बरू वकिल र न्यायाधीश पेशाका व्यक्तिहरू यस व्यवस्थामा रमाइला नाटक गरेर जनतालाई कानूनी रूपले शोषण गर्न समर्थ भएका हुन्छन् ।

प्रसङ्ग यहाँ पुनरावेदन अदालतको व्यवस्था र त्यस अदालतमा न्यायाधीश हुने सौभाग्य पाएका व्यक्तिहरूको बारेमा हो । नीति-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

र नियमको पालना भएकोछ भन्नुभन्दा अदालतका न्यायाधीशको छनौट र नियुक्तिका बारेमा अवलम्बन गरेका नीतिका बारेमा गहिरिएर निहाल्नु जरुरी देखिन्छ। दश वर्ष कानूनी कार्यमा संलग्न भन्नाले चाहे कानून मन्त्रालयमा संलग्न व्यक्ति होस् चाहे वकालत पेशामा संलग्न खुद्रा वकिल होस् जो सुकैलाई पुनरावेदन जस्तो गरिमामय अदालतको न्यायाधीश पदमा ठाडै नियुक्ति गर्न सकिने कानूनी प्रावधानले श्री ३ महाराजले जर्नेली दिंदा तोक बोलेको जस्तो हुन गयो। कमसेकम तीस वर्ष कानूनी सेवा गरेको भनिएको भए कम्तिमा पचास वर्ष उमेर पुगेको परिपक्व एवं अनुभवी व्यक्तित्वको चयन हुन सक्थ्यो ।

नातावाद, कृपावाद तानाशाही व्यवस्थाको मात्र उपज होइन, अपरिपक्व प्रजातान्त्रिक व्यवस्थाको पनि कमजोरी हो भन्ने कुरा प्रधान एकै न्यायाधीश विश्वनाथजीको घरका तीन भाइ न्यायाधीश बनेर देखाएपछि र राजनीतिमा प्रतिद्वन्द्वीलाई थान्को लगाउन वकिल पेशाका राजनीतिज्ञ विजयकुमार गुप्तालाई न्यायाधीशमा असफल नियुक्ति गरेपछि छर्लङ्ग भएको छ ।

न्यायाधीश अत्यन्त विवेकशील, प्रलोभन र निहित स्वार्थबाट मुक्त, अत्यन्त सत्यवान् तथा आफ्नो कर्तव्यप्रति निष्ठावान् साथै व्यवहारको पोख्त, अनुभवी हुनुपर्छ । त्यस्ताले मात्र सही न्याय प्रदान गर्न सक्छ । त्यसैले न्यायाधीश छनौट र नियुक्तिको कानूनी व्यवस्था जेसुकै भए तापनि साधारण जनताले अदालतमा साँच्चै नै न्यायमूर्ति नै देख्न चाहन्छ । कानून स्वयंमा अन्धो हुने हुँदा उज्यालो र अँध्यारोको फरक देख्न सक्ने र सत्य र असत्य छुट्याउन सक्ने दयालु एवं अत्यन्तै विवेकशील व्यक्तिद्वले न्याय प्रदान गरेको अनुभव गर्न चाहन्छ।

साप्ताहिक नेपाली आवाज २०४८।८।१३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१६

वकिली व्यवस्था सबैको लागि न्याय !

सबैका लागि न्याय– यो सत्य एवं अत्यावश्यकीय विषय–लाई मूल नारा बनाएर नेपाल बार एशोसिएशनले आफ्नो पाँचौं अखिल नेपाल कानून व्यवसायीहरूको तीन दिने सम्मेलन यसै हप्ता समाप्त गऱ्यो । समान पेशाका व्यक्तिहरू एकै ठाउँमा जम्मा भई आफ्नो पेशागत हकहितका बारेमा छलफल गर्नु र अझ जनतामा त्यस-बाट पर्न गएका असरका बारेमा मूल्याङ्कन हुनु ज्यादै राम्रो परिपाटी हो। तर प्रायः यस्ता सभा–सम्मेलनहरू राष्ट्र र जनताका लागिभन्दा आफ्नो समस्या र आफ्नो हकहितका बारेमा मात्र केन्द्रित हुने परम्परा अनुसार यो सम्मेलन पनि पृथक हुन सकेन ।

अखिल नेपाल कानून व्यवसायीको सभा भन्नाले नेपालभरिका वकालत पेशा गर्ने वकिलहरूको जमघट भन्ने बुझिन्छ । यस्तो सभा-सम्मेलनमा दुःखी एवं निरीह, सबै क्षेत्रबाट थिचिएर, मिचिएर र अन्यायमा परेर जसोतसो बाँचिरहेका बहुसंख्यक देशका नागरिक-हरूले कसरी सुलभ किसिमबाट न्याय पाउँछन् – त्यसतर्फ सोच्नु जरूरी थियो। कानून सम्बन्धी कडा कडा भाषण त शिक्षण संस्थाको कक्षामा कानूनका विद्यार्थीहरूको सामु व्याख्या गर्ने विषय हो । व्यावहारिकतामा कुनै पनि कानून व्यवसायीले ठूलो स्वरमा भाषण

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गर्नु सुहाउने कुरा होइन चाहे त्यो वकिलको सामु होस्, चाहे न्यायाधीशको सामु । कानून जस्तो सम्वेदनशील तत्वलाई ठूलो स्वर र भाषणले होइन, तर्कसङ्गत उचित कानूनी व्याख्याले न्यायलाई कोट्याउन सक्नुपर्छ र सत्य एवं अकाट्य न्याय हो या भनेर जनसाधारणमा स्पष्ट देखाउन सक्नुपर्छ ।

हाल हाम्रो मुलुकमा न्यायप्रदान गर्ने प्रणाली हाम्रो देशको उपज होइन । यो न्यायिक पद्धति पूर्ण विकसित देश जहाँका जनता ९० प्रतिशतभन्दा बढी शिक्षित एवं चेतनशील छन – बेलायत, फ्रान्स, जर्मनी, जापान र अमेरिका जस्ता मुलुकहरूमा मात्र प्रभावकारी रूपमा सफल हुन सक्छ । तर साँच्चै भन्नु भने यो न्यायिक पद्धति त्यति प्रभावकारी हुन नसकेकोले, अझ वास्तविक न्याय सरल ढंगबाट कसरी दिन सकिन्छ भनेर यो न्यायिक पद्धतिको विकल्पको खोजीमा कैयौं चिन्तक र बुद्धिजीवीहरू लागिरहेका छन् । यो अवस्थामा हाम्रो जस्तो अल्प विकसित तथा ८० % निरक्षर नागरिक बसोबास गर्ने मुलुकमा कस्ता न्याय प्रणाली व्यवस्था गर्नु पर्ने हो– यो सोच्नीके गम्भीर विषय हाम्रो सामु छ ।

वर्तमान न्यायव्यवस्था अबुझ एवं निमुखा जनतालाई न्याय दिने पनि व्यवस्था छ भनी भलभुलैयामा पार्न रचिएको परिपञ्च हो, न्यायाधीश र वकिल मात्र मोटाउने र सप्रने माध्यम हो । यो न्यायिक व्यवस्थाले न्याय खोज्न जाने ९० प्रतिशतले अन्याय स्वीकार्नु पर्छ । यो सत्यलाई भुक्तभोगीले मात्र बुझेका छन् ।

न्यायालयमा न्याय माग्न जानभन्दा अघि वकिलको ढोका ढकढकयाउन् पर्छ, आफूलाई परेको मर्का मात्र सुनाउन खोज्दा पनि रू. ५०– पहिले नै तिर्नुपर्छ । न्याय माग्नका लागि फिरादपत्र लेख्दा र फिराद दर्ता गर्न् पर्दा कम्तीमा अर्को रू० १५००।– खर्च हुन्छ । वादी तारिखमा बसेपछि तारिख मात्र थोकेर पुग्दैन विपक्षलाई म्याद तामेल गराउन, फाँटवालालाई चाकडी र महिनौं सिपाहीसंग हिडेर हजारौं रूपियाँ खर्च गरेपछि मात्र म्याद तामेल हुन्छ । फरि विपक्षले प्रतिवादी जोडेपछि प्रमाण बुझ्ने आदेश गराउन वकिललाई हजारौं रूपैयाँ शुल्क तिरेर अदालतमा उभ्याउनु पर्छ । त्यसपछि कति समय लाग्छ र कति रूपियाँ खर्च हुन्छ भन्ने चाहि मुद्दाको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

प्रकृति र वकिलको मनोवृत्तिले निश्चय गर्छ । सुरु अदालतमा कम्तीमा एक वर्ष र बढीमा दश वर्षसम्म लाग्छ भने बेहिसाव रूपैयाँ खर्च हुन्छ । यसपछि के नतिजा निस्कन्छ त्यो भगवान्भरोसा छ ।

यो त सुरु जिल्ला अदालतको कथा हो । बेजिल्लामा भएको पुनरावेदन अदालत धाउनु पर्‍यो भने हप्तौं त जान आउन समय लाग्छ । पटक पटक आउँदा जाँदा बस्न खान आफैंलाई कति लाग्छ ? फेरि सर्वोच्च अदालत राजधानीमा छ । राजधानीमा एक जनाको एक हप्ताको खर्चले गाउँमा वर्षभरी खान पुग्छ ।

त्यसैले कस्तो न्यायिक प्रणालीले गाउँका कृषक र शहरका मजदुर, जो अन्यायमा परेका छन्, लाई सुलभ न्याय प्रदान गर्न सकिन्छ भन्ने विषयलाई यो कानून व्यवसायीहरूको सम्मेलनले छलफलमा ल्यायो ? वा यस सम्मेलनमा वकिलहरूले असूल गर्ने मनपर्दो शुल्क सम्बन्धमा केही बोलिए ? – यो हाम्रो छलफलको विषय बनाऊँ ।

साधारण वकिलले अदालतमा एक दिन बहस गर्नु पर्‍यो भने रू. १००० देखि रू० ३००० सम्म र वरिष्ठ वकिलले रू २००० देखि रू० ८००० सम्म शुल्क असूल गर्ने गरेका छन् । वार्षिक प्रति व्यक्ति रू० ६८५।– आम्दानी गर्ने नेपालीको छोराले वकिललाई एक घण्टा बहस गरेको रू० ८०००।– तिर्नु पर्दा उसको १२ वर्षको कमाइ बुझाउनु पर्छ । के यस्तो अवस्थामा सबैको लागि न्याय सम्भव हुन सक्छ ? यो प्रश्न विद्वान वकिलहरूलाई हो ।

अर्कोतर्फ न्यायाधीशहरूको तलब पारिश्रमिक महिनाको रू० २५००।– देखि रू० ५५००।– सम्म तोकिएको छ, जबकि वकिलको एक घण्टाको बहसको शुल्कभन्दा कम छ । यस अवस्थामा वास्तविक न्याय प्रदान गर्नु पर्ने न्यायाधीशको मनस्थितिमा के प्रभाव पर्छ ?

यो न्यायिक प्रणालीको सबै पक्ष यस्तै कमजोर भएको हुँदा यस प्रणालीद्वारा कानूनी राज्यको स्थापना हुन सक्छ भन्नु व्यर्थ हो । यो अत्यन्त अवैज्ञानिक र अव्यवहारिक प्रणाली भएको हुँदा यसबाट सबैको लागि न्याय प्राप्त हुन सक्दैन ।

साप्ताहिक नेपाली आवाज २०४८।८।२०

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

SRI JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY
Jangamwadi Math, Varanasi
ACC No. 8354

१७

खुला मंच कि खुला बजार ?

काठमाडौंस्थित खुला मञ्चमा आज भोलि खुला मञ्चको उद्देश्य अनुरूप कार्य नभई खुला बजार स्थापना भएको छ । खुला मञ्चको अर्थ– स्थानीय नगरको सांस्कृतिक कार्यक्रमको झाँकी निरन्तर रूपमा प्रदर्शन गर्ने निश्चित स्थान हो । यो उद्देश्य अनुसार आजभन्दा आठ वर्ष अघिसम्म रत्नपार्कस्थित खुला मञ्चमा नेपालको सांस्कृतिक झाँकी प्रदर्शन हुन्थ्यो र समय समयमा राजनीतिक भाषणको पनि कार्यक्रम हुने गर्थ्यो । तर आज भोलि खुला मञ्चको अर्थ खुला बजार व्यवस्था हो र मनपर्दी गर्ने खुला स्थान हो ।

२०१९ सालमा निर्माण आरम्भ भै २०२१ सालमा समाप्त भएको खुला मञ्चको रेखदेख तत्कालीन बागमती अंचलाधीश कार्यालयले गर्दै आएको थियो । त्यस अनुसार मञ्चमा कुनै कार्यक्रम संचालन गर्नु पर्दा अञ्चलाधीश कार्यालयको अग्रिम स्वीकृति भएपछि मात्र त्यस एरियाको ढोकाको ताला खुल्थ्यो । त्यस हिसाबले त्यो क्षेत्र मतलब खुला मञ्चअगाडिको चौर हरियो र मनमोहक थियो । साथै रत्नपार्क अत्यन्त रमणीय थियो ।

आज भोलि खुला मञ्चको प्राङ्गणमा सस्तो बजार खुलेको छ । हङकङ र बैंककको माल सस्तो पाइन्छ भन्ने हल्लामा धेरै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मानिसहरू त्यहाँ सामान खरीद गर्न जान्छन् र सयौं विभिन्न पसलहरू भएको हुँदा त्यस थलोलाई हङकङ बजार भन्ने पनि गर्दछन्। त्यहाँ बिहान ८ बजेदेखि बजार सजाउन सुरू गरिन्छ र आठ बजे पूर्ण बजार सुरु हुन्छ र साँझ ३ बजेपछि बजार बन्द गरी सामानहरू त्यहाँबाट लैजाने गर्दछन् । त्यस बजारमा पसल राख्न व्यापारीले रू० ५।- (पाँच) प्रतिदिन तिर्नु पर्दछ भन्ने कुरा बुझिएको छ । यो रकम सार्वजनिक उद्यान समितिका कर्मचारीले उठाउँछन् भन्ने पनि बुझिएको छ ।

खुला मञ्चको उद्देश्य अनुरूप नभई त्यहाँ बजार व्यवस्था भएकोमा वर्तमान सरकारको कुनै निकायलाई पनि चासो नहुनु अत्यन्त चिन्तालाग्दो विषय हो । पहिले अञ्चलाधीशले गरिआएको सबै काम कार्यवाही जिल्ला प्रशासन कार्यालयको जिम्मामा आउनु पर्ने हो । जिल्ला प्रशासन कार्यालयले शायद आफ्नो कार्यक्षेत्रभित्र सम्झेको छैन जस्तो लाग्छ । होइन भने त्यस्तो जथाभावी पसल खोल्न दिएर खुला मञ्चको त्यस्तो दुर्दशा हुँदा किन मौन छ ?

त्यो पसलको वहाल सार्वजनिक उद्यान समिति कार्यालयले असूल गर्ने गरेको हुँदा यो वातावरण मन्त्रालय अन्तर्गत हुनु पर्ने हो । त्यसले वन तथा वातावरण मन्त्रालयमा यो समितिको काम कार्यवाहीको जिम्मा सुपुर्दगी भएको हुँदा वन तथा वातावरण मन्त्रालयले नहेरेको हुन सक्छ । यो सार्वजनिक उद्यान समितिले गर्ने गरेको उद्यान संरक्षण तथा विकास वन तथा वातावरणसँग सम्बन्धित हुनु पर्ने हो ।

मल्लकालदेखि सुरक्षित यो टुँडिखेलको चौकिल्ला छन्दा यसरी भनिन्थ्यो – रानीपोखरीदेखि दक्षिण, त्रिपुरेश्वरदेखि उत्तर, त्रिपुरेश्वर–भोटाहिटी बाटोदेखि पूर्व र तीनधारा पाठशाला–भद्रकालीदेखि पश्चिम भनिने गर्थ्यो । २०२० सालपछि दक्षिण सानो टुँडिखेल, दशरथ रङ्गशाला र उत्तर रत्नपार्क छुट्याई बीचको खरीको बोटको भाग शाही नेपाली सेनालाई जिम्मा दिएको हो ।

यी तीन भागमध्ये रत्नपार्कको भाग खुला मञ्च समेत ज्यादै अव्यवस्थित र गैरजिम्मेवारी तवरले चलेको छ – त्यसैले यो सार्वजनिक चासो बन्न गएको हो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi.

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

स्थानीय प्रशासन तथा वन तथा वातावरणले नहेरेपछि नगरपालिकाले हेर्नु पर्न हो । यो खुला मञ्चलाई नगरपालिकाले पनि यस कारणले ध्यान दिएको छैन कि यो टुँडिखेलको पर्खालको घेराभित्र बाँधिएको छ । नगरपालिकाले यो सोच्नु पनि ठीकै हो, किनभने यो एरिया अञ्चलाधीश कार्यालयले हेरेको थियो ।

सुरुमा शाही सेनाको मातहतमा भएको टुँडिखेल पछि अञ्चलाधीशले रेखदेख गर्‍यो । अब जिल्ला प्रशासन र वन तथा वातावरण मन्त्रालयले भन्दा नगरपालिकाले हेर्नु पर्छ । हुन त हाल नगरपालिका कार्यालय नियमित बनिसकेको छैन । नगरपालिकाको चुनाव कहिले हुने हो ? त्यहाँ जनप्रतिनिधि कहिले पुग्ने हुन ? र शहरका यस्ता अव्यवस्थित स्थानहरूको सुरक्षाको सुव्यवस्था कहिले हुने हो ?

मनपर्दो र भाँडभैलो बढ्दै गयो भने पछि नियन्त्रण गर्न सकिदैन । समयमै रोक्न सकिएन भने पछि व्यवसाय गरिआएका व्यक्तिहरूको मनोबल बढ्न सक्छ र सार्वजनिक स्थल व्यक्तिगतमा परिणत हुन सक्छ– यो अत्यन्त सार्वजनिक र महत्वपूर्ण प्रश्न हो ।

साप्ताहिक नेपाली आवाज २०४८।८।२७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१८

पाँच करोडमा प्रजातन्त्र बेच्ने !

"के प्रधानमन्त्रीको मूल्य पाँच करोड हो ?" अनायास एक नेपाली इन्जिनियरले मलाई यो प्रश्न चीनको गुवाङ्डङ्ग प्रान्तको शेन्जनमा सोधे । यो हप्ता म चीन प्रवासमा थिएँ । यो कुरा मलाई देशभित्रै सुन्नु परेको भए सायद मेरो दिमाग चकराउने थिएन । हरेक दिन झैं मिथ्या प्रचारको बाढी आउने हाम्रो देशमा यस्तो अनर्गल कुरा कुनै पत्रिकामा छापन वा कुनै सञ्चार माध्यमबाट प्रसारण हुनु अस्वाभाविक हुँदैन, तर यो मिथ्या प्रचारको खेती विदेशमा पनि हुनु र प्रधानमन्त्री जस्तो सम्मानित पद पाँच करोडमा बिक्री भएको छ भन्नुभन्दा ठूलो दुःखलाग्दो विषय अरू के हुन सक्ला !

नेपालको आधाभन्दा बढी दक्ष जनशक्ति हरेक वर्ष पलायन हुने गर्दछ । देशभित्र उचित अवसर र सन्तोषजनक मजदुरीको अभावमा सयौं मेडिकल डाक्टर, इन्जिनियर र अन्य विषयका विशेषज्ञहरू अमेरीका, यूरोप, मध्यपूर्व र दक्षिणपूर्व एसिया तथा जापानमा समेत कामको खोजीमा पुगेका हुन्छन् । चीनको गुवाङ्डङ्ग प्रान्तको शेन्जन खुला आर्थिक क्षेत्र हो । त्यहाँ विदेशी पूँजीको भर-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मार लगानी भइरहेछ । चीन, कोरिया र हङ्कङ्का निर्माण कम्पनीमा एक नेपाली इन्जिनियर पनि रहेको कुरा मैले सेन्जनमा थाहा पाएँ– त्यो देख्दा एक प्रकारले खुशी र एक प्रकारले विस्मात पनि भयो । प्रवास, त्यहाँ पनि चीनमा नेपाली इन्जिनियर देख्नु नौलो विषय नै थियो । प्रवासको समयमा आफ्नो देशवासी भेट्दा निकै न्यास्रो लागेपछिको भेट झैं हुन्छ । हामीले आपसमा भलाकुसारी गर्‍यौं र कुराकानीको सुरमा उनले मलाई माथिको प्रश्न गरेका थिए ।'

तपाईंले यस्तो हचुवा कुरा कहाँ सुन्नुभो ? मैले सोधें । यो कुरा उनले हङकङमा रहेको बृटिस फोर्स ब्रोडकास्टिङबाट सुनेका रहेछन् । हङकङमा नेपाली भाषामा प्रसारण हुने रेडियो हङकङ वरिपरिका अन्य देशमा पनि राम्ररी सुन्न सकिन्छ । त्यहीं रेडियोले आफ्नो प्रसारणको क्रममा एक दिन फलाकेछ – 'प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दरबारसँग पाँच करोड लिएर प्रजातन्त्रलाई बेचे ।" नेपालबाट प्रकाशित हुने एक अखबारको हवाला दिंदै प्रसारित यो समाचारले म जस्तै देशभक्त र प्रजातन्त्रवादी नेपालीको दिमाग चिस्याउने नै भयो । यही कुरा काठमाडौंमा सुनेको भए त्यति अचम्म लाग्दैनथ्यो । यस्ता हावादार समाचार नेपालमा हरेक दिन हजारौं प्रतिमा छापिन्छन् र हामी विना हिचकिचाहट स्वीकार गर्छौं र हामी हरदिन त्यसलाई पचाउन प्रयास गरिरहेछौं ।

प्रधानमन्त्रीले पाँच करोड दरबारसँग किन लिने र दरबारले किन दिने ? प्रजातन्त्र पनि व्यक्तिले बेच्ने वस्तु हो र ? यस्ता सामान्य चिन्तनका विषयलाई अलिकति पनि नसोची अनर्गल प्रचारबाजीको खेती गर्ने र प्रजातन्त्रलाई मूल्यमा दाँज्ने, प्रजातन्त्रको छविलाई धमिल्याउने तत्व देशभित्र मात्र होइन संसारभरि नै सक्रिय छ । राष्ट्रिय विश्वास र सम्मतिमाथि यसबाट प्रहार हुँदैन र ? यस्ता कुरा प्रजातन्त्रका लागि 'हरिया बत्ती' होइनन् । स्वतन्त्रता छाडातन्त्र होइन र यसको सीमा अनुशासन वैचारिक सम्मानना र संयमभित्र तोकिएको हुन्छ । यस्ता कुरालाई सबै क्षेत्र र कोणबाट वैचारिक रूपमा परास्त गर्नु आजको खाँचो हो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बृटिस गोर्खाको बेलायतमा र हङकङमा रेडियो प्रसारण केन्द्र छ । ती केन्द्रहरूवाट देशभित्र अविश्वास, विखण्डन र अनास्था जाग्ने समाचारहरू प्रसारण नभए नै राम्रो । देशभित्रका सहीं गतिविधि, तथ्यपूर्ण समाचार, भाषा र संस्कृतिको उन्नति हुने खालका सामग्री प्रसारण भएमा प्रवासमा रहेर पनि पराईको अनुभव कसैले गर्नु पर्दैन थ्यो । सकेसम्म देशको इज्जतमाथि प्रश्नचिन्ह खडा हुने कुरा प्रसारण नभए ती प्रसारण केन्द्रहरूको पनि गौरव वृद्धि हुने थियो फि !

साप्ताहिक नेपाली आवाज २०४८।६।१२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

१९

वैज्ञानिक ठगी: भाग्यशाली कुपन

गत केही समयदेखि निजी क्षेत्रमा सञ्चालित केही कम्पनीहरूले विभिन्न कार्यक्रमको नाउँमा ब्याजदर आफूखुशी तोकी निक्षेप स्वीकार गर्ने जस्ता कार्यहरू गरेको देखिएकोले नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति बिना सर्वसाधारणबाट निक्षेप लिने, कर्जा दिने, ऋण-पत्रका डिभेन्चर जारी गर्ने, ब्याज निर्धारण गर्ने आदि कार्यहरू गर्नु गैरकानूनी भएकोले जानकारी गराइन्छ – यो गोरखापत्रको प्रथम पृष्ठमा यही हप्तामा मात्र नेपाल राष्ट्र बैङ्कले अत्यन्त जरूरी सूचना प्रकाशित गरेर सर्वसाधारणलाई जानकारी दियो ।

तपाईंको भाग्य निर्माण गर्नुहोस्, प्रति महिना रू० १५० तिर्नुहोस्– सुपर बम्पर योजना । रू० ५००० मा घरको साइत गर्नुहोस् – सुपर रिगल स्टेट । प्रत्येक महिना घर, टी॰ भी॰, मोटर साइकल पाउन ओ. के. बम्पर कार्यक्रमको सदस्य बन्नुहोस् आदि सूचनाहरू पनि सरकारी सञ्चार माध्यम टी॰ भी॰, रेडियो र गोरखापत्रबाट सर्वसाधारण जनताले जानकारी पाउँदै आएका छन्। सर्वसाधारण जनतालाई कानूनी र गैरकानूनीको फरक के थाहा ? उनीहरू त रेडियोबाट सुनेर दुक्क भए, टी. भी हेरेर मख्ख परे

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

र गोरखापत्रमा पढेर निश्चिन्त भए। अब उनीहरूलाई कुन सरकारी निकाय वा निजी क्षेत्रबाट भन्ने यो गैरकानूनी हो ! फटाहाहरूको भूलभलैया हो ! पूर्ण वैज्ञानिक ठगी हो !

भाग्यशाली कुपन खरीद गर्न र आफ्नो भाग्यलाई अजमाउने काम गर्न को चाहँदैन ? फेरि यस्तो आकर्षक आवरणले यो कार्यक्रमलाई छोपछाप गरिएका छ कि मै हुँ भन्ने अर्थशास्त्रीको पनि एक क्षण दिल दिमाग हल्लाउँछ । यो गरीब देशका अभावग्रस्त नागरिक विना परिश्रम र विना लगानी भाग्यकै भरमा कोठामै रङ्गीन टी. भी. सेट आइपुग्ने, श्रीमती पछाडि राखर वा श्रीमान् पछाडि आफू बसेर शहर बजार घुम्न हिरो मोटर साइकल पाउने र डेराको बहालै तिर्नु नपर्ने गरी आफ्नै घरको बन्दोवस्त हुने अनि यस्ता आधारभूत आवश्यकता प्राप्त गर्न जिन्दगीभर लडाइँ गर्दा पनि पूर्ति नहुने वस्तु भाग्यकै भरमा प्राप्त हुने भएपछि यसतर्फ आकर्षित हुनु स्वाभाविक हो ।

प्रजातन्त्रमा कानूनको आधारमा राज्य व्यवस्था सञ्चालन हुन्छ । राज्यमा कानूनको विपरीत काम कार्यवाही गर्ने व्यक्ति वा संस्थालाई कानून बमोजिम दण्ड सजाय हुन्छ । यसरी कानूनको मर्यादा रहँदा प्रचलित व्यवस्थाप्रति जनविश्वास बढ्छ । गैरकानूनी क्रियाकलाप मुलुकभित्र विस्तार हुँदा पनि सरकारले केही नगरी खुला छुट दिइरहन्छ भने जनता अन्यायमा पर्छन् र राष्ट्रलाई घात हुन्छ– यो कसैले बिर्सने कुरा होइन ।

नगद प्राप्त हुन्छ भन्दैमा सरकारी प्रिन्टिङ्ग मिडियाले जे पायो उही वा गैरकानूनी विज्ञापन छाप्न हुन्छ वा हुँदैन ? त्यस्तै इलेक्ट्रोनिक मिडियाले प्रसारण गरेका कुरामा कुन कस्तो प्रमाणले सरकारी नीतिमा के असर पर्छ भन्ने कुरा कसले हेर्ने ? यहाँ कहिले प्रजातन्त्रको दुहाई दिएर केही कुराको व्याख्या गरिन्छ भने कहिले स्वशासित संस्थाले आफ्नो नीतिगत निर्णय लिन सक्छ भनेर पन्छने प्रचलनले गर्दा सरकार, मन्त्रालय र सरकारी जिम्मेवारीमा विकृति देखिन थालेको छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यो समस्या अन्तरिम सरकारका पालामा नै नदेखिएको होइन, तर त्यस वखतमा गृहमन्त्रीले यसलाई कानूनी रूप दिन जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्न आदेश दिए, कतिले दर्ता गरे कतिले गरेनन् । यो आदेशले सर्वसाधारण जनता झन् ढुक्क परे कारण सरकारले गैरकानूनी भर्ना बन्द गर्नुपर्ने ठाउँमा झन् दर्ता गर्न आदेश दियो, त्यसपछि त्यस्ता कार्यक्रम सञ्चालन गर्ने कम्पनीहरूले सरकारी दर्ता नम्बर टाँगेर आफ्नो खुला विज्ञापन गर्न थाले । सरकारबाट त्यसलाई कानूनी मान्यता प्राप्त भएपछि झन् यो व्यवसायमा मान्छेहरूको आकर्षण बढ्दै गयो ।

यो गैरकानूनी हो भन्न कर लगाउन मात्र सरकारलाई कसरी कानूनी भन्ने ? यो प्रश्न उद्योग मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्र बैंकलाई हो ।

आफ्नो भाग्य खोल्न नून-तेल खाने पैसा जनताले गुमाइसकेपछि र केही टाठाबाठा र फटाहाहरू करोडपति बनिसकेपछि निक्षेप लिने, कर्जा दिने, ऋणपत्र वा डिबेन्चर जारी गर्ने र ब्याज निर्धारण गर्ने कानून बमोजिम राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने भनेर आज मात्र किन भनियो ? हिजो नै किन सरकारी वकिल वा राष्ट्र बैङ्कको वकिलद्वारा त्यस्ता गैरकानूनी क्रियाकलाप गर्ने कम्पनी वा व्यक्तिलाई मुद्दा चलाइएन ? प्रहरी र स्थानीय प्रशासन किन चुप रह्यो ?

विश्वका विकसित एवं विकासोन्मुख मुलुकहरूमा केही फटाहाहरूले सरकार र जनतालाई ठगी गर्न अनेकानेक वैज्ञानिकता र तरिकालाई प्रयोग गरिरहेका हुन्छन् । यस्तो वैज्ञानिक जालमा कहिले जनता त कहिले सरकार र कहिले सम्पूर्ण मुलुक फस्छ र केही व्यक्तिहरू बडो छिटो अवधिमा धनाढ्य बन्छन् । यसलाई रोक्न सरकार र जनता ज्यादै चनाखो हुनुपर्छ होइन भने कुनै पनि समयमा डुबिन्छ ।

धन्यवाद राष्ट्र बैङ्कलाई ! ढीलै भए पनि बुझेकोमा र सर्वसाधारणलाई सार्वजनिक सूचना गरेकोमा ।

साप्ताहिक नेपाली आवाज २०४८।६।१६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२०

अप्रजातान्त्रिक प्रकृया वा प्रजातन्त्र

गत हप्ता गिरिजावाबूको मन्त्रिमण्डलमा ठूलो हेरफेर भयो । पूर्ण प्रजातान्त्रिक प्रक्रयाद्वारा गठन भएको मन्त्रिमण्डल एक वर्ष पनि नपुग्दै पुनर्गठन गर्नुपर्ने आवश्यकता किन भयो ? पुनर्गठन गर्दा पूर्व घोषणा गरे अनुसार एक मन्त्री एक मन्त्रालय किन कायम भएन ? फेरि मन्त्री थप गर्नुपर्ने छ या छैन– यो साँच्चिकै चासोको विषय भएको छ ।

प्रधानमन्त्रीले आफ्नो मन्त्रिमण्डलमा हेरफेर गर्न नपाउने भन्ने कुरा होइन, जरूर पाइन्छ तर कसरी फेरबदल - थपघट वा पदस्थापन– पदच्यूत गर्नुपर्छ भन्ने कुरा जान्नु पऱ्यो, जुन एक्सन-लाई पार्टी, प्रबुद्ध वर्ग र जनताले समर्थन जनाओस् अथवा विश्वास कायम राखोस् ।

मन्त्रिमण्डल गठन भएको एक महिनामा नै गिरिजाबाबूले दुईजना राज्यमन्त्री थप गर्नु भयो भने अहिले सात महिनामा भुईं-चालो नै ल्याइदिनु भयो। अब आफूसँग भएको तीन मन्त्रालयको जिम्मा अझ दुई मन्त्रीलाई उहाँले बुझाउनुछ । यसको लागि कहिले फेरबदल गर्नु हुने हो - यो अनिश्चित छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आफ्नै पार्टीका केन्द्रीय सदस्यहरू रहेको एकमना मन्त्रिपरिषद गठन भएको थियो। सुरूमै गिरिजाबाबूले देशव्यापी रूपमा अनुरोध गर्नु भएको थियो– यो सरकारलाई एक वर्ष कसैले वा कुनै क्षेत्रबाट विरोध नगरोस् र काम गर्न देओस् । तर गिरिजाबाबूले आफ्नो क्याबिनेटका ६ जवान मन्त्रीहरूलाई पदच्यूत गरेर आफ्नो भनाइमा आफू कायम नरहेको कुरा छर्लङ्ग देखाएर आफूभित्रको कमजोरीलाई जनसमक्ष उदाङ्ग पारिदिनु भयो ।

एक मन्त्रीको परिवर्तनमा राज्यले कति नोक्सानी सहनु पर्छ भन्ने कुरा गहिरिएर खोज गर्नेले मात्र थाहा पाउन सक्छ । नयाँ मन्त्रीको प्रवेश हुने बित्तिकै मन्त्रालयदेखि विभाग, अन्य कार्यालय र जिल्ला कार्यालयहरूदेखि लिएर सम्वन्धित संस्थानहरूमा ठूलो हलचल मच्चिन्छ । महिनौं दिन नीतिगत र महत्वपूर्ण विषयको निर्णय हुन सक्दैन । एक किसिमको काम बन्द हुन्छ, चिनजान र पहुँचको लागि घोडदौड सुरू हुन्छ । महिनौं दिन बधाई–शुभकामना र भोजले नयाँ मन्त्रीजीको सोच्ने र काम गर्ने दिल–दिमाग बन्द हुन्छ । मन्त्रीसँग मन्त्रालय र मन्त्रालयसँग मन्त्रीको समन्वय कायम हुन नै ४,६ महिना लाग्छ । अर्कोतर्फ नयाँ मन्त्रीलाई मोटर, घरको व्यवस्था र आवश्यकीय घरको सामान, फर्निचर, झ्यालको पर्दा, ओछ्याउने गलैंचा, बस्ने सोफादेखि सिरक, डसना समेत दिने व्यवस्थाले लाखौं रूपैयाँको लगानीको साथै सचिव, ड्राइभर, अर्दली र भान्छे समेतको सुविधा दिंदा राज्यले खप्नु पर्ने भार अलग्गै छ ।

मन्त्री पद कुनै स्वचालित मेसिन होइन । जोसुकै र जस्तोसुकै मान्छेलाई पदासीन गराउन सकिन्छ भन्नु पनि ठीक होइन । प्रशासनलाई ठीक हाँक्न सक्ने कुशल चालक बन्न समय लाग्छ । यस्तो चालकलाई कुशलता प्रदान गर्न राज्यले ठूलो लगानी गर्नुपर्ने हुन्छ। त्यसैले मन्त्री पदको परिवर्तनले सरकारमा अस्थिरता कायम हुन्छ भने राष्ट्रविकासको गति अगाडि बढ्नुको सट्टा पछाडि हटिरहेको हुन्छ ।

गिरिजाबाबूको कार्यकुशलताको प्रश्न आउने बित्तिकै उहाँका सल्लाहकारका बारेमा पनि बुझ्नु पर्ने जरूरी हुन्छ । यो पटकको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मन्त्रिमण्डल पुनर्गठनमा गिरिजाबाबूप्रति धेरैको विश्वास हटेको छ। कारण पदमुक्त मन्त्रीहरू साधारण नभै पार्टीका केन्द्रीय समितिका वरिष्ठ सदस्यहरू हुन् । यिनीहरूलाई एक बचनसम्म नबोली वा पूर्ण सूचना समेत नदिइ हटाइयो । यसपटक जुन प्रक्रया अपनाइयो त्यो अत्यन्तै बेठीक थियो ।

पौष १५ गते साँझ श्री ५ वीरेन्द्रको शुभ– जन्मोत्सवको उपलक्ष्यमा प्रहरीद्वारा आयोजित कार्यक्रममा संलग्न मन्त्रीहरूले आफ्नो पदच्यूतको खबर सुनेको गार्डले मन्त्रीजीलाई कानेखुसी गरेर सुनाए- पछि मात्र थाहा पाए। साथीहरूको इच्छा अनुकूल गरेको हुँ भनेर कूटनीतिक भाषा प्रयोग गर्न सक्ने गिरिजाबाबूले आफ्ना साथीहरू- सँग सल्लाह नै गरेर पुनर्गठन गरेको भए ढुण्डिराज शास्त्रीजीले गिरिजाजीले प्रजातन्त्रमाथि कुठाराघात गर्नु भयो भन्ने मौका पाउनु हुन्न थियो भने पार्टीभित्रका अन्य नेताहरूले भन्ने मौका पाउँदैनथे कि यो गिरिजाजीको तानाशाही प्रवत्तिको सुरूआत हो ।

विशेष परिस्थितिमा वाहेक कुनै पनि मन्त्रीको पदमुक्तिमा जनताले उनको दोष र गुणको जानकारी पाउनु पर्छ । दोषीले दण्ड र गुणीले पुरस्कार पाएको जनताले हेर्न चाहन्छ । त्यसैले गिरिजाबाबूको दायित्व हो कि पदमुक्त ३ जवान मन्त्रीहरूले के कति राज्यलाई हानी नोक्सानी पुऱ्याए वा जनतालाई सताए वा आफ्नो निहित स्वार्थ पूर्ति गर्न भ्रष्टाचार गरे वा दिएको जिम्मेवारी पूरा गर्न सकेनन् वा सरकारलाई कमजोर बनाउने क्रियाकलाप गरे, जे भए गरेको हो स्पष्ट कुरा सर्वसाधारण जनता समक्ष आउनु पऱ्यो । गिरिजाबाबू र उहाँका सल्लाहकारहरूले प्रजातान्त्रिक अभ्याम सुरू गर्नु पर्यो। होइन भने अप्रजातान्त्रिक अभ्यास तपाईंहरूका लागि पनि लागू हुन सक्छन् भन्ने कुरा बिर्सनु भएन ।

साप्ताहिक नेपाली आवाज २०४८।९।२६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२१

चारखालमा चौका दाउ

नहुनु पर्ने कुरा भएपछि र गर्नुनहुने कुरा गरेपछि 'विपरीत' देखिन्छ, त्यतिखेर 'उल्का' भनिन्छ। कुनै पनि योग्य सरकारको दायित्व समाजमा नैतिक मूल्यको ह्रास हुन नदिई स्वच्छ र विश्वसनीय शासन चलाउनु हो। यसै सन्दर्भमा बी. पी. कोइरालाले यसै स्तम्भका लेखकलाई आजभन्दा एघार वर्ष अघि एउटा पत्र पठाउँदै उल्लेख गर्नु भएको थियो – 'मेरो राजनीतिक जीवनको उद्देश्य देशमा पुनः नैतिक मूल्यको स्थापना गर्नु हो। यो भनाइले के जनाउँछ भने त्यसताका देशमा नैतिक मूल्यको ह्रास रहेछ। उनको उद्देश्य नैतिक मूल्यको स्थापना गर्नु रहेको थियो। तत्कालीन शासन व्यवस्था यही कारणले जनताको विश्वासको विपरीत प्रमाणित हुँदै गयो।

आज एक पटक बी. पी. को उद्देश्य परिपूर्ति हुन्छ कि भनेर जनताले भाइ जी. पी. लाई त्यो ठाउँमा उभ्यायो जुन ठाउँमा तीस वर्ष अघि बी. पी. थिए। कतै यो जनविश्वास विडम्बना साबित हुने त होइन?

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जूवा खेल्नु खेलाउनु कानून निषेधित कार्य हो र बहिष्कारयोग्य हो । यो स्वच्छ मानव समाजको शत्रु हो यसैले त्यसलाई सबै क्षेत्रबाट त्याग गरिएको हुन्छ र गर्नुपर्छ । मुलुकमा कानून नहुँदा पनि यो निषेध नै थियो । तर दुःखको कुरा, आज निषेध कानून छ तर खल्न खेलाउन छुट दिइएको छ ।

दुई दशक अघिदेखि सञ्चालित एक मात्र जूवा केन्द्र सोल्टी होटललाई बन्द गरी सरकारले कानूनको मर्यादा कायम राख्नुपर्नेमा अरू थप तीनवटा जूवाघर खोल्ने स्वीकृति दिएर जनविश्वासमा गहिरो चोट लाग्ने गरी चपेटा मारेको छ ।

सरकारलाई भ्रूक्याउने वर्ग भन्छ – 'पर्यटन विकासको लागि जूवा घर खोल्नु जरूरी छ' अनि भोलि यही वर्गले भन्ने छ– 'प्रस्टिच्यूसन खोलेपछि त पर्यटकको बाढी नै आउनेछ'। त्यस वखत यो दक्षिण –पूर्वी एसियामा यी दुवै क्षेत्रलाई कानूनी मान्यता दिए पर्यटकको आइरो लाग्नेछ र आर्थिक रूपले देश सम्पन्न हुनेछ । किनभने यो क्षेत्रमा क्वालालम्पुर र मनिलामा जूवाघरले मान्यता पाएको छ भने बैंककमा प्रस्टिच्यूशनले कानूनी मान्यता पाएको छ !

यो समाजको विकृत कार्य अमेरिका र अमेरिकन प्रभावले नै फैलाएको रोग हो । यसको विश्व फैलावटलाई विचार गर्दा यही प्रमाणित हुन्छ । यतिमात्र होइन, नेपालमा पहिलो क्यासिनो सञ्चालन गर्ने कन्टिनन्टल रिसर्ट हङकङका म्यानेजिङ डाइरेक्टर आर· डी· टटल पनि अमेरिकन नै हुन् । यिनीहरूको काम नैतिक वा अनैतिक भन्नुभन्दा रकम संकलन गर्ने र त्यस देशको आर्थिक शोषण गर्ने नै मूल लक्ष्य रहेको हुन्छ ।

विश्वका ठूला जूवाघरहरू पश्चिममा अमेरिकाको लासभेगास र पूर्वमा मकाउको साथै दक्षिण कोरियाको सिउलमा छन् । युरोपको लागि निजी रूपमा सञ्चालित लण्डनका प्लेब्वाय र अन्य क्लवहरू मुख्य हुन् । जहाँ जुवा चल्छ त्यहाँ गरीव केटा र तरूनीहरू मनोरञ्जनको साधनको रूपमा प्रयोग भइरहेका हुन्छन् । यस स्थितिमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मानवीय मूल्य र मान्यताको सट्टा झूठ- फरेबी र अनैतिकताको खेती हुन्छ – जो सबैले बुझ्ने कुरा हो।

वार्षिक रु. असी लाख कर असूल हुने सोल्टी क्यासिनोसँग प्रतिस्पर्द्धा गर्ने नाउँमा हाले श्री ५ को सरकारले तारे होटल अन्नपूर्ण, याक एण्ड यती र एभरेष्टलाई क्यासिनो खोल्ने इजाजत प्रदान गरेर राजस्वमा वार्षिक करिब अढाई करोड थप आम्दानी गराएको छ भने सुन्दर शान्त देश नेपालको राजधानी काठमाडौंमा जूवाको चार-खाल थपेर पर्यटन विकास गर्ने नाउँमा जनइच्छालाई लत्याएको छ। देश र जातिको इज्जतको तुलनामा तीन करोड रुपैयाँ नगन्य हुनु पर्ने हो । किन यो सरकारलाई यो रकम ठूलो लागेको छ ?

पर्यटक समुदायमा आजसम्म नेपाल र नेपालीले पाएको इज्जतको कारण नेपालीहरूमा भएको सिधासाधा तथा इमान्दारीपन नै हो। भोलि हुने अनैतिकताले यो देश र जातिको इज्जत र गरिमा शिखरबाट च्यूत भएर गन्धा नालीमा लतपतिन पुग्छ। अनि त्यतिखेर मात्र आजका शासकहरूको आँखा खुल्छ होला ।

चारखालेलाई सधैं चौका दाउ। जूवामा सधैं खेलाउने जित्छ भने सँधै जनता र सरकार माथ खान्छन् । चार चित र चार पट दुवै चौका दाउ हुन् – यति सानो सूत्र किन सरकारले बुझ्न नसकेको?

यसैगरी श्रीलङ्कामा अमेरिकी प्रभाव बढ्दै जाँदा जूवाघर खुल्दै गए । त्यहाँ जूघवार मात्र खुलेनन् साथसाथै समाजमा विकृत तत्व पनि यति बढ्दै गयो, जुन नियन्त्रण नै हुन सकेन। स्थानीय समाजले यसलाई सहज पचाउन नसकेपछि ठूलो विरोध भयो, विद्रोह भयो। अन्तमा सरकारले जूवाघर बन्द गर्नुपर्‍यो।

अविकसित देशका सिधासाधा नागरिक बसोबास गरेको स्वच्छ समाजलाई कुवाटोमा लगेर शोषण गर्न पल्किएका ती आततायी तत्वसँग सरकार सधैं सतर्क रहनु पर्छ । यिनीहरूको मुख्य कार्यमा सत्तासीनहरूलाई यस्तै कार्यमा धकेल्दै, शक्तिहीन बनाउँदै अस्थिर राजनीतिक वातावरण कायम राख्नु पनि हो – यो पनि सबैले बुझ्न सक्नु पर्छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

त्यसैले सानो धनराशी राजस्वमा जम्मा हुन्छ भन्दैमा जुनसुकै कुराको पनि निर्णय गर्नु ठीक होइन । सरकारको सानो निर्णयले राष्ट्रघात हुन सक्छ, त्यो कुरालाई बिर्सनु भएन । जूवा खेल्ने र खेलाउने जस्तो अनैतिक कार्य तुरुन्त बन्द नगरेमा जनता बाध्य भएर सरकारको विरुद्धमा सडकमा उत्रने छन् । त्यो दिन हेर्नुभन्दा आज नै बन्द गर्नु वेस हुन्छ कि ?

साप्ताहिक नेपाली आवाज २०४८।१०।३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२२

निजी हवाई सेवा र राष्ट्रिय सुरक्षा

पूर्ण सरकारी स्वामित्वमा सञ्चालित शाही नेपाल वायुसेवा निगमको अक्षमतालाई जनसमक्ष उदाङ्गो पार्दै वर्तमान सरकारले संस्थानको एकाधिकार व्यापारलाई हाँकस्वरूप प्रतिस्पर्धीको नाममा निजी क्षेत्रलाई विमान सेवा सञ्चालन गर्ने दिने अधिकार दिएर एकपछि अर्को गल्ती गर्दै मुलुकको भविष्यलाई अन्धकारतर्फ धकेलिरहेछ ।

नेता– कार्यकर्ताको लागि खर्च, अधिवेशन खर्च र चुनावी खर्च आदि हरेक पक्षमा पार्टीको लागि खर्चको आवश्यकता पर्छ । जुन देश सम्पन्न छ, त्यहाँ राज्य सरकारले देशभित्रका साना ठूला पार्टीहरूलाई पार्टीको खर्च वापत खर्च बेहोर्ने चलन छ । तर अविकसित देशमा त्यस्तो खर्च दिने चलन चलेकै छैन । पार्टीलाई रकमको आवश्यकता पर्‍यो भने चन्दा, दान-दातव्य बाहेक अरू कुनै देखावटी स्रोत हुँदैन । स्वेच्छाबाट पार्टीलाई चन्दा दिने मान्छे खोज्न दिउँसै बत्ती बाल्नु पर्छ । त्यसैले जसले पार्टीलाई मद्दत गरेका छन् तिनीहरूले दिएको दानभन्दा सय गुणा बढी असूल गरेरै छोड्छन् । यो विकासोन्मुख मुलुकको रोग हो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यसै क्रममा सरकारले चाहिँदो नचाहिँदो सबै प्रकारको कार्य सञ्चालन गर्ने स्वीकृति प्रदान गर्दै आउने क्रममा हालै उद्योग विभागले निजी क्षेत्रले हवाई सेवा सञ्चालन गर्न पाउने गरी तीन एयरवेज कम्पनीलाई दर्ता गरेको छ जसमा एक हिमालयन हेलिकोप्टर्स छ। यसरी तीन कम्पनीलाई दर्ता प्रमाणपत्र दिइसकेको र तीनवटा अन्य विमान कम्पनी खोल्न सक्ने सहमतिपत्र दिएको कुरा प्रकाशमा आएपछि यसमा जनचासो बढ्न गयो।

चन्दाको धनराशी ठीक ठाउँमा पुऱ्याएपछि नेपालको आर्थिक अवस्था नै खतराको रेखामा पुऱ्याउन समर्थ चार-पाँच व्यक्तिहरूले नेपाली आकाशमा प्राइभेट विमान चलाउने र धनराशी सङ्कलन गर्ने उद्देश्यले जुन योजना बनाए, त्यसमा उनीहरू सफल भए। हवाई विभागले स्वीकृति प्रदान नगर्ने किटान साथ राय नदिए पनि सैनिक र प्रहरीले सुरक्षाको प्रश्न खडा गरे पनि यसतर्फ सरकारले विचार गर्ने कुनै खाँचो नै महसूस गरेन।

हवाई विभाग भन्छ– सरकारीनिगमले त हाम्रो नियम पालन गर्न अनेक अनेक उल्झन खडा गर्छ भने प्राइभेटले हाम्रो नियम पालन गर्छ भन्नेमा हामी विश्वस्त छैनौं।

सैनिक भन्छ– फिक्सविङ्सको प्लेन भए एयरपोर्टमा उत्रन्छ र त्यहींबाट उडाइन्छ, हामीलाई आपत्ति छैन। तर हेलिकोप्टर जहाँ पनि बस्छ र जहाँबाट पनि उड्न सक्छ, त्यसैले सुरक्षाको दृष्टिले खतरा छ।

प्रहरी भन्छ– सुरक्षाको दृष्टिले निजी विमान सेवामा विस्तृत जाँच गर्नु पर्ने आवश्यकता हुन्छ, जो सम्भव हुँदैन। त्यसैले तस्करी र असुरक्षा दुवै नै हाम्रा विरोधी हुन् जो त्यस्तो सेवामा हुने गर्छ।

शा. ने. वा. नि. भन्छ– आन्तरिक उडानमा ज्यादै सहुलियत दरमा हामीले सेवा सञ्चालन गर्दै आएका छौं। हामी पूर्ण सरकारी नियन्त्रणमा भएका हुँदा सरकारले जो निर्णय गर्छ त्यसलाई हामीले स्वीकार्नै पर्छ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गत तीसको दशकमा नेपाली आकाशमा अमेरिकन एउटा कम्पनीले प्लाटम् पोर्टर नामक सानो विमान उडाउने स्वीकृति माग्यो। तत्कालीन सरकार नेपालको नक्सा तयार गर्न यो विमान उडेको हो भन्ने भानमा विश्वस्त रह्यो। त्यस विमान सेवाले त तिब्बत विरूद्ध खम्पाहरूलाई पो सक्रिय बनाएको रहेछ। नेपाली भूभाग प्रयोग गरेर सक्रिय भएका ती खम्पाहरूलाई हातहतियार सहित पक्राउ गर्न नेपालतर्फले युद्धस्तरमै जोखिम उठाउनु प-यो- जुन कुरा सबैलाई थाहा छ।

सरकारी पूर्ण नियन्त्रणमा नरहेका निजी विमानहरूले गर्ने गराउने खतरा धेरै छन् जो यति सानो स्तम्भमा व्याख्या गर्न सकिँदैन। किटानसाथ भन्न सकिन्छ सरकार र जनता दुवैथरीलाई निजी विमानहरूबाट फाइदाभन्दा खतरा बढी छ।

हाल नेपालगन्ज आधार बनाई जुम्लाको ह्यासिस भारतीय सिमानामा विना रोकटोक पु-याउने र विना भन्सारको भारतीय सामान जुम्लामा पु-याउने योजना बनाएर दर्ता गरिएको कार्गो सेवाका बारेमा सरकारलाई के थाहा छ? उत्तर र दक्षिणको सीमा निजी क्षेत्रका लागि नजिकिनु के तस्कर नियन्त्रण हुनु हो?

अथवा आर· डि· टटलको पृष्ठभूमिमा दर्ता भएको हेलिकोप्टर सेवाले हिमाली क्षेत्रको वारी र पारीको जासूसी कार्य नगर्ला र पुनः खम्पाकाण्ड नदोहोरिएला भन्ने के ग्यारेन्टी छ?

हेलिकोप्टरको लागि उड्न र बस्न कुनै खास निश्चित ठाउँको आवश्यकता पर्दैन। मोटरको बाटो नभएको हाम्रो जस्तो पहाडी मुलुकमा सुरक्षाको लागि दशौं कोषको दूरीमा पनि एउटा प्रहरी पोष्ट व्यवस्था गर्न सकेका छैनौं। सैनिक पोष्टहरू झन् नगन्य रूपमा छन्। यस अवस्थामा मुलुकको शान्ति सुरक्षा कसरी कायम हुन्छ?

सरकारमा पुगेकाहरूले मुलुकको स्वार्थभन्दा दलीय स्वार्थ हेर्न थालेपछि यस्ता गल्तीहरू दोहोरिदै जान्छन् अनि एक दिन सरकार,प्रचलित

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

व्यवस्था र जनता सबै दलदलमा फस्छन्। त्यतिखेर झल्याँस्स ब्युँझन्छन्, र आफ्नो गल्ती सम्झन्छन् जतिखेर उम्कन नसक्ने अवस्थामा डुबिसकेका हुन्छन्।

हाम्रो जस्तो मुलुकमा निजी क्षेत्रको हवाई सेवा सञ्चालन हुन सक्दैन र यसको सबै पक्षलाई विचार गर्दा पनि यो सफल हुने देखिदैन । भोलि अवश्य बन्द गर्नु नै पर्छ भने आजै किन बन्द नगर्ने ? तर यो सरकार दर्ता बदर गर्ने पक्षमा छैन । तर एक दिन यो जरूर बन्द हुन्छ, जुन दिन कुनै ठूलो खतराको सामना मुलुकले गर्नुपर्ने हुन्छ ।

साप्ताहिक नेपाली आवाज २०४८।१०।१३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२३

एक मन्त्रालयः मन्त्री चार

केही दिन यता यो स्तम्भमा गिरिजा सरकारको रचनात्मक आलोचना हुन थालेको छ। सत्तासीन व्यक्तिहरूलाई 'जय' भन्ने नेपालीहरूको मानसिकताबाट म अलग भएर त्यसरी बाटो देखाउने काम गर्दै आएको थिएँ। किनभने भूल सबैको हुन्छ, त्यसैले भूल सुधार गर्ने अवसरबाट कोही वञ्चित हुनुहुँदैन। हुनत यो स्तम्भमा लेखिएका वा औँल्याइएका विषयहरूलाई सरकारले कहिले बडो गम्भीरतापूर्वक स्वीकार गरेको छ भने कहिले बेवास्ता गरेको छ। तर मेरो, कर्तव्यबाट म किञ्चित् ढलमलिएको छैन।

मलाई एक मित्रले भन्नुभयो – होइन! तपाईं कांग्रेसभित्रको व्यक्ति र प्रजातन्त्रवादी भएर पनि किन गिरिजाबाबूलाई असर पर्ने किसिमको आफ्नो बिचार व्यक्त गर्नु हुन्छ? आज जनताको छोरा प्रधानमन्त्री भएका छ, तपाईंले त्यसलाई विरोध गरेर कमजोर तुल्याउनु भयो भने त्यो ढल्छ र प्रजातन्त्र मर्छ! विचार गर्नुहोस् है!– यो भनाइसँग म आंशिक सहमति जनाउँछु। तर यो सरकारले गरेको जुनसुकै गल्तीलाई पनि टालटुल गर्दै जनताको आँखामा छारो हाल्न म सक्दिन।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पञ्चायती कालको चन्द मन्त्रिपरिषद्मा एक समय एक मन्त्रालयमा चार मन्त्रीको व्यवस्था भएको थियो । त्यो मन्त्रालयको नाम थियो वाणिज्य तथा आपूर्ति । पछि धेरै मन्त्रालय फोडफाड गर्नुपर्‍यो । यो गल्ती कसरी र किन भयो भनेर प्रश्न आउँदा माथिबाट भयो भनेर टारियो तर चन्दाको सानो अक्षमताले राजश्वमा कति घाटा पर्‍यो, कर्मचारीहरूलाई कति दुःख भयो र राष्ट्रिय योजनामा कति अवरोध आयो भन्ने कुराको लेखाजोखा नै भएन, किनकि त्यो पञ्चायती काल थियो ।

आज यो स्थिति छैन, कुनै पनि गल्तीको सहभाग माथि जाँदैन गिरिजाप्रसाद कोइराला शासनका प्रमुख हुन् र राम्रो नराम्रोको जिम्मेवारी पनि उनकै छ । उनी र उनका सहयोगीले दिएको सहयोगमा लागू भएको नीतिले जनता र राष्ट्रमा फाइदा पुगेको छ भने उनको शासनकाल लम्बिन्छ, बेफादा हुन थाल्यो भने छोट्टिन्छ तर प्रजातन्त्र नै गिरिजा र गिरिजा नै प्रजातन्त्र भने पक्कै होइनन् ।

गिरिजाबाबूले गल्तीमाथि गल्ती गर्दै एक महिना अगाडि मन्त्रिपरिषद्को पुनर्गठन गर्नुभयो । त्यस वखत क–कसलाई झिक्नुभयो र क–कसलाई थपेर गल्ती गर्नुभयो, त्यो कुरा म दोहोर्‍याउन चाहन्न । तर त्यस वखत गरिएको निर्णय आज एक महिना बितिसक्दा पनि कार्यान्वयन नहुँदा यो स्तम्भकारले यसतर्फ औंल्याउन बाध्य हुनुपर्‍यो ।

मन्त्रिपरिषद्को गठनले आपूर्ति र समाजकल्याण मन्त्रालयको स्वतन्त्र अस्तित्व समाप्त गरेपछि गिरिजाबाबूको मन्त्रिपरिषद्को प्रथम बैठकले विधिवत् अस्तित्व समाप्त भएको निर्णय गरेर जनसमक्ष जानकारी दिनुपर्ने थियो । यो कार्य भूलबाट भएन वा प्रशासनिक जानकारीको अभावमा हुन सकेन तर आजसम्म पनि मन्त्रालयलाई विधिवत् विघटन गरिएको छैन । किन भएन वा किन हुन सकेन ? जनता यसको जवाफ चाहन्छ ।

श्रम तथा समाजकल्याण मन्त्रालय सिङ्गो छ, मन्त्री चार जना छन् । कसरी काम भइरहेछ, मन्त्रालयका सम्वद्ध व्यक्तिले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जानून् तर हामीले हेर्दा अप्ठेरो महसूस भइरहेछ । शिक्षा जस्तो गहन जिम्मेवारी बोकेको मन्त्रालयमा समाजकल्याण मन्त्रालय मिसाइदिदा संस्कृति जस्तो महत्वपूर्ण विषय गौण हुन पुग्नेछ ।

समाजमा असहायहरूको कल्याण गर्ने र स्वच्छ समाज सृजनाको लागि रचनात्मक भूमिका निर्वाह गर्न सक्ने समाज कल्याण मन्त्रालयको स्वतन्त्र अस्तित्वको आवश्यकता भएको हाम्रो देशमा उक्त मन्त्रालयलाई खारेज गरी शिक्षामा गाभ्नु ठीक होइन । उद्योग र श्रम पनि त्यस्तै एक अर्काका अत्यन्तै फरक प्रकृतिका भएकालाई एक मन्त्रालय बनाउँनु त्यत्ति ठीक जस्तो लागिरहेको छैन । तर मन्त्रीको व्यवस्थाले मन्त्रालय तोडफोड हुने निश्चय भइसकेको छ – यो पनि कतै प्रयोग सावित नहोस् ।

मन्त्रालय विघटन बारेमा गिरिजाबाबूसँग सम्पर्क राख्न खोज्दा उहाँका निकटतम सहयोगीसँग भेट भयो र उहाँले भन्नुभयो – श्रम, समाजकल्याणभन्दा उद्योगसँग संवन्धित भएको हुँदा उद्योगमा गाभिएको हो, समाजकल्याण संस्कृतिसँग सम्बद्ध भएको देखिएकोले शिक्षा तथा संस्कृति मन्त्रालयमा गाभिएको हो र आपूर्ति पहिले पनि वाणिज्यसँग रहेको हुँदा आपूर्ति तथा वाणिज्य मन्त्रालय भएको हो । सरल जवाफ मैले सुनें ।

तर आजसम्म मन्त्रालय विघटन नहुनु र मन्त्रालयको एकीकरण नहुनुले गिरिजाबाबूको राज्य प्रशासनमा भएको असक्षमता टड्कारो देखिन थालेको छ । यो निर्णय एक महिना वा एक वर्ष लगाए र गर्ने निर्णय होइन, एक घण्टाभित्र गर्ने निर्णय हो । यस्तो अत्यन्त महत्वपूर्ण निर्णय लिनलाई ढीलो हुन गएको कारण के हो ?

आज आपूर्ति मन्त्रालय र श्रम तथा सामाजिक कल्याण मन्त्रालय कार्यरतछन् । तर मन्त्री भने आपूर्ति तथा वाणिज्य मन्त्री, उद्योग तथा श्रम मन्त्री र शिक्षा तथा समाजकल्याण मन्त्रीको व्यवस्था भएको छ । किन यस्तो व्यवस्था भएको ? गिरिजाबाबू स्वयंले नबुझेको हो कि उहाँका सल्लाहकारहरूले यो बुझ्न नसकेको हो वा उहाँलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पंचायतकालीन प्रधानमन्त्रीभन्दा पंगु साबित गर्न खोजिएको हो ? बुझ्न सकिएन ।

गिरिजाबाबू स्वयंको कमजोरी भनौं वा उहाँका सल्लाहकारका निहित स्वार्थपूर्तिका कारणले यसो भएको हो । हरेक गल्तीमा 'ठीक हो !' भनेर अन्धसमर्थन गर्नुमा प्रजातन्त्र बाँच्छ र गल्ती भयो भनेर औंल्याउँदा प्रजातन्त्र मर्छ ? ती प्रजातन्त्रका ठेकेदार भनाउँदा मेरा मित्रले मलाई फरि भन्नुपर्‍यो । यो समय 'जयगान' को होइन – यो सबैले सम्झनु पर्‍यो ।

साप्ताहिक नेपाली आवाज २०४८।१० १७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२४

सम्पत्ति विवरणको थालनी र वर्तमान मन्त्रीहरू

मन्त्रिपरिषद् पुनर्गठन भएको एक महिना नाघिसक्यो, तर आजसम्म मन्त्रिमण्डलमा समावेश भएका नयाँ मन्त्री महोदयहरूको सम्पत्तिको विवरण जनसमक्ष आएको छैन। भूलवाट नआएको हो वा जानाजान सम्पत्ति विवरण नदिएका हुन् वा गिरिजाबाबूले सुरू गरेको थालनीलाई अपहेलना गरेका हुन्, यी नव मनोनीत मन्त्री महोदयहरूले व्यक्तिगत सम्पत्तिको विवरण नदिएपछि यसतर्फ जनचासो बढेको छ।

हिजोका सत्तासीनहरू हाम्रा शासक भए तर आजका सत्तासीनहरू आफूलाई शासकभन्दा सेवक भन्न रूचाउँछन्। वास्तविक सत्तासीनहरू जनताको सेवा गर्न जनताद्वारा निर्वाचित व्यक्ति नै शासक बन्ने हुँदा ती सत्तासीनहरू जनसेवक नै हुन। सेवकको हैसियत जान्नु जनताको अधिकार हो। त्यसैले तीस वर्षपछि स्थापित नेपाली कांग्रेसको सरकारले सत्ता सम्हालेको एक हप्ताभित्रै प्रधानमन्त्री लगायत मन्त्री पद सम्हाल्ने सबै व्यक्तिहरूले आ-आफ्नो सम्पत्तिको विवरण जनसमक्ष दिएर साँच्चीकै जनपक्षीय सरकारको प्रथम दायित्

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पूरा गरेको प्रमाण पेश गरे । सत्तामा पुगेकाहरूले यसरी सम्पत्तिको विवरण दिनु सह्राहनीय थालनी हो ।

अन्तरिम कालको मन्त्रिपरिषद्ले पनि मन्त्रिपरिषद् गठन भएको एक महिनाभित्रै मन्त्री पद सम्हालेका व्यक्तिहरूले आ-आफ्नो सम्पत्ति विवरण जनसमक्ष दिने भन्ने कुरा प्रचार प्रसारमा ल्याए पछि धेरै क्षेत्रबाट त्यस बखतको मन्त्रिपरिषदलाई धन्यवाद ज्ञापन गरिएको थियो । भरमार पत्र-पत्रिकाबाट धन्यवाद खाएपछि पनि जनसमक्ष त्यस मन्त्रिपरिषदका सदस्यको व्यक्तिगत सम्पत्तिको विवरण आएन । तेह्र महिनाको शासनकालमा व्यक्तिगत सम्पत्तिको विवरण दिने कुनै आवश्यकता नै महसुस गरिएन । किन जनतालाई झूट्टो व्यहोराको जानकारी दिइयो ? यो जन रेकर्डमा बसिसक्यो ।

सत्तामा पुगेका व्यक्तिहरूले जनसमक्ष आफ्नो सम्पत्तिको विवरण दिनु भनेको जनविश्वास जित्नु हो र जनतालाई आफूप्रति विश्वस्त बनाउनु पनि हो । सत्ताधीन र जनताको बीचमा अविश्वास बढ्यो भने सत्ता परिवर्तन हुन्छ- यो सबैलाई जानकारी भएकै कुरा हो । त्यसैले सत्तामा पुगेका यी व्यक्तिहरूले पनि जनताको विश्वास कायम राख्न कायरत हुनुपर्छ ।

कुनै राजनीतिक व्यक्ति सत्तामा पुगेर भ्रष्टाचार गरौंला, पैसा कमाउँला, घरबार जोडौंला र गाडी चढौंला भनेर राजनीतिमा प्रवेश गरेको हुँदैन बाहुल्यता हो ती राजनीतिज्ञ भावना हाम् । तर जब सत्तामा पुग्छन्, शासनको जिम्मेवारीले थिचिन्छन्, तेल बेसार घस्नेदेखि चाकरी गर्ने र हात मोलेर भित्र बाहिर गर्नेहरूबाट घेरिन्छन्, अनि आफन्तहरूको सल्लाह घरकी श्रीमती र छोराछोरीको कचकच सुन्न थाल्छन् तब महान् राजनीतिज्ञको पनि होश गुम हुन्छ र विवश भएर फाइलमा दस्तखत गर्छन । त्यतिखेर बुद्धिमानले आफैंले फाइदा लुट्छ भने वेवकूफका सल्लाहकार वा भित्र अथवा बाहिरकाले फाइदा पु-याउँछन् ।

अन्तरिम कालका मन्त्रिपरिषदका व्यक्तिले के के गरे र कति अर्थोपार्जन गरे भन्ने कुरा त्यतिखेर जनसमक्ष स्पष्ट नभए पनि हाल ती भूतपूर्व मन्त्रीज्यूहरूले बनाएको वा सजाएको घर र उनी र उनका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आफन्तले चढेको सवारीबाट नै अनुमान गर्न सकिन्छ कि यिनी-हरूले कति बेहिसाब गरे भनेर। यति मात्र होइन, यस्तै गिरिजाबाबूको मन्त्रिपरिषदबाट भरखरै छुटेका मन्त्री महोदयहरूका काला करतुतहरू बिस्तारै देख्न र सुन्न थालिएका छन् ।

सम्पत्ति विवरण पेश गर्न् भनेको भ्रष्टाचार निवारणको लागि प्राथमिक उपचार मात्र हो निदान होइन। सत्तामा पुगेकाले सम्पत्तिको विवरण दिने बित्तिकै भ्रष्टाचारको उन्मूलन हुन सक्दैन। यो त भ्रष्टाचार नियन्त्रणको लागि सुरू स्तम्भ मात्र हो । त्यसैले व्यक्तिगत सम्पत्तिको विवरण अनिवार्य रूपमा दिने व्यवस्था हुनुपर्छ ।

सरकारी कामको जिम्मा लिएका मन्त्रीहरूको मात्र होइन, सम्पूर्ण कार्यरत कर्मचारीहरूको पनि व्यक्तिगत सम्पत्तिको विवरणको रेकर्ड राख्ने व्यवस्था हुनुपर्छ । यो व्यवस्था लागू गर्न एउटा छुट्टै कार्यालयको जरूरत पर्छ भने पनि यस्तो कार्यालयको स्थापनाले राज्यलाई नोक्सान होइन फाइदा नै हुन्छ । यस्तो फाइदा पुग्ने कार्यालय खोल्नु पर्‍यो भने राज्यलाई आर्थिक भार हुन्छ भनेर पन्छाइन्छ भने यो मान्छेलाई काम दिनु पर्‍यो भनेर अनावश्यक कार्यालय खोल्न र खोलाउन पल्केका व्यापेक्राटहरूले हरेक सरकारलाई असहयोग नै गरेका छन् । यो तथ्यलाई जनताले चुनेर पठाएका जनप्रतिनिधिले बुझ्न नसक्ने र मन्त्री महोदयले भूल्ने हो भने कसरी भ्रष्टाचार निवारणको थालनी हुन्छ ?

त्यसैले ढिलै भए पनि नव मनोनीत मन्त्री महोदयहरूले आ-आफ्नो व्यक्तिगत सम्पत्तिको विवरण जनसमक्ष दिएर जन निर्वाचित गिरिजाबाबूको सरकारले शुरू गरेको थालनीलाई मान्यता प्रदान गर्न सादर अनुरोध गरिन्छ भने आ-आफ्ना मन्त्रालय र विभागका जिम्मेवार पदाधिकारीहरूको पनि व्यक्तिगत सम्पत्तिको विवरण गोप्य अथवा सार्वजनिक रूपमा लिएर रेकर्ड राख्ने काम गरिदिनु भयो भने राज्य र राज्य व्यवस्थाको लागि ठूलो गुण लाग्ने छ। जुन सुरू भएको छ त्यसलाई भूल वा बेवास्ता नगरेर निरन्तरता मात्र कायम गरिदिए देशको आर्थिक अवस्थामा सुधारको लागि ठोस योगदान मिल्नेछ।

साप्ताहिक नेपाली आवाज २०४८।१०।२४

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२५

पदाधिकारी र झण्डाको प्रयोग

झण्डा भन्नाले कुनै देश, संस्था, पार्टी वा कुनै समूहको परिचय गराउने चिन्ह अंकित निश्चित तोकिएको आकार प्रकारको लामो दण्डमा टाँगिएको कपडालाई बुझाउँछ। झण्डाको प्रयोगले विशेष परिचय प्रदर्शन गर्न समर्थ भएको हुन्छ। यो झण्डा वा ध्वजाको गुण हो। त्यसैले यसलाई ठीक ठीक किसिमबाट प्रयोग गर्ने विश्वव्यापी प्रचलन छ।

हामीकहाँ पनि झण्डाको महत्व त्यत्तिकै गरिन्छ र झण्डाको प्रयोगमा त्यत्ति नै सतर्कता अपनाइन्छ, चाहे राष्ट्रिय झण्डा होस् चाहे पार्टीको झण्डा होस्। तर कहिलेकाहीं झण्डाको दुरूपयोग भयो भने तुरुन्त त्यसको सुधार गर्ने प्रचलन पनि हामीकहाँ कायम छ। यसका धेरै उदाहरणहरू हामीकहाँ मौजूद छन्। जस्तो आजभन्दा ४१ वर्ष अगाडि जब श्री ३ महाराज भन्ने पदको अन्त भएर राणा कांग्रेस सरकार गठन भयो त्यस बखतमा चार जवान कांग्रेस पार्टी-तर्फका मन्त्रीहरूले राष्ट्रिय झण्डाको प्रयोगको ठाउँमा चारतारे पार्टी-को झण्डा प्रयोगमा ल्याएका थिए — जो झण्डाको ठीक प्रयोग नभ-एको सावित भएकोले पछि सुधार भयो।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

त्यसपछि श्री ५ को सरकारका मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूले राष्ट्रिय झण्डा आफ्नो मोटरमा प्रयोग गरिआएका थिए- यसरी तीस वर्ष राष्ट्रिय झण्डा प्रयोग गरिसकेपछि पञ्चायतकालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री- हरूले उर्दीमा मात्र राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने र अरू दिन प्रयोग गर्न नपाउने भनी झण्डाको मनपर्दो प्रयोगमा बन्देज लगाए। प्रहरीले प्रष्टिच्यूसन छापा मार्ने क्रममा फसेका एकजना मण्डले मन्त्री झण्डाको कारणले कार्यवाहीमा पर्न नसकेको हुँदा प्रधानमन्त्री थापाले वाध्यतावश मन्त्रीहरूको झण्डा प्रयोगमा बन्देज लगाएका थिए, जुन निर्णय आजसम्म लागू गरिएको छ।

मन्त्री जस्तो जिम्मेवार पदले झण्डा प्रयोग गर्न राष्ट्रिय चाहाड वा कुनै उर्दी आउनुपर्ने बेलामा प्रहरी पदाधिकारीहरूले आजभोलि कार्यालय आउँदा र जाँदा झण्डा प्रयोग गर्ने गरेका छन्, जो अत्यन्तै सुहाउँदो छैन।

प्रहरी आई० जी० प्रहरी प्रमुख हुन्। उनले प्रहरीको चिन्ह अंकित झण्डा प्रयोग गर्नु उचित ठहरिन्छ। त्यस्तै कमाण्डर इन चिफ सेना प्रमुख हुन्, त्यसैले सेनाको चिन्हस्वरूप झण्डा प्रयोग गर्नु नै पर्छ। तर सबै सहायकहरूलाई झण्डा दिने व्यवस्था भयो र झण्डा हाल्न थाले भने कुन तहसम्म र कति जवान्सम्मलाई दिने? के यो सम्भव छ?

पहिले सेना र प्रहरी प्रमुखलाई आ- आफ्नो चिन्ह अङ्कित झण्डा र सेनातर्फ ब्रिगेडियर जनरललाई र क्षेत्रीय प्रमुख डि० आई० जी० लाई तीनकुने सानो चिन्हस्वरूप झण्डा दिने चलन थियो र त्यही अनुसार सेनातर्फ ब्रिगेडियर जनरलले हाल सानो आत्मुनिय- मको तीनकुनै झण्डा जस्तो फिक्स चिन्ह प्रयोग गर्ने गरेका छन् भने प्रहरी डी० आई० जी० हरूले विभिन्न रङ्ग प्रयोग गरी लम्बाचौडा रेक्टयाङगुलर साइजको झण्डा प्रयोग गर्न थालेका छन्। ६ जवा- नको दरबन्दी भएको डी० आई० जी० पदमा ८ जवानलाई कार्यरत

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गराई प्रधान कार्यालयको साधारण फाँट सम्हाल्ने शाखा प्रमुखलाई झण्डा प्रयोग गर्न दिएर आई० जी० रत्न शमशेरले कसको चाकडी पुऱ्याएका हुन् , बुझ्न सकिएन , अथवा आफू डी० आई० जी० हुँदा झण्डा नपाएको वेदना बुझेर फाँटवालाहरूलाई झण्डा दिएका हुन् कि ?

अख्तियारको दुरूपयोग भनेको घुस लिने र दिने मात्र होइन, पदीय दायित्व निर्वाह गर्न नसक्नु र पदीय आचरण नहुनु पनि हो। त्यसैले स्टयाण्डिङ अर्डरको प्रयोग गर्दा व्यक्तिको स्वार्थभन्दा माथि उठेर राष्ट्र , राष्ट्रियता र जनताको हितलाई सर्वोपरी राखेर हेर्नुपर्छ , यहाँ नै जङ्गीतर्फ रहेको स्टयाण्डिङ अर्डरको मर्म हो, जो अख्तियारप्राप्त व्यक्तिले बुझ्न सक्नुपर्छ ।

एकपटक गुप्तचर विभागका महानिरीक्षकले प्रहरी चिन्ह अङ्कित झण्डा प्रयोग गरेर आफ्नो वहुलठ्ठीपनको प्रदर्शन गरे । ती गुप्तचर विभागका प्रमुखले प्रयोग गरेको प्रहरी चिन्ह अङ्कित झण्डा उनको कार्यकालसम्म मात्र सीमित भयो । यस्तो क्षणिक आनन्दले तिनले के फाइदा पाए ?

त्यस्तै दान आएको गाडीमा मङ्गलादेवी सिंहले महिला सङ्घको झण्डा हालेर बाह्रै महिना हिंड्दा पटक्कै सुहाएको छैन । आफ्नो पार्टी वा समूहको चिन्ह अङ्कित झण्डा प्रयोग गर्न नपाउने होइन , तर कुन र कस्तो समयमा झण्डा प्रयोग गर्दा त्यसको प्रभाव र गरिमा बढ्छ ? त्यो कुरा प्रयोगकर्ताले बुझ्न सक्नु पर्छ ।

कुन कुन अधिकारप्राप्त व्यक्तिले कस्तो किसिमको झण्डा, निवासस्थान, चढने गाडी वा काम गर्ने कार्यालयमा प्रयोग गर्न पाउने हो, यस कुरा बारे कुनै ऐन-कानून वा नियमको उल्लेख भएको देखिँदैन । आजभोलि जो झण्डा प्रयोग भएको देखिन्छ , जसको आधार र औचित्य जनतालाई जानकारी छैन ।

प्रहरी वा सैनिक सबै पदाधिकारीलाई चिनाउन झण्डा दिनु पर्ने आवश्यकता छैन । बरू उनीहरूको पद अनुसारको चिन्ह वा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

स्टार गाडीमा अङ्कित गर्ने वा गर्न पाईने व्यवस्था भए बेश हुन्थ्यो कि ? यस सम्बन्धमा श्री ५ को सरकार गृह मन्त्रालयको जिम्मेवारी स्पष्ट देखिएकोले झण्डाको मनपर्दो प्रयोगलाई कसरी नियन्त्रण गर्न सकिन्छ ? यसतर्फ मन्त्रालयको समयमै ध्यान गए बेश हुने थियो । अथवा स्विट्जरल्याण्डको जस्तो राष्ट्रिय सम्मान स्वरूप राष्ट्रिय झण्डालाई आम जनताले प्रयोगमा ल्याउन सक्ने छुट दिए हुने थियो ।

साप्ताहिक नेपाली आवाज २०४८।११।२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२६

अध्यक्षको मनोनयनः प्रजातन्त्र खतरामा

प्रजातन्त्रको रक्षा गरी मुलुकमा प्रजातन्त्रलाई स्थायित्व प्रदान गर्नु पर्ने गहन जिम्मेवारी बोकेको नेपाली कांग्रेस पार्टीले आफ्नो अध्यक्षको चयन गर्दा अप्रजातान्त्रिक प्रक्रियाद्वारा पदपूर्ति गरी सत्ता-मुखी राजनीति र तानाशाही प्रवृत्तिलाई स्पष्ट प्रदर्शन गरेर जन-विश्वासमाथि कुठाराघात गरेको छ । जसले कैयौं वर्षदेखि प्रजात-न्त्रको वकालत गरी जनताको मन जित्न समर्थ भएको थियो त्यसले प्रजातान्त्रिक मूल्य र मान्यताहरुलाई चटक्क बिर्सिदिएपछि अब कसले प्रजातन्त्रको रक्षा गरिदेला भनेर ढुक्क हुने ?

प्रजातन्त्र भनेको बोल्ने, भाषण गर्ने र पर्चापम्प्लेट गर्ने मात्र होइन, र होइन मात्र सत्तामा टिकिरहन गर्ने टिकडम् ! यो त व्यवस्थित ऐन कानूनको परिधिभित्र रही निरन्तर गरिरहनु पर्ने अ-भ्यास हो ! जनविश्वासलाई कायम राख्न अपनाउनु पर्ने नीति नियमको अधिनमा रहेर गर्नु पर्ने कर्तव्य अनि सबैको संहभागिता रहेको छ भन्ने महसूस गराउन अपनाउनु पर्ने व्यवहार हो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नेपाली कांग्रेसको अध्यक्ष पदका लागि योग्य एक मात्र उम्मेदवार कृष्णप्रसाद भट्टराई हुने भन्ने कुरा पार्टीभित्रका वा बाहिरका प्रजातन्त्रवादी समूहले बोल्दै आएका थिए । सम्भवतः विधिवत् चुनाव गराएको भए उनी नै विजयी हुन्थे । तर साधारण चुनावी प्रक्रिया समेत नअपनाएर यही फाल्गुण १ गते अपरान्ह २ बजे मेची रङ्गशालामा पार्टीको महासम्मेलनको उद्घाटन समारोहमा एकाएक महेन्द्रनारायण निधिबाट महामन्त्रीको हैसियतले पार्टी अध्यक्षको लागि कृष्णप्रसाद भट्टराईको नाम प्रस्तावित गर्दै निर्विरोध अध्यक्ष निर्वाचन भएको घोषणा गरियो । सहभागी, पर्यवेक्षक, दर्शक र श्रोता सबै जिल्लिए !

भरखर भएको कृष्णप्रसादजीको अध्यक्षताको मनोनयन यो सम्मेलनको लागि मात्र होइन त ?- यो प्रश्न मसँगै बस्ने एक जना भारतीय पत्रकारले मलाई कोट्याएर तुरून्त सोधेपछि मैले महसूस गरें कि यहाँ ठूलो गल्ती भयो ! यति हचुवा किसिमबाट पार्टी अध्यक्षको निर्वाचन भएको घोषणा गरियो कि पञ्चायतकालीन 'गाउँ फर्क' ले पालन गर्ने जति विधिविधान समेत पालन गरेर देखाउन सकेनन् ।

प्रजातान्त्रिक परिपाटीलाई लत्याएर षडयन्त्र गर्नु पर्ने अवस्था किन आयो ? कूटनीतिक सेवामा खटिएका योगप्रसादजीले वासिङ्टनदेखि झापासम्मको यात्रा किन तय गर्नुभयो ? अन्तिम दिन हुने आमसभा किन रोकियो ? सम्मेलनको उद्घाटन आमसभाको रूपमा किन गरियो ? यसको जवाफ कतैबाट पनि आउन सक्दैन ।

किसुनजीलाई चुनाव फाप्दैन - यो वाक्य कृष्णप्रसादजीको नजीकका मान्छेहरू उहाँको मनोबल घटाउन बोल्ने गर्छन् । ०१५ सालको गोर्खा र ०४८ सालको काठमाडौंबाट थोरै भोटको कारणले स्वीकार्नु परेको पराजयले गर्दा उहाँको चुनाव लड्ने आँट र हिम्मतमा केहीं ठेस लागेको छ । तर चुनावको कुनै पनि प्रक्रिया नअपनाएर दुई चार जनाले हो ! हो ! भनेको आधारमा पाएको पदमा बस्दा आत्मग्लानी हुँदैन र ? फेरि आफू अप्रजातान्त्रिक

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आधारमा उभिने, अरूलाई भने प्रजातन्त्रको पाठ सिकाउने– यो कसरी सम्भव हुन्छ ?

महाधिवेशनका प्रतिनिधि सहभागीमध्येबाट कसैले पनि अध्यक्षको लागि उम्मेदवारको रूपमा खडा हुन सक्ने र त्यही प्रतिनिधिहरूको मतदानले दिएको नतिजाको आधारमा अध्यक्ष निर्वाचित हुनुपर्ने तथा अध्यक्षले त्यही प्रतिनिधि सहभागीहरूमध्येबाट नै कार्य समिति तुरुन्त बनाई सम्मेलन सञ्चालन गर्नु पर्ने वैधानिक व्यवस्था छ । निर्वाचन भन्ने बित्तिकै चाहे त्यसमा विरोधी उम्मेदवार खडा भएको वा नभएको अवस्था जे भए पनि निर्वाचन गराउने एउटा स्वतन्त्र छुट्टै निकाय गठन गर्नुपर्ने हुन्छ । त्यही निर्वाचन निकायले विधिवत निर्वाचित् भएको घोषणा गर्नुपर्छ । यो वर्तमान प्रजातान्त्रिक परिपाटी हो ।

बी॰ पी॰ कोइरालाकै जीवनकाल, २०३४ सालमा कार्यवाहक अध्यक्ष हुनु भएका कृष्णप्रसादजीले लामो समयसम्म पार्टीको नेतृत्व लिनु भयो । उहाँको नेतृत्वलाई स्वीकार गर्दै यही माघमा बसेको केन्द्रीय कार्य समितिले उहाँलाई अध्यक्ष पदका लागि निर्विरोध उम्मेदवार बनाउने निर्णय लिएको थियो, महाधिवेशनको अधिकारलाई समाप्त गर्ने निर्णय लिएको थिएन । कृष्णप्रसादजी जहिले पनि व्यक्तिगत रूपमा विवादमुक्त नै रहनुभयो । यस हिसाबले पनि पार्टीमा उहाँको नेतृत्वको अत्यन्तै आवश्यकता छ । वर्तमान नेपाली कांग्रेसभित्र कृष्णप्रसादजी नै यस्तो व्यक्तित्व हुनुहुन्छ, उहाँले स्वार्थपूर्तिको लागि आफ्नो पदीय जिम्मेवारीलाई कहिल्यै प्रयोग गर्नु भएन । त्यसैले यस्तो निस्वार्थ व्यक्तिको हातमा पार्टीको नेतृत्व रहनुपर्छ ।

तर व्यवस्थित विधिविधान र प्रजातान्त्रिक मूल्य र मान्यतालाई एकातर्फ पन्छाएर षडयन्त्रको आडमा व्यक्तिको नेतृत्वलाई खडा गर्दा वा कायम गर्न खोज्दा नेतृत्व लिने र दिने दुवै पक्षको बीचमा अविश्वासको खाल्टो गहिरिदै जान्छ र एक दिन दुवै थरी त्यसभित्र फस्छन् । अनि त्यतिखेर प्रजातन्त्र मर्न सक्छ । यसमा हामी अत्यन्त चनाखो हुनुपर्नेछ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बेलाबेलामा गणेशमान सिंह भन्नु हुन्छ – प्रजातन्त्र खतरामा छ ! तर किटेर भन्नु हुन्न कि यसरी खतरामा छ। उहाँले यही महाधिवेशनको अन्तिम दिन फाल्गुण ३ गते दुई घण्टासम्म पार्टी र पार्टीको सरकारप्रति रोष प्रकट गर्नु भयो र खुलेआम विरोध जनाउनु भयो। आफ्नै उपस्थितिमा खुलेआम अप्रजातान्त्रिक अभ्यास भइरहेकोमा उहाँलाई पनि चित्त नबुझेर नै होला कि उहाँले गुनासो पोख्नु परेको ! त्यसैले प्रजातन्त्र खतरामा छ भनेर मैले पनि भन्नु परेको !

साप्ताहिक नेपाली आवाज २०४८।५।१९

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२७

कर्मचारीको विभाजन: स्वच्छ प्रशासन?

यही हप्ता फाल्गुण ११ गते काठमाडौं स्थित राष्ट्रिय सभा-गृहमा निजामती कर्मचारी संघको राष्ट्रिय सम्मेलन धूमधामका साथ सम्पन्न भयो । सम्मेलनलाई श्री ५ को सरकारको तर्फबाट सामान्य प्रशासन सहायक मन्त्री दीनबन्धु अर्यालले उद्घाटन गर्नु भयो । सो उद्घाटनको समाचार नेपाल टेलिभिजन र रेडियो नेपालले प्रमुख स्थान दिई राष्ट्रिय समाचारमा प्रसारित गरे । निश्चित कार्यक्रम अनुसार सामान्य प्रशासन मन्त्री महेश्वरप्रसाद सिंहले उद्घाटन गर्नुपर्ने थियो । त्यही अनुसार निमन्त्रणा कार्ड बाँडिएको थियो । तर मन्त्री महेश्वरप्रसाद सिंह अपवादबाट बच्न समर्थ हुनु भयो र सिधासाधा दीनबन्धुजी चाहिं फस्नु भयो । सबै जिम्मेवार पद बीच सनसनी फलियो र सबैले टिप्पणी शुरू गरे ।

सरकारका तीन अङ्गमध्येको प्रमुख अंग कार्यपालिका हो। कार्य-पालिकामा संलग्न निजामती कर्मचारी राष्ट्रसेवक हुन् । सेवक सदैव अनुशासित, मर्यादित, लगनशील एवं व्यवस्थित र नीति नियमको अनु-सरण गर्न सक्ने हुनुपर्छ । राष्ट्रसेवकको जिम्मामा शासनको बागडोर हुन्छ । त्यस्तो शासनको बागडोर कार्यान्वयनको जिम्मा लिएका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

व्यक्तिहरू पनि गुटबन्दीमा लागे भने राष्ट्र र समाजको वृहत्तर सेवा-भन्दा सङ्गठन र स्वार्थको बढी हित हेर्ने हुन्छन् । त्यसैले राष्ट्रसेवकको सङ्गठन राष्ट्रको प्रशासनिक सङ्गठनको नियम र व्यवस्थित निजामती सेवा नियमावलीको आधारमा हुनुपर्छ र त्यस बाहेक अरू राजनीतिक किसिमबाट अन्य सामाजिक संस्थाहरू सरह संगठित हुन्छ वा हुन खोज्छ भने त्यो पूर्ण अव्यावहारिक, अराजनीतिक एवं गैर कानूनी सावित हुन्छ ।

गत वर्ष अन्तरिम कालको सरकारले जाने वा नजानेर निजामती कर्मचारी सङ्गठन खोल्ने स्वीकृति दियो । त्यसै वखत देखि यस स्तम्भका लेखकले यो सरकारी निर्णयप्रति विरोध जनाउँदै आएको सर्वविदित छ । पछि सरकार स्वयम्‌ले यस्तो कर्मचारी संगठन खोल्न ठीक होइन भनेर बोल्न, भाषण गर्नको अतिरिक्त संगठनलाई सरकारी मान्यता दिन पूर्ण अस्वीकार गऱ्यो । यसै अनुरूप निजामती कर्मचारी संगठनका पदाधिकारी तहसनहस भए र संगठनको अस्तित्वमै प्रश्न-चिन्ह लागेको छ ।

निजामती कर्मचारी संगठनमा अधिकृत स्तरका कर्मचारी लाग्नु हुँदैन भनेर सार्वजनिक सूचना पनि जारी गरियो। यतिमात्र होइन, संगठनमा लाग्ने व्यक्तिहरूलाई छानी छानी ग्रेड रोक्का, दुर्गम क्षेत्रमा सरुवा, डिमोसन, नसिहत, सस्पेन्ड र नोकरीबाट बर्खास्त कार्य पनि सरकारले सुरु नगरेको होइन । तर यस बीच निजामती कर्मचारी सघको राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न गराउनु र सरकारी स्तरमा प्रचार प्रसार हुनुको कारण के हो ?

अन्तरिम कालमा एकजना मन्त्री महोदय जस्तो आफूलाई दक्षिण पूर्वि एसियाकै सफल गृहमन्त्री हुँ भनेर भन्ने गर्थे, ले कर्मचारीमा प्रजातन्त्रवादी पनि आवश्यक छ भनेर यो निजामती कर्मचारी सङ्घ जबर्जस्ती खोल्न लगाएका हुन् । उनको विचारमा कर्मचारी सङ्गठन वाम सिद्धान्त अनुयायीहरूको समूह भएकोले त्यससँग मुकाविला गर्न प्रजातन्त्रवादी समूहले मात्र गर्न सक्छ भन्ने थियो- काँडाले काँडा-लाई निकाल्छ- को सिद्धान्त उनको दिमागमा फुर्यो र काँडा निकाल्न काँडा तयार गरे तर उनले यो कुरा भुले कि तिमीलाई बिझ्ने काँडा मलाई पनि बिझ्न सक्छ भनेर ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सरकारी सेवामा कार्यरत कर्मचारी कुनै पनि राजनीतिक रङ्गमा मुछिनु हुँदैन । यदि कर्मचारीलाई राजनीतिक रङ्ग लाग्यो भने ऊ कर्मचारी भएर बाँच्न सक्दैन । राजनीतिक सिद्धान्तको आग्रहले उसलाई एकोहोऱ्याएर कर्मचारीको जिम्मेवारीबाट विचलित गराइदिन्छ र सैद्धान्तिक मतभेद पैदा भई समूह विभाजित हुन पुग्छ अनि मतान्तरको कारणले सेवा कार्य बन्द हुन्छ । त्यसैले सरकारी कर्मचारी सेवामा कार्यरत रहुन्जेल राजनीतिक रंग लाग्नसँग बच्न सक्नुपर्छ ।

आफूलाई प्रजातन्त्रवादी भन्ने यो कर्मचारी सङ्घको राष्ट्रिय भेलामा अधिराज्यभरका कर्मचारीलाई भेला गराई सामान्य प्रशासन सहायक मन्त्री दीनबन्धु अर्यालद्वारा उद्घाटन गराएर सरकारी मान्यता प्राप्त गर्न खोज्ने यो सङ्घले अर्को निजामती कर्मचारी संगठनलाई हाँक दिन खोजेको छ ।

यसबाट कर्मचारीमा स्पष्ट विभाजित समूहलाई सरकारी संरक्षण प्राप्त हुनु र स्पष्ट राजनीतिक रङ्गका कर्मचारी समूहलाई रंगाएर प्रदर्शन गर्न खोज्नु ठीक तथा न्यायिक होइन ।

निश्चित नीति तथा कार्यक्रमको अभावले गर्दा सरकारले यस्तै यस्तै गल्तीहरू गर्दै जान्छ, जुन गल्तीको परिणाम जनता र राज्यले भोग्नु पर्छ । वर्तमान सरकारले एक क्षेत्रमा मात्र होइन यस्ता अनेकन् क्षेत्रमा यस्तै गल्ती गर्दै गएको छ । यसको दुःखदायी परिणाम भोग्नुभन्दा अगाडि सुधार हुन सक्यो भने सरकार सक्षम सावित हुन्छ । होइन भने यस्तै गल्तीहरूमा गाँजिएर सरकारको अस्तित्व मेटिने छ ।

राष्ट्रसेवकहरूको हकहितको सुरक्षा र अधिकारको संरक्षण गुट वा समूह विभाजनबाट होइन 'सेवा नियमावली' लाई सशक्त तथा प्रभावकारी बनाउँदा हुन्छ । गुट र समूह बिभाजनले त द्वन्द सुरु गर्छ । यो तथ्यलाई सरकार जिम्मा लिएका व्यक्तिहरू र पार्टीका नेताहरूले गहिरिएर विचार गरुन् भन्ने मेरो सल्लाह छ ।

साप्ताहिक नेपाली आवाज २०४८।११।१९

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२८

छिमेकी व्यवहार र भारतीय बाँध

असल छिमेकी साबित हुन छिमेकीसँग असल व्यवहार गर्नु पर्छ । सबलता र निर्बलताको स्थिति समयानुसार उत्पत्ति हुने गुण हो । आजको बलियो भोलि कमजोर हुन सक्छ । त्यसैले बलियो भएँ भन्दैमा छिमेकीलाई मिच्ने, हेप्ने र शक्तिको प्रभावले गाँजेर आफ्नो निहित स्वार्थ पूर्ति गर्ने कार्य गर्नु हुँदैन । यदि कुनै छिमेकीले यस्तो व्यवहार गर्‍यो भने त्यो छिमेकी असल मित्र नभएर 'दुष्ट' साबित हुन्छ । यसलाई 'मात्स्यन्याय' पनि भनिन्छ – यो वर्तमान प्रजातान्त्रिक युगको मूलतत्व मानव अधिकारको विपरीत पनि हो ।

प्रजातन्त्रका कुरा गर्ने व्यक्तिकै बहुदलीय संसदीय व्यवस्था अरू प्रजातान्त्रिक व्यवस्थाभन्दा अघिल्लो पंक्तिमा खडा भएको देखिन्छ । जहाँ प्रजातन्त्र छ त्यहाँ मानव अधिकारको संरक्षण हुन्छ भन्ने बलियो विश्वास जन्मन्छ । अझ त्यस्तो व्यवस्था स्थापित राष्ट्रका छिमेकीहरू पनि आफ्नो स्वतन्त्रताको रक्षा र मित्रताको सद्व्यवहारको आशा बोकेर बाँच्न खोजेका हुन्छन् । तर लोकतान्त्रिक

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

व्यवस्थाद्वारा पूर्ण प्रजातन्त्र स्थापना भएको भारतबाट छिमेकी राष्ट्रहरूमा प्रायः सद्व्यवहार पाउन सकिएको छैन । एउटा असल छिमेकीले गर्ने व्यवहार पनि उसले गरेर देखाउन सकेको छैन । सधैं स्वार्थवश गरिने व्यवहारले हाम्रो देश नेपाललाई ठाडै अन्याय हुन गएको छ – जुन सवाल प्रतिपक्षले यसै हप्ता सदनमा उठाएर आफ्नो जिम्मेवारी पूरा गरेको छ ।

नेपालको संविधानको धारा १२६ (२) लाई सत्तारुढ नेपाली कांग्रेसको सरकारले उल्लंघन गरेको आरोप लगाउँदै प्रतिपक्षले सदनमा र साधारण जनताले सडकमा खुला विरोध गरेपछि सरकारले छोपछाप नीति अन्तर्गत संसदको कानूनको रीत पुऱ्याएर स्थगन प्रस्तावलाई अस्वीकृत जनाएको छ भने सरकारको तर्फबाट प्राकृतिक स्रोत वा त्यसको उपयोगको बाँडफाँड भएको छैन, भारतीय भू-भागमा बगिरहेको नदीमा भारतले ब्यारेज बनाएको छ. त्यसबाट नेपाली भू-भागमा पर्ने संभाव्य क्षति रोक्नका लागि एफलक्स बण्ड बनाएको हो. त्यसलाई प्राकृतिक स्रोतको बाडफाँड भएको भन्न मिल्दैन भनिएको छ ।

हालको मूल विषय टनकपुर ब्यारेजको हो । यो ब्यारेज बनाउन मिल्छ कि मिल्दैन ? भन्ने प्रश्नको छलफल गर्नुभन्दा यसको पृष्ठभूमि विचार गरौं । यो टनकपुर ब्यारेज भारत नेपाल सीमानामा बग्ने महाकाली नदीमा बनाइएको छ । तर हाल जुन स्थानमा बाँध निर्माण गरिएको छ, त्यो निश्चय पनि भारतीय क्षेत्र हो । तर केही वर्ष अगाडि स्थलगत रूपमा महाकाली नदी हाम्रो सिमा वारी परेको थियो । यो त प्राकृतिक नियम हो, नदीले कहिले दायाँ च्याप्छ त कहिले बायाँ च्याप्छ ! त्यसैले दुई मुलुकको सीमा भई बग्ने नदीको प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा आपसी समझदारी, सम्झौता वा निर्णय नलिई एकतर्फ गर्न पाइँदैन – यो अत्यन्तै सरल नियम हो ।

फेरि यो महाकाली नदीको वनवासामा शारदा ब्यारेज बनाउन सन् १९२० मा तत्कालीन ब्रिटिस भारत सरकार र नेपाल

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सरकारको बीचमा भएको सम्झौताले पनि यो टनकपुर बाँध निर्माण गर्न नेपाल सरकारसँग पूर्ण स्वीकृति लिनु पर्ने कानूनी तथा नैतिक प्रावधान जिउँदै हुँदाहुँदै एकतर्फी बनाइको यो बाँधलाई कसरी न्यायसंगत भन्ने ? सन् १९२९ मा सम्पन्न भएको बनवासा बाँध-बाट साच्चै भनूँ भने सम्झौता अनुसार नेपालले जलस्रोतको उपभोग गर्न पाएन । पछि पञ्चायत कालको मध्यमा आएर महा-काली सिंचाइ योजना सुरू भएर केही जलस्रोतको उपभोग गर्न पाउने बेलामा ए. डि बि. र विश्वबैंकबाट पर्याप्त ऋण सहयोग नपाउँदा नहरहरू बन्ने वा निर्माण कार्यमा तीव्रता आउन सकेको छैन । तर नहर बनेको छ वा बनेको छैन भन्नु भन्दा जति ऋण हामीले दातृ संस्थाबाट प्राप्त गरी महाकाली सिंचाई सञ्चालन गर्नुपर्नेछ अब यहाँ पनि प्रश्न चिन्ह खडा भएको छ । कारण टनकपुरको बाँधपछि बनवासा बाँध भारत सर-कारको लागि गौण हुन पुग्छ र केही समयमै नष्ट हुन सक्छ ।

यस्तो स्थितिमा नेपालको सम्बिधान बमोजिम राष्ट्र र राष्ट्रियता बचाउन प्रतिपक्षीले बोलेका र उठाएका सवालमा विरोधका लगि विरोध गरेका हुन् भनेर सत्तारूढ पक्षले गरेको गल्तिमा साथ दियौं भने भोलि राष्ट्रको सम्प्रभुतामा आँच आउने डर रहन्छ, त्यसैले आम बुद्धिजीवीले यस मुद्दालाई गहिरिएर सोच्नुपर्ने अवस्था आएको छ ।

भारत सरकारले तत्कालीन पञ्चायत सरकारसँग यो टनक-पुर बाँधको बारेमा स्वीकृति लिने कुरा नचलाएको थिएन । त्यतिखेर त कुनै सम्वैधानिक अडचन पनि थिएन । भारत सरकारसँग संझौता गरिदिएको भए भारतीय नाकाबन्दीको दुख नेपाली जनताले भोग्नु पर्ने पनि थिएन, देशको आर्थिक अवस्था यति गिर्दो स्थितिमा पुग्ने पनि थिएन । भारतसँग तत्कालीन सरकारको वैम-नस्यको कारण यो बाँध नै प्रमूख कारण थियो । यो सबैको जानका-रीमा छ ।

२००८ सालमा कोशी र २०१६ सालमा गण्डकको लागि भारत सरकारसँग सम्झौता भयो तर पञ्चायती तीस वर्ष कालमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भारतसँग कुनै जलस्रोत बाँडफाँड बारेमा सम्झौता भएन – यो बोल्नै भन्दा सम्झने कुरा हो ।

त्यसैले छिमेकी बलियो छ भन्दैमा उसले गरेका व्यवहारहरू सहनुपर्छ भन्ने कुनै जरूरी छैन । आफ्नो अस्तित्व गुमाएर बलियोको पछि लाग्नु कायरता हो र नामर्दीपन हो । आफ्नो प्रतिष्ठामा बाँच्दा गौरव मान्ने हाम्रा लागि यो दमन मरेतुल्य भएको छ ।

साप्ताहिक नेपाली आवाज २०४८।११।२३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२९

पत्रिका संचालक र पत्रकार संघ

पत्रकारिता, पत्रकार तथा पत्रकारको संघ – यो बारे यो हप्ता राजधानीको प्रत्येक कुनाकाप्चामा कुराकानीको विषय बन्यो। राजनीतिज्ञ, चिन्तक, बुद्धिजीवी सबैले आ-आफ्नो किसिमले यस बारेमा व्याख्या गरे। कारण यही फाल्गुण २३ र २४ गते संचालित नेपाल पत्रकार सङ्घको पन्ध्रौं महाधिवेशनले लिएको लक्ष्य र त्यसको प्राप्ति थियो। यसैबीच पुरानो पञ्चायतकालीन पत्रकार सङ्घका सभापति मञ्जुरत्न शाक्यले अवैधानिक हुन लागेको महाधिवेशन रोकिपाऊँ भनी सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। तर पनि प्रधानमन्त्रीबाट महाधिवेशनको उद्घाटन भयो र निर्धारित समयमै अधिवेशन सञ्चालन भयो। त्यसैले पनि यो अझै चर्चाको विषय बन्यो।

दुई सय बाह्र पत्रिकाका प्रतिनिधि समेत जम्मा तीन सय पैंसट्ठी सहभागीले भाग लिएको अधिवेशनमा पत्रकारको परिभाषा सम्बन्धमा व्यापक व्याख्या भयो। विधान मस्यौदामा सबैको मन-मस्तिष्क खपत भयो। पत्रिकाको प्रकाशक पत्रकार सङ्घको सदस्य

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नरहने विधान पास गर्न प्रायजसो नवयुवक तथा श्रमजीवी पत्रकार-हरू लागे । अन्ततः नेपाल पत्रकार संघको पुरानो विधान अनुसार एक पत्रिका एक भोटको व्यवस्थालाई अलग बनाई संघलाई नयाँ दिशा दिन समर्थ भए । संघमा वर्तमानमा हावी भएकाहरू परास्त भए र श्रमजीवी पत्रकार बन्धुहरू विजयी भए । यस मानेमा उहाँ-हरूलाई बधाई छ !

विश्व इतिहासलाई हेर्दा हाम्रो पत्रकारिताको क्षेत्र युरोपको सोह्रौं सत्रौं शताब्दीको अवस्थामा गुज्रिरहेको छ । राज्यसत्ता समूह र सर्वसाधारण नागरिक समूहको समझदारीको अभावले उत्पन्न हुने सामाजिक, आर्थिक, राजनैतिक उथलपुथलमा पत्रकारिता क्षेत्र नै सहभागी हुने गर्छ । यस अवस्थामा समाचार पत्र एउटा स्वच्छ समाज निर्माताको भूमिका निभाइरहेको हुन्छ भने आवश्यकता अनु-सार राज्यमा व्यवस्थित सामाजिक, आर्थिक, राजनैतिक विकृतिको विरूद्ध योद्धाको रूप धारण गर्ने गर्छ । यस अवस्थामा समाचार पत्र कसरी व्यवसायी बन्न सक्छ ?

वर्तमान समयमा विकसित देशका पत्रपत्रिकाहरू मात्र व्यावसायिक रूपमा संचालन भएका छन् । देशको सामाजिक बनावट आर्थिक अवस्था, नागरिकमा राजनीतिक चेतना र त्यस मुलुकको राजनीतिक व्यव-स्थाको आधारमा निश्चित हुने पत्रकारिता क्षेत्र प्रजातान्त्रिक मुलुकमा मात्र व्यवस्थित रूपले सञ्चालन भएको देखिन्छ । हाम्रो देश जहाँ प्रजातान्त्रिक व्यवस्था भए पनि असी प्रतिशत नागरिक निरक्षर भएको कारण समाचार पत्र अरू विकसित देशको दाँजोमा चल्नुपर्छ र चलाउनु पर्छ भन्नु ठीक जस्तो लाग्दैन । अझ आधा शताब्दीभन्दा बढी यस सामाजिक विकृतिसँग लड्न बाँकी छ । राजनीतिक क्षेत्रमा भएको अनुशासनहीन प्रवृत्ति र स्वार्थी मनोवृत्तिको विरूद्धमा आवाज उठाउनु पर्ने छ तथा आर्थिक क्षेत्रमा भएको लुट र भ्रष्टाचार नियन्त्रणका लागि नयाँ बाटो देखाउन प्रयत्नशील रहनु परेको छ भने यो क्षेत्र कसरी व्यावसायिक बन्न सक्छ हो ! चेतनशील समाजको स्थापनापछि यो व्यावसायिक बन्न सक्छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

एकजना श्रमजीवी पत्रकार साथीले विधान संशोधन क्रममा अधिवेशनमा बोल्नु भयो- पुस्तकका प्रकाशक लेखक होइनन् त्यसैले पत्रिकाका प्रकाशक पनि पत्रकार होइनन् । हो मा हो भयो ताली बज्यो, विधानमा संशोधन भयो । उहाँलाई यो थाहा भएन- पुस्तक प्रकाशक एउटा व्यापारी हो जो अर्थ उपार्जनको लागि प्रकाशक भएको हुन्छ भने समाचार पत्र प्रकाशित गर्ने प्रकाशक अत्यन्त राजनीतिक चेतनाले ओतप्रोत भएको समाजको त्यस्तो सम्वेदनशील व्यक्तित्व हो जो सुन्दर, शान्त, विकशित समाज निर्माणको सन्दर्भमा तन, मन, धन लगाएर समाजसेवाको लागि समर्पित भएको हुन्छ । त्यसैले हाम्रो मुलुकमा ९९ प्रतिशतभन्दा बढी समाचार पत्रका सम्पादक नै प्रकाशक र प्रकाशक नै सम्पादक देखिन्छन् । हाम्रो देशमा पूर्ण प्रजातन्त्र स्थापना नभएको र आम जनता पनि साक्षर नभइसकेको हुँदा पत्रकारिता पूर्णरूपले 'नन्प्रफिट इस्टिच्यूसन' मतलब सेवामूलक संस्था नै हो । यसैले प्रकाशकभन्दा सञ्चालक भन्न वेश हुन्थ्यो कि ? अथवा सञ्चार कार्यमा संलग्न भएकोले 'संचारक' भन्न पर्छ कि ?

यो ठोकुवाका साथ म भन्न सक्छु कि यो उद्योग होइन संस्था हो । व्यावसायिक रूपले काम गर्ने गरी कसैले बोर्डिङ स्कूल वा कलेज खोल्यो भने त्यो शिक्षण संस्था नै ठहरिन्छ उद्योग होइन, केवल यो शब्द चयनले मात्र उद्योग जस्तो नदेखिएको हो । यति साधारण कुरालाई नबुझी श्रमजीवी पत्रकार साथीहरूले प्रकाशक र आफ्नो बीचमा मालिक र मजदूरको संज्ञा दिने गरेका छन्, यो अत्यन्तै अबुझता हो ।

भारतको देखासिकी हामी गर्न चाहन्छौं तर यहाँ गोयनका र बिडला छैनन । भारतमा प्रकाशक, सम्पादक, सम्वाददाता, फोटोग्राफर र कार्टुनिष्टहरूको आ-आफ्नो भिन्दाभिन्दै संगठन छ । के यहाँ पनि त्यस्तै आवश्यकता छ ?

नेपालको पत्रकारिताको इतिहास कुनै लामो छैन । यसको कथा र व्यथा वर्तमानकै सतहमा स्पष्ट देखिएको छ । सैंतीस वर्ष-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

देखि सेवारत समाजका सञ्चालक मणिराज उपाध्यायजी, तेत्तीस वर्षदेखि कार्यरत समीक्षाका सञ्चालक मदनमणिजी, त्यस्तै गोपाल-दास र गोविन्द वियोगी जस्ता निजी क्षेत्रका अखबारका सञ्चालकहरूले कस्तो विकट परिस्थिति पार गरी यहाँ आइपुगेका छन् ! यो जानकारी लिन योग्य छ ।

अखबार प्रकाशन कार्यलाई साँच्चीकै व्यावसायिक बनाउन अझै लामो समय लाग्ने छ । त्यसैले यो पूर्ण सेवा कार्य हो । सर-कारको लागि ऐना हो । समाजको लागि पथप्रदर्शक हो । अबुझको लागि शिक्षण संस्था हो । अनि यस्तो संस्थामा कार्यरत सबै युद्ध-क्षेत्रका योद्धा हुन् भने सञ्चालक त्यस समूहको सेनानी हो । के यिनीहरूको सम्बन्ध विच्छेदमा फाइदा छ ?

साप्ताहिक नेपाली आवाज २०४८।११।३०

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३०

सार्वजनिक सम्पत्तिः राष्ट्रिय दायित्व

राष्ट्रमा भू-स्वामित्व कायम हुने भूमिव्यवस्थाको कानून अन्तर्गत व्यक्ति वा संस्थाको नाममा दर्ता भएको जमीन बाहेकका सरकारी तिरो कायम नभएका सबै जमीन ऐलानी ठहर हुन्छ; मतलब श्री ५ को सरकारको स्वामित्व कायम हुन्छ । राष्ट्रको सीमाक्षेत्र-भित्रको जमीन राष्ट्रको सम्पत्ति हो । त्यसैले राष्ट्रले आफ्नो सम्पत्तिको वहाल, कर वा निश्चित राज्यले तोकेको रकम असूल गर्न सक्छ । त्यति मात्र होइन, त्यतिभित्र कोही कसैलाई मुफत दिन अथवा निश्चित वहाल वा कर निश्चय गरी अरू कसैलाई हस्तान्तरण गर्न सक्छ । त्यसैले यही व्यवहार अन्तगत राज्यभित्र बसोवास गर्ने नागरिकले जमीन उपभोग गर्न पाएको हुन्छ ।

नेपालको राजधानी काठमाडौं उपत्यका हाल बसोवासको लागि आकर्षणको केन्द्र बन्न पुगेको छ । बाहिरी जिल्लाका सबैजसो सबल नागरिकहरू काठमाडौं उपत्यकाभित्र घर बनाई वसोवास गर्न चाहन्छन् । आजभोलि काठमाडौं उपत्यकाको जमीनको बढी मागले गर्दा मूल्यको कुनै निश्चित मापदण्ड कायम हुन सकेको छैन । त्यति मात्र होइन, सरकारले नियन्त्रण गर्ने अवस्था पनि छैन । त्यसैले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

काठमाडौं उपत्यकाभित्र नगर विकास अत्यन्तै तीव्र गतिले बढिरहेको छ । पूर्ण अव्यवस्थित निर्माण भइरहेका घरहरूले गर्दा नगर विकासको रूपमा विकृति पैदा भएको छ, मतलब अव्यवस्थित वसोवास बढिरहेको छ।

प्रसंग सरकारी ऐलानी जमीनको अतिक्रमण र त्यसमा भएको अव्यवस्थित बसोवासको हो । केही वर्ष अघिसम्म काठमाडौं, ललितपुर र भक्तपुरको शहरी क्षेत्रभित्र हजारौं रोपनी सरकारी जग्गा थियो । तर हाल त्यो सरकारी जग्गा गैर कानूनी र बलजफ्ती अतिक्रमणले गर्दा व्यक्तिको कब्जामा पुग्न गएको छ ।

सार्वजनिक चौर, वगैंचा, बाटोका छेउ, कुना र नदीका किनारका जमीन च्यापिदै र मिचिंदै हराउन थालेका छन् । पञ्चायतकालमा प्रधानपंच र वडा सदस्यको जिम्मामा रहेका यस्ता जमीनहरू त्यही समयदेखि बेहिसाब र मनपर्दो किसिमबाट बाँडफाँड गर्न थालिएको हो । हाल त झन् हेर्ने निकाय नै नहुँदा बाँकी बक्यौता पनि बेदखल हुन पुगेको छ ।

वागमती र विष्णमतीका जमीनहरू तत्कालीन वडा पंचहरूले खुला बिक्री गरी बसोवास गराएको क्षेत्रको सुरक्षा हुनु पर्ने हो र सर्जमीनको आधारमा त्यस्ता वडा पञ्चहरूलाई कार्यवाही गर्नु पर्ने हो। यसतर्फ सरकारले पटक्कै ध्यान दिएको छैन । का० न० पा० वडा नं० ९र१० को हजारौं रोपनी सरकारी जमीन हेर्दाहेर्दै हराएर गयो । एक हज्जार फीटभन्दा बढीमा फैलिएको वागमती साँगुरिएर तीस फीट हुन गयो । संखमूलको सयौं रोपनी बगर हेर्दाहेर्दै बना बस्तीमा परिणत भयो ।

एक जना शाही सेनाका कर्नेलले चार आना जमीन किनेर चार रोपनीको क्याम्प लगाउँदा कसैले नबोलेपछि उनको व्यवसाय नै नदी किनारको थोरै जग्गा किन्ने र जतिसक्दो घेराबन्दी गरी सरकारी नापी गराई निजी स्वामित्व कायम गर्ने भयो । अन्तमा यही कामबाट उनी करोडौं मूल्यको जग्गा हडप्न समर्थ भए । यस्ता सरकारी जमीन हडप्ने काममा प्रहरी अधिकृत, सरकारी सेवाका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कर्मचारी र पञ्चहरू प्रमुख छन्। जुन कुराको छानबिन शुरू गर्न सरकारलाई कुनै बाधा अड्चन छैन तापनि सरकार यसतर्फ नजानिंदो र नबुझेको जस्तो गरेर आफ्नो दायित्वबाट पन्छन खोजेको छ।

प्रजातान्त्रिक सरकारको स्थापनापछि सरकारी कामकाज गर्नु पर्ने मन्त्रालय र सम्बन्धित निकाय जिम्मा लिएका अधिकारीहरूमा उदासीनता आएको छ। उनीहरू नगरी नहुने दैनिक कार्य प्रशासन बाहेक सानोतिनो जोखिम पनि उठाउन तयार छैनन्। यो स्थितिमा राष्ट्रिय सम्पत्तिको जगेर्ना गर्ने काम कहाँ र कसबाट हुने हो ?

पार्टी र मन्त्री महोदयहरूलाई यसतर्फ वास्ता नै छैन। वास्ता लिएर पनि के गर्नु ? कसैको सम्पत्तिमाथि धावा बोल्न पनि आँट र सच्चाइ चाहिन्छ। फेरि मानव अधिकारका कुरा आउँछन्, सुकुम्बासीका प्रश्न खडा हुन्छन्। भोलि जनताकै भोटबाट आफ्नो अस्तित्व कायम गर्नु पर्ने हुँदा पनि यिनीहरू राष्ट्रिय सम्पत्तिको संरक्षण गर्ने पक्षमा देखिंदैनन्। अब कसले गर्ने त ?

कानूनी राज्य भएको हुँदा सरकार वा कुनै निकायले बेदखल गर्ने बित्तिकै अदालतमा जाने प्रचलनले पनि कुनै पनि कार्यको सफलतामा शंका पैदा भइरहेछ। त्यसैले स्पष्ट कानूनी व्यवस्था के हुनु पर्‍यो भने सार्वजनिक सम्पत्ति मास्ने, बेच्ने वा हडप्न खोज्नेलाई राष्ट्रिय अपराधीको रूप दिई कानूनी कार्यवाही गर्ने व्यवस्था तुरुन्तै हुनुपर्‍यो। सो व्यवस्था नहोउन्जेल गृह मन्त्रालयले विशेष चाखका साथ अभियानको रूपमा स्थानीय प्रशासनद्वारा कार्यवाही शुरू गर्ने वा गर्न थालेमा अब बाँकी सार्वजनिक सम्पत्तिको सुरक्षा हुन्थ्यो कि ?

साप्ताहिक नेपाली आवाज २०४८।१२।७

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३१

सरकार, नगरपालिका र फोहरमैला

नगरपालिकामा जनप्रतिनिधि नपुगेर हो वा प्रहरीको निस्क्रिय क्रियाकलापले हो वा स्थानीय प्रशासनको बेवास्ताले हो वा फोहोरै सफा पार्ने भनेर विदेशी सहयोग प्राप्त नभएर हो वा जनतामा शहर हाम्रो हो, यसलाई सफा राख्नु पर्छ भन्ने चेतनाको अभावले हो, आजभोलि शहरभरि फोहर, मैला र दुर्गन्ध फैलिएको छ । मैले यो उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर शहर र त्यस वरपर बढ्दै गएको बस्तीको बारेमा भन्न खोजेको हुँ ।

नगरपालिकामा करोडौं रूपैयाँको आम्दानी छ । सयौं कुचीकारले तलब पाउँछन् । निरीक्षक र वडा समितिहरूमा काम गर्ने कर्मचारीहरू पनि नभएका होइनन् । तर नगरपालिका हण्डी खाने अखडा भएको छ । पुरानो नगरपालिकाका चेयरम्यान र बीचका प्रधानपञ्चहरूले थुपारेका फोहरहरू कार्यालयभित्र यथावत् छन् । नगरपालिकालाई कर्मचारीहरूले चलाएको दुई वर्ष पुग्न लागिसक्यो । यति लामो अवधिसम्म सरकारले यसतर्फ केही नसोचेको र केही गर्न नसकेको हुँदा त्यहाँका कर्मचारीमा कार्यरत हुन नसक्ने रोग लागिसकेको छ– यो यस्तो रोग हो जो निदान नै हुन सक्दैन ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बाटो-घाटोमा फोहर गर्दा र छेउकुना फर्केर पिसाब गर्दा पनि प्रहरीहरूले देखेपछि हप्काउने गर्थे । प्रहरीको तोकिएको डिउटी-भित्र नपरे पनि अनुशासन कायम राख्नु पर्छ भन्ने प्रहरीमा जिम्मेवारी-बोधको कारणले त्यसो गर्ने गर्थे । तर आजभोलि बाटोघाटो, सार्वजनिक स्थल र बसपार्क जस्ता स्थानहरू खुला शौचालय हुन पुगेका छन् । प्रहरी वा बाटोमा हिंड्ने र मानव अधिकारका जानकार भलाद्मीहरू कसैले पनि किन यस्तो ? सम्म भन्ने गरेका छैनन् । हुन पनि प्रहरी फोहर मैलाबाट कुनै भत्ता पाउँदैनन् भने किन कसैलाई सजग गराउने ?

सार्वजनिक अपराध सम्बन्धी मुद्दा हेर्ने अधिकार प्राप्त स्थानीय प्रशासनलाई किटानसाथ यसले अपराध नै गरेको हो भनेर प्रहरीले वा सम्बन्धित निकायले नभनेसम्म जानकारी नै हुँदैन । यदि भयो नै भने पनि के कस्तासम्मलाई सार्वजनिक अपराध भन्ने ? यो अर्को अल्झोको विषय हो । त्यसैले किटानसाथ तोकिएको भन्दा बढी कार्य गर्न कुनै पनि स्थानीय प्रशासन उत्सुक देखिदैन ।

काठमाडौं फोहरले दुर्गन्धित होला भन्ने डरले पञ्चायत-कालमा पश्चिम जर्मनी सरकारले सहयोग गरेर स्थापना गरेको फोहर मैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र फोहरको थुप्रोभित्रै हराउन लागेको महसूस हुन लागेको छ ।

भक्तपुर शहरका बसोबासी राजनीतिक रूपले अत्यन्तै चेतना भएका मानिए पनि चर्पी र शौचालयको प्रयोग गर्नुपर्छ भनेर सिकाउन जर्मनीबाट विशेष कार्यक्रम आउनु पर्‍यो । अनि जर्मन सहयोगको योजनासंगै सफाई पनि समाप्त भयो । राजनीतिक चेतना दिने नेता र कार्यकर्तासँग शहर सफा राख्ने कुनै स्रोत र साधन छैन अनि कसरी सफाई कायम राख्ने ?

नगरमा बसोबास गर्ने नागरिकहरूमा कमसेकम नागरिक ज्ञान (सिभिक सेन्स) सरकारतर्फबाट नै दिनु पर्छ । नागरिक ज्ञान नभएको नागरिक नगरमा बस्न योग्य हुँदैन । यो सभ्यता र चेतनाको लागि मात्र होइन प्रजातन्त्रको लागि पनि अत्यन्तै महत्वपूर्ण हो ।

आज ठूला ठूला प्रजातन्त्र र मानवअधिकारका कुरा गर्ने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

देशका जिम्मेवार व्यक्तिहरू साधारण नागरिक ज्ञान र नागरिक कर्तव्यका बारेमा किन मौन रहन्छन् ? करोडौं रुपैयाँ बेहिसावसंगले खर्च गर्ने र गराउने सरकार फोहर सफा गर्न र सार्वजनिक शौचालय बनाउन विदेशी सहयोग किन पर्खेर बस्छ? के विदेशी सहयोग विना अब आाची सफा गर्न पनि सकिदैन? किन यस्तो अवस्था आयो हाम्रो मुलुकमा?

यही हप्ता एउटा विदेशी साथीसँग म टुँडिखेलको पूर्वी बाटो भद्रकालीबाट रत्नपार्क जाँदा दुर्गन्धले हामीलाई छपक्कै छोप्यो । अप्ठेरो मान्दै म तर्कन खोजें तर मेरा मित्रले मलाई भनिहाले – कस्तो खुल्ला शौचालय ! यो पनि रमाइलै हो ! मैले केही जवाफ दिइन । यहाँ प्रत्येक रूखको फेद सुख्खा देखिदैन । त्यति मात्र होइन, टुँडिखेलको बारको पनि त्यही गति छ । राजधानीको महत्वपूर्ण र सौन्दर्ययुक्त टुँडिखेलको यो हाल भएपछि अरू ठाउँको के बयान गर्नु ।

हुनत विदेशी सहयोगमा यहाँ घुम्ती शौचालयको पनि परिचय गराइयो तर नमूना मात्र ! झ्यालबाट कोपरा फाल्ने काम पुरानो बजार लाइनमा आज पनि कायमै छ र बाटाको किनारमा खुलेआम पिसाब गर्नु पनि ! यो रोक्ने कसरी ? यसतर्फ कसैले गम्भीरतापूर्वक विचार गरेको छैन ।

स्वस्थ रहन र सभ्य कहलाउन आफू बसेको स्थान सफा राख्नु पर्छ ! फोहर गर्नु पनि अपराध भएको हुंदा यसको कानूनी बन्देजको व्यवस्था हुनु पर्छ ! सरकारले भन्ला– यो जनताको काम हो ! होइन, यो सरकारकै जिम्मेवारीभित्र पर्छ– हामीले जोडदारका साथ भन्न परेको छ ।

साप्ताहिक नेपाली आवाज २०४८।१२।१४

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३२

मौलिक सहकारी कार्यक्रम र गुठी बन्दोबस्त

गुठी शब्द गोष्ठीबाट उत्पत्ति भएको हो । गोष्ठीको अर्थ सभा वा समूह भन्ने जनाउँछ। समूहद्वारा सामूहिक हितको लागि गरिने कार्यलाई गुठी कार्य भन्ने चलन चल्न थाल्यो । नेपाली समाजको विकासको सँगसँगै यो गुठी व्यवस्थाले पनि समाजमा आफ्नो प्रभाव विस्तार गर्दै गयो। जन्म र मृत्यु मात्र होइन, जीवन संचालन र यापन गर्ने माध्यम पनि गुठीमा आधारित हुन पुग्यो । गुठी नै धर्म, संस्कृति र समाज विकासको मूल आधार साबित भयो ।

तर समयको गतिले फेरि गुठी व्यवस्थालाई केही पन्छाउन थालेको आभास हुन थाल्यो । यो समय नेपाली समाजको दरिद्रता सुरूवातको समय थियो । जहाँ गरीबी हुन्छ त्यहाँ सभ्यता र संस्कृतिको भन्दा खानाको आवश्यकता हुन्छ अनि बाँच्ने प्रयासमा मान्छेहरू अत्यन्तै स्वार्थी र अविवेकी हुन पुग्छन् । त्यतिखेर सभ्यता र संस्कृतिलाई भुल्न खोजिरहेका हुन्छन् । बस्, वर्तमानको हाम्रो समाज यही मोडबाट गुज्रिरहेको छ ।

समूहले वा सामूहिक रूपमा वा समाजको हितको लागि सामूहिक प्रयासद्वारा गरिने कार्यप्रविधिलाई सहकारी कार्यक्रम (कोअपरेटिभ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

प्रोग्राम) भनिन्छ । हाल विश्वको अविकसित हाम्रो जस्तो मुलुकमा सहकारी कार्यक्रमलाई अमेरिका र इजरायलबाट आयात गर्ने चलन चलेको छ। यसरी आयातीत सहकारी कार्यक्रमलाई सरकारले करोडौं रकम खर्च गरेर प्रचार प्रसार गर्ने र लागू गर्न अनेक प्रयास गरिरहेको छ। हुनत हाम्रो जस्तो स्रोत र साधन कम भएका मुलुकहरूका लागि सहकारी कार्यनीतिको आधारमा सञ्चालन हुने कार्यक्रम नै फलदायी हुन सक्छ।

हाम्रो मुलुकमा प्रचलित गठी बन्दोवस्तको कार्यक्रम विश्वमा चलेको कुनै पनि कार्यक्रमभन्दा अवैज्ञानिक वा प्रभावहीन कार्यक्रम होइन। तर गुठी भन्ने बित्तिकै पूजाआजा र अन्धविश्वासको आधारमा धार्मिक कृत्य गर्ने समूह वा संस्था हो भनेर उपेक्षा गर्न थालेपछि यस मुलुक र नेपाली समाजबाट यसको अस्तित्व समाप्त हुने स्थितिमा पुगेको छ।

नेपाली समाजमा प्रचलित गठी वन्दोवस्तको कार्यक्रममा धार्मिक कार्य, सामाजिक सेवा, कृषि व्यवसाय सञ्चालन र विकास गर्ने, आर्थिक पक्ष सुदृढ पार्ने र बैंकिङ्ग व्यवस्था कायम राख्ने, सभ्य र सुसंस्कृत जीवन यापनका लागि सञ्चालन गर्न पर्ने अनेकानेक कार्यक्रम सञ्चालन गर्ने आदि समावेश भएको देखिन्छ र यसैको आडमा यगौं युगदेखि हाम्रो समाजका सदस्यहरू सभ्य सुसंस्कृत र शान्तिमय जीवन यापन गर्दै आएका थिए। साथै अभावग्रस्त जीवन विताउन वाध्य भए पनि आजको जस्तो असन्तोषी र विवेकहीन थिएनन ।

मुलुकमा गुठी बन्दोवस्त कार्यक्रम सञ्चालन भइरहोस् भन्ने उद्देश्य राखेर हाम्रा पुर्खाहरूले अनेकानेक योजनाहरू तयार गरेर कार्यान्वयन गरे । कति आजसम्म हाम्रो अगाडि बाँचिरहेका छन् भने कति कालान्तरमा परिवर्तन हुँदै गए । राम्रो र नराम्रो भेद छुट्याउन खप्पिस हाम्रा पुर्खाहरूले यस कार्यक्रमलाई स्थायित्व दिन भूमिदान कार्य सञ्चालन गरे । पछि आएर हजारौं भूसम्पत्तियुक्त संस्थाहरू खडा भए र लोक कल्याणको लागि कार्य गर्न थाले । यही व्यवस्था र यस्तै संस्थाहरूलाई गुठी भनिन थालियो ।

प्रसंग, आम चुनाव पश्चात् गठन भएको सरकारले गुठी संस्थानमा भएको भ्रष्टाचार र जग्गाको व्यवस्था बारेमा छानविन गरी प्रतिवेदन प्रस्तुत गर्न तीन सदस्यीय आयोग गठन गऱ्यो र आयोगले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पाँच महिना लगाएर गरेको छानविनको प्रतिवेदन भूमिसुधार मन्त्रालयमा दिएको समाचार केही हप्ता अघि प्राप्त भयो । आयोगको छानविन अनुसार मुलुकका उच्च ओहदा ओगटेका प्रधानमन्त्री, मन्त्री, सचिवदेखि लिएर गुठी संस्थानकै अध्यक्ष र उच्च कर्मचारीले गुठी जग्गा बेदखल गरेको र गुठी संस्थानको सम्पत्ति हिनामिना गरेको ठहराई प्रतिवेदन प्रस्तुत गरेको बुझिन आएको छ । उक्त प्रतिवेदन अनुसार सरकारले तुरुन्त कार्यवाही सुरू गर्ने कुरा पनि बुझिएको छ। तर कुन हदसम्म कार्यवाही गर्ने हो वा यत्तिकै सामसुम गर्ने हो– यसमा जनत्रासो बढेको छ ।

दोस्रो प्रसंग हो गुठीको जग्गा जोत्ने मोहीहरूलाई जग्गा दर्ता गर्नहोस भनेर गुठी जग्गालाई व्यक्तिगत सम्पत्तिमा परिणत गर्ने गुठी संस्थानबाट गोरखा-पत्रमा प्रकाशित सूचनाले पञ्चायती कालमा गुठी उपर बेइसाफ भएको थियो, गुठीको अस्तित्व नै समाप्त पार्ने षड्यन्त्र रचिएको थियो भन्ने देखाउछ ।

एउटा शिक्षण संस्थान संचालन होस् भन्ने उद्देश्य राखेर कुनै दाताले दान दिएको जग्गा संस्थाको कायम नभई व्यक्तिहरूले बाँडचुँड गरेर खाए भने संस्था चल्न सक्छ ? त्यसैले एउटा निश्चित उद्देश्य प्राप्तिको लागि संस्थामा प्राप्त भएको जग्गा गुठी संस्थान वा सरकारलाई बाँडचुँड गर्ने वा हिनामिना गर्ने कुनै अधिकार छैन । यस्तो अधिकार नभएकोले नै मल्ल काल र राणा काल जस्तो तानाशाही शासन व्यवस्थामा समेत गठी जग्गाको बेदखल भएन । यसरी आजसम्म संरक्षित पुर्खाको कीर्ति मास्दा हामीलाई कति फाइदा छ ? अनाधिकार कार्यको नाम प्रजातन्त्र हो ? होइन भने यसको सुरक्षा गर्नु पर्‍यो ।

गुठी बन्दोबस्तको कार्यक्रम हाम्रा पुर्खाबाट सामाजिक विकास र लोक कल्याणका लागि सचालित वैज्ञानिक कार्यक्रम हो । यो हाम्रो मौलिक कार्यक्रमलाई प्रजातान्त्रिक सोचाई र उदार हृदयले मात्र बुझ्न र फैलाउन सक्दछ । यो कार्यक्रमको मर्मलाई बुझेर आम बुद्धिजीवीहरूले यसतर्फ सोचिदिए वेश हुने थियो कि ?

साप्ताहिक नेपाली आवाज २०।८.१२।२१

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३३

योग्य शासक र नेपाल बन्द

सरकारको ठूलो दायित्व मुलुकभित्रका सर्वसाधारण नागरिकको शान्ति सुरक्षा कायम गर्नु हो । अरू जतिसुकै पक्ष राम्रा भए पनि मुलुकमा शान्ति सुरक्षा कायम गर्न सकेन भने सरकार पदच्यूत हुन्छ । यो राजनीतिको साधारण नियम हो । यस्तो सानो राजनीतिक सूत्रलाई गिरिजा सरकारले सफल गर्न नसकेकोमा देशका तमाम प्रजातन्त्रवादीहरू चिन्तित हुन पुगेका छन् ।

यो हप्ता राजधानी र मोफसलका शहरहरू आतङ्कित रहे । नेकपा एकता केन्द्रले गत चैत्र २४ गतेलाई नेपाल बन्दको लागि आह्वान गरेको थियो । यो बन्द कार्यक्रम तुरुन्त गरिएको निर्णय थिएन । एक महिनादेखि प्रकाशित कार्यक्रम थियो, सरकारले यसलाई अत्यन्तै बेवास्ता गरेर बस्यो । तर २४ गते नेपाल बन्द कार्यक्रम यसरी सफल भयो कि ललितपुर, भक्तपुर र काठमाडौंका सबै ठाउँहरू एकै र एक किसिमका साथ राजधानी टक्कै रोकिन पुग्यो । वर्तमान सरकारको असक्षमता मुलुकमा प्रदर्शित भयो ।

यो बन्द कार्यक्रमको सफलता र असफलताको संकेत आइतबार

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२३ गते साँझ बत्ती निभाउने कार्यक्रमले नै दिइसकेको थियो । भोलि के. कस्तो र कुन हदसम्म विरोधी समूहले सफलता पाउँछन् भन्ने अघिल्लो दिनको मूल्याङ्कन गर्न सकिने अवस्था राजधानी अँधेरो भएबाट छर्लङ्ग भइसकेको थियो । तर सरकारले यसतर्फ गम्भीरतापूर्वक नसोचेको कुरा यस स्तम्भकारले गृहमन्त्री शेरबहादुर देउवालाई साडे नौ बजे फोन गरेर स्थितिको जानकारी पाउन खोज्दा पाएको जवाफबाट स्पष्ट हुन आयो । मन्त्रीजीले भन्नुभयो- गुण्डाहरूको कारण हो, वीर अस्पताल अगाडि जमेको हुल र हुललाई तितरबितर पार्न प्रहरीले ब्लायङ्क फाएर गर्नु पर्‍यो, हताहत भने भएका छैनन् । गृह मन्त्रालयले विज्ञप्ति निकाल्दै छ, चिन्ताको कुनै अवस्था छैन । भोलि दिन सामान्य हुन छ ।

देश जिम्मा लिएर बसेका व्यक्तिले भनेपछि अविश्वास गर्ने कुरा पनि थिएन तर कारणवश त्यस दिन राति एक बजे वीर अस्पतालको इमर्जेन्सीमा पुगेको थिएँ र चोटपटक र घाइते भएका दर्जनौं मान्छेहरू सुतिरहेका देखें । मैले साँझको घटनाको बारेमा सोधखोज गर्दा डिउटीका डाक्टरले भने- यहाँ यति भीड थियो कि बस्ने र टेक्ने अवस्था थिएन, एक जना अन्दाजी १३ वर्षको केटालाई गोली लागेको हुँदा माथि इमर्जेन्सी अप्रेसन हुँदै छ, भर्ने अवस्थामा भयो भने प्रहरीले यहाँ ल्याउँदैनन् , मैले सुनेसम्म दुई जना गोलीद्वारा सख्त घाइते छन्, तर यहाँ ल्याइएको छैन । बानेश्वरदेखि वीर अस्पताल र टुँडिखेलको वरपरका सडकहरूमा बीसौं वटा गाडीहरू सिसा फुटेकाले सिसाका टुक्राहरू सडकभरी देखें ।

यो अवस्थालाई सामान्य भन्ने वा असामान्य ? सरकार सबै साधनबाट सम्पन्न र सुसज्जित भए पनि गुण्डाहरू भनिएकाहरूको लाशलाई लिएर शवयात्रा गरी शहर परिक्रमा गराइयो र गृहमन्त्रीको पुतला जलाइयो । अनि सरकारमा बस्नेहरू हेरेको हेर्‍यै भए ।

सरकारले जसलाई गुण्डा भनेर नामाकरण गर्‍यो त्यो समूह नेपालको सम्बिधान २०४७ धोखा हो भन्ने पूर्ण राजनीतिक समूह हो । कुनै पनि राजनीतिक विचारले प्रेरित समूहलाई सरकारले गुण्डाको संज्ञा दिनु हुँदैन । गुण्डागर्दी र राजनीतिक संघर्ष दुवैलाई एकै देख्ने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पञ्चायती सरकारले ठीक दुई वर्ष अगाडि लिएको नीति वर्तमान सरकारले अवलम्वन गरेकोमा बुद्धिजीवीहरू चिन्तित भएका छन् ।

सरकारले ठीक तरिकासँग गरेको भए २४ गतेको घटनालाई आफ्नो काबूभित्र राख्न सक्थ्यो । तर त्यस दिन यस्तो अवस्था सृजना भयो कि स्थिति सरकारको नियन्त्रणबाट फुत्कियो । प्रहरीको गोलीले सयौं घाइते भए र घटनास्थलमै केही मान्छेको मृत्यु भयो ।

घटनाको परिणाम एक दिनमा टुङ्गिएन । शहर बजार यो पूरा हप्ता आतङ्कित रह्यो । बजारका दोकानदारले दिनको चार पटक सटर खोल्ने र लाउने क्रम जारी राखे । सडकमा हिंडेका मोटर, मोटर साइकल गन्तब्य स्थानमा पुग्न नसकी फर्कन थाले । मान्छेहरू भयभीत भएर बजारमा खुला रूपमा निस्कन सक्ने अवस्थामा छैनन् ।

आज यो सरकारले देशमा अमनचैन कायम गर्न सक्छ ? जनताको जिउ-धनको सुरक्षाको ग्यारेन्टी दिन सक्छ ? यी प्रश्नहरू घरघरमा दोहोरिन थालेका छन् । राजनीतिक रंगमा मुछिएका वा नमुछिएका प्रत्येक नागरिक महँगीको मारले गर्दा सरकारको काम र तौरतरिकादेखि अत्यन्तै असन्तुष्ट हुन पुगेका छन् । सर्वसाधारण जनता आफ्नो शान्ति.सुरक्षा हुने नदेखेर आतङ्कित हुन पुगेका छन् । खुल्लापनलाई अधि सार्दैमा प्रजातन्त्र बाँच्दैन । आवश्यकीय नियन्त्रण र कानूनको संरक्षणले मात्र प्रजातन्त्रमा स्थायीत्व आउँछ । त्यसैले राजनीतिक समूहसँग राजनीतिक ढंगले मुकाविला गर्न पनि जान्नु पर्छ, होइन भने पदत्याग गरिदिनु पर्छ !

साप्ताहिक नेपाली आवाज २०४८।१२।२८

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३४

थाल ठटाउँदैमा अधिनायकत्व पाइँदैन

यही वैशाख ८ गते एमाले का नेता तथा कार्यकर्ताहरूको ठूलो समूहले रित्तो थाल हातमा लिएर देखाउँदै र ठटाउँदै राजधानीमा विरोध प्रदर्शन गरे । तर यो विरोध प्रदर्शन थियो वा कार्यकर्ताको तालिम थियो, यो स्तम्भकारले बुझ्न सकेन । कारणः मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि पहिले नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी लेनिनवादी भएर चिनिएको र निर्वाचन पश्चात् सदनमा द्वितीय स्थान प्राप्त गरी प्रमुख विपक्षी दलको रूपमा शक्तिशाली हुन पुगेको पार्टीले खाली थालको खैंजडी बजाएर कसलाई देखाउन र सुनाउन खोजेको हो ?

विरोध प्रदर्शनको तरिकाले देशमा खाद्यान्न छैन र सबै भोकभोकै मर्दैछन्, थाल खाली छ त्यसैले पेट पनि खाली छ, सरकारले तुरुन्तै खाद्यवस्तुको आपूर्ति गर्नु पर्‍यो र रित्तो थाल भर्नु पर्‍यो भन्ने जनाउँछ । तर प्रदर्शन महँगाइको विरोधमा भएको कुरा नारा र पूर्वघोषित कार्यक्रमले प्रमाणित गरेको थियो । विरोधका लागि मात्र विरोध गरिरहने प्रकृया जारी राख्ने आदेश वा पार्टीको पूर्वस्वीकृत कार्यक्रमलाई मूर्तरूप दिन मात्र यस्ता अनेकानेक प्रदर्शन हुने भएको हुँदा यो विना मौसमको वर्षा जस्तो असान्दर्भिक हुन पुगेको छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यो दुई वर्षको अवधिमा यो पार्टीले राजधानीमा विरोध गर्ने अनेकानेक तौर तरिकाहरू प्रयोगमा ल्यायो, प्रायः सबै महत्वहीन सावित भए । यो सबै प्रयोगमा आएका तौर तरिकाहरू एउटा अपरिपक्व मस्तिष्कको उपज भएको हो भन्ने कुरा सर्वसाधारणमा स्पष्टै हुन आयो । जस्तो कम्युनिष्ट जस्तो अटल सिद्धान्त अख्तियार गरेका कम्युनिष्ट कार्यकर्तालाई 'प्रार्थना' जस्तो अन्धविश्वासी कार्यक्रममा संलग्न गराएर ईश्वरसँग बुद्धिको भिख मगाएर नेपाली कांग्रेसका नेताहरूलाई प्रदान गर्न भनियो – ईश्वरले यी सत्तामा पुगेका कांग्रेसी नेताहरूलाई सत्‌बुद्धि प्रदान गरून् । भनाइ ठीक हो तर यो विरोध प्रदर्शन सदनमा नपुगेका समूहले गरेको भए बढी प्रभावकारी सावित हुन सक्थ्यो कि !

त्यस्तै ताल मिलाएर थपडी बजाउने कार्यक्रम, कालो पट्टी बाँध्ने कार्यक्रम, मुखमा पट्टी बाँध्ने कार्यक्रम, हातेमालो कार्यक्रम, दिउँसै बत्ती बाल्ने कार्यक्रम, धर्ना दिने कार्यक्रम र राँको बाल्ने कार्यक्रम आदि धेरै जसो कार्यक्रमहरू प्रदर्शित भइरहेका छन् । हुनत यस्ता प्रदर्शित कार्यक्रमबाट एकतर्फ कार्यकर्ताहरूले तालिम हासिल गरिरहेका छन् भने अर्कोतर्फ नेताको अदूरदर्शी र मूर्खतापूर्ण निर्णयलाई पनि कार्यकर्ताहरूले आँखा चिम्लेर अनुशरण गर्छन् वा गर्दैनन् भन्ने पनि परीक्षण भइरहेको छ । समर्पित कार्यकर्ताको जमात नै कम्युनिष्ट शक्ति हो । यहाँ तर्कभन्दा अठोटको आवश्यकता छ । अदक्ष र गैर जिम्मेवार समूहको भन्दा तालिमप्राप्त, दक्ष र अनुशासित कार्यकर्ताको खाँचो छ । पार्टीको अन्तिम लक्ष्य प्राप्तिको लागि नेताहरूलाई यस्तो अन्धसमर्थकको आवश्यकता हुन्छ कि उनीहरूले चलाउने बन्दुकको मोहरीबाट फुत्कने गोलीहरू बन्न सकून् । सर्वहाराको अधिनायकत्वमा राज्य सत्ता स्थापना गर्ने मूल उद्देश्य बोकेको कम्युनिष्ट सिद्धान्तका अनुयायीहरूले यो भूमण्डलमा जहाँ सत्ता कब्जा गरे त्यहाँ नेताले आफ्नै अधिनायकत्वमा शासनव्यवस्था लागू गरे तर स्थायित्व प्राप्त गर्न सकेनन् । मार्क्सले सर्वहाराको व्याख्या यसरी गरेका थिए – "सर्वहारा समाजको त्यो वर्ग हो जो आफ्नो जिविकाको लागि आफ्नो श्रम शक्ति बिक्री गर्न बाध्य हुन्छ र आफ्नो श्रम बिक्री बाहेक बाँच्नको लागि अरू कुनै साधन हुँदैन ।" यसरी भन्ने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

एक थोक गरिने अर्को थोक हुन गएकाले विश्व बजारको आकाशमा बादल लाग्न थालेको छ । झन् नौलो जनवादी व्यवस्था र त्यसले अख्तियार गरेको नयाँ संस्कृतिले झण्डै चीनियाँ अस्तित्वलाई नै समाप्त गरिसकेको थियो । त्यसैले कम्युनिष्ट सर्वहाराको मुक्तिको सिद्धान्त पक्कै हो तर उसैको अधिनायकत्वमा राज्य सत्ता स्थापना गर्ने चाहिं होइन । नेताहरूले अनेकानेक नाराबाट आफू र आफ्नो दलप्रति जनतालाई दलीय सिद्धान्तमा आकर्षण गराएर निर्वाचित भएपछि पनि आफ्नो दायित्व बोधबाट विचलित भई सदनबाट फेरि सडकमै फर्कनु ठीक हो ? उनीहरूले त सदनमा श्रमको मूल्य निर्धारण गर्ने ऐन, मजदूरको ज्याला निश्चित गर्ने नियम र भूमि सम्बन्धी व्यवस्थाको विधेयक प्रस्तुत गरेर जनताको विश्वास कायम गर्न सक्नु पर्थ्यो । अनि गार्मेन्ट- कार्पेट र अनेकानेक कारखानामा संलग्न बाल मजदूरहरूको रक्षा गर्न सक्नु पर्थ्यो । त्यसपछि जनताले नेताहरूको बौद्धिक क्षमता र वास्तविक चिन्तन बारेमा जानकारी पाउने थिए ।

नौलो जनवादका लागि बहुदलीय व्यवस्था माध्यम मात्र मान्ने एं०मा०ले० का नेताहरूले गरेको विरोध प्रदर्शन केवल रासन बढाउन जेलका कैदीहरूले आ-आफ्नो रित्तो थाल ठटाएर जेलरसँग रासन कोटा बढाउने माग गरे जस्तो लाग्यो अनि छात्रावासका विद्यार्थीहरूले होस्टल सुपरिटेण्डेण्टसँग समयमा खान पाउने माग गरे जस्तो। होइन भने मुलुकको दोस्रो शक्तिशाली दलले यस्तो विरोधका लागि मात्र विरोध प्रदर्शन गरिरहँदा जनता ठगिने र कार्यकर्ताले दुःख पाउने मात्र काम भइरहेको अनुभव हुन आएको छ ।

विरोध हुनु पर्छ तर समयमा र सन्दर्भ मिल्नु पर्छ । आज मुलुकभरि महँगाई बढेको छ । के बजार नियन्त्रण गर्ने ऐन सदनमा आयो ? वा नापाखोर व्यापारीको गोदाम फुट्यो ? सरकारको अधिकारिक गोठालो प्रतिपक्षी दल हो, पथ प्रदर्शक पनि उही हो । ठीक समयमा ठीक बाटो औंल्याउन सके मात्र ठीक बाटोमा लाग्न सक्छ । जथाभावी, अनिश्चित एवं असान्दर्भिक विरोधले यात्रा तय हुन सक्दैन । त्यसैले विरोधका लागि मात्र विरोध नहोस् भन्ने हाम्रो आग्रह हो ।

साप्ताहिक नेपाली आवाज २०४९।१।१२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३५

शिक्षकहरूले राजनीति गर्न नपाउने !

शिक्षालय राजनीति गर्ने थलो हो वा होइन ?– यो विवादको विषय हो । शिक्षालयमा शिक्षा प्रदान गर्ने र शिक्षा प्राप्त गर्ने एउटा विशुद्ध शैक्षिक वातावरण कायम नभएसम्म शिक्षालय ठहरिदैन । यो सबैले जानेको र बुझेको विषय भएर पनि हाम्रो मुलुकका शिक्षण संस्थाहरूमा खुलेग्राम राजनीतिकरण हुने गरेको छ । शिक्षक र विद्यार्थी दुवै समूहले आफ्नो गरिमा र मूल्यबाट पन्छिई कर्तव्यबाट विचलित हुन पुग्ने गर्छन् र शिक्षालयलाई राजनीतिक अखडा बनाइरहेका छन् ।

गुरूकुलको चलन नभए पनि यहाँ शिक्षकलाई आदरणीय गुरूजनका रूपमा हेरिन्छ । शिक्षक पेशा जस्तो प्रतिष्ठित र सर्वमान्य पेशालाई माध्यम बनाएर आज शिक्षकहरूले प्रत्यक्ष राजनीतिमा भाग लिएर शिक्षालयमा कांग्रेस र कम्यनिष्ट भनिएर आफू आफूमा तनाव, वैमनश्य र असहयोगको वातावरण सृजना गर्न थालेका छन् । यतिमात्र होइन, शिक्षक सङ्घ भनेर कांग्रेससँग आफ्नो संलग्नता देखाएर मुठभेठ गर्न पनि पछि हटेका छैनन् । या अवस्थाका शिक्षकलाई विद्यार्थीका अभिभावकले कसरी आदरणीय गुरूजनका रूपमा हेर्ने ?

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कसरी आफ्ना सन्ततीले असल शिक्षा पाउँछन् भनेर ढुक्क हुने ?

आज कुनै पनि शिक्षालयमा अध्ययन अध्यापनमा भन्दा दलीय खिचातानीमा समय बितिरहेको छ । विद्यार्थी समुदाय शिक्षा प्राप्त गर्न पाउने अधिकारबाट वञ्चित भएका छन् भने अभिभावकले सामाजिक र आर्थिक रूपले ठूलो नोक्सानी सहन गर्नु परेको छ । सरकारले आफूसँग भई नभई वल्लतल्ल जुटाएको धनराशी उपलब्धिहीन रूपमा खर्च भइरहेको छ ।

यस्तो अवस्थालाई अन्त गरेर शिक्षण संस्थामा विशुद्ध शैक्षिक गतिविधि कायम राख्न श्री ५ को सरकारले यही वैशाख १४ गते नीति तर्जुमा गरी प्रकाशित गऱ्यो । ढीलै भए पनि यो सत्यलाई सरकारले बुझिदिएर शिक्षा क्षेत्रमा गर्न लागेको सुधार सफल होस् भन्ने कामना छ ।

विद्यार्थी समुदायको हित, अभिभावकवर्गको आकांक्षा र व्यापक जनचाहनालाई दृष्टिगत गरी सरकारले शिक्षकहरूलाई राजनीतिमा सहभागी हुन नपाउने इस्तिहार जारी गरेको छ । त्यसमा भनिएको छ – शिक्षकहरूले कुनै पनि राजनीतिक दलसंग सम्बद्ध रही दलका विभिन्न इकाइहरूको सदस्य तथा पदाधिकारी हुने, विभिन्न राजनीतिक दलका उम्मेदवारहरूको निर्वाचन एजेन्ट बन्ने र दलगत प्रचार प्रसार गर्ने जस्तो सक्रिय राजनीतिमा सहभागी हुन नपाउने व्यवस्था गरिएको छ ।

यो स्थितिमा यो क्षेत्रलाई कसरी राजनीतिबाट अलग गराउन सकिन्छ ? शिक्षकहरूमा बढेको मनोबलको अन्त्य यस्तो साधारण सूचनाले गर्न सक्छ ? जारी गरिएको इस्तिहारमा सरकार कुन हद-सम्म कायम हुन सक्छ ? यही आम चिन्ताको विषय बनेको छ ।

शिक्षकहरू आफ्नो हक हितको लागि सङ्गठित हुन पाउने कि नपाउने ? यो फेरि अर्को महत्वपूर्ण विषय हो । जहाँ सङ्गठन हुन्छ त्यहाँ राजनीतिको मिश्रण हुन्छ । के यसतर्फ सरकारले सोचेको छ ? शिक्षक जस्तो चेतनशील समुदायलाई राजनीति नगर्नु र गर्नु हुँदैन भनेर रोक लगाउन सकिन्छ ?

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

फेरि त्यही शिक्षण संस्थामा विद्यार्थीहरूले खुल्ला सङ्गठन गर्न पाउनु, खुलेआम राजनीतिमा भाग लिन पाउने अधिकार पाउनु तर शिक्षकलाई बन्देज लगाउनु कत्तिको व्यावहारिक हुन सक्छ ? यसतर्फ सरकारले के सोचेको छ ?

एकातर्फ पार्टीले विद्यार्थी र शिक्षकहरूलाई नै मुख्य कार्यकर्ता बनाएर आफ्नो दलीय प्रचार गराउने नीति अख्तियार गरेका छन् भने शिक्षक र विद्यार्थी नै समाजका चेतनशील वर्गमा गनिएका छन् । दलीय राजनीतिक व्यवस्थामा जनतालाई दलको सिद्धान्त बारेमा अध्ययन र मनन गराउने काम पनि स्थानीय चेतनशील समुदायको हुन्छ । अझ हाम्रो जस्तो बहुसंख्यक अशिक्षित भएको समाजमा त ती शिक्षित वर्गको विशेष महत्व हुन्छ ।

यस परिप्रेक्षमा शिक्षकले राजनीतिमा भाग लिन नपाउने भनेर सरकारले भन्दैमा यो नीति कर्यान्वयन होला ? त्यसैले यस्तो महत्वपूर्ण नीति लाग गर्न यति सजिलै सकिदैन र हुँदैन । यसबाट झन् शिक्षित समुदाय सत्ताधारीको विरोधमा खुलेआम लाग्छन् र सत्ता पक्षलाई कमजोर बनाइदिन्छन् । यो प्राकृतिक सिद्धान्त हो कि शिक्षण संस्था प्रायः सत्ताको विरुद्धमा कार्यरत हुने गर्छन् र परिवर्तनको लागि प्रयत्नशील रहिरहन्छ । त्यसैले जुनसुकै मुलुकमा सत्ता अथवा व्यवस्थाको परिवर्तनको थालनी शिक्षण सस्थाबाट नै सुरु भएको हुन्छ ।

यस सत्यलाई राम्रो गरी बुझेर सरकारले शिक्षालयलाई साँच्चै नै शिक्षालय कायम गर्न एउटा ठोस नीतिको तर्जुमा गर्नु पर्छ । हचुवा निर्णयले यस क्षेत्रमा असन्तोष पैदा गर्छ, जो राष्ट्रको लागि हानिकारक सावित हुन सक्छ ।

साप्ताहिक नेपाली आवाज २०४६।१।१६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३६

सरकारी असक्षमताको परिणाम नेपाल बन्द

एक महिनाभित्र दुई पटक नेपाल बन्द भएर त्यसले निर्वाचित नेपाली कांग्रेसको गिरिजा सरकारलाई चुनौती दिएको छ । दल निर्वाचित हुनु भनेको जनताद्वारा समर्थन पाउनु हो । जनताले समर्थन गरेर नै कुनै पनि राजनीतिक दल सत्तामा पुगेको हुन्छ । त्यस्तै जनताद्वारा विरोध हुन थालेपछि सत्तासीन दल सत्ताच्यूत हुन पुग्छ – यो नै प्रजातन्त्र हो । यस दृष्टिकोणले विचार गर्दा सत्ता सम्हालेको एक वर्ष नपुग्दै नेपाली कांग्रेसको यत्रो विरोध भएको हुँदा गिरिजा सरकारले तुरुन्त राजीनामा गर्नुपर्छ । अथवा जुन माग राखी विरोध प्रदर्शन भएको छ, त्यसलाई सरकारले आफ्नो प्रतिक्रियामा तुरून्त जनाउनु पर्छ अन्यथा विरोधी समूहले बढी जनसमर्थन जटाउँछन्, जसको फलस्वरूप सत्ता पक्ष अत्यन्तै कमजोर हुन पुग्छ ।

बन्द कार्यक्रमले जन–जीवनमा त्रास र असुरक्षाको भावना फैलाउँछ भने राष्ट्रिय धनको ठूलो क्षति हुन्छ । एक महिनाको बन्दको प्रभाव महिनौं दिनसम्म रहिरहन्छ । बन्द कार्यक्रम भनेको नियमित चलिरहने प्राकृतिक निरन्तरताको विपरीत दिशा हो । यसले पक्ष विपक्ष दुवै क्षेत्रलाई हानी पुर्‍याउँछ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) केन्द्रीय संघर्ष समितिले चैत्र २४ गते नेपाल बन्द कार्यक्रम आह्वान गर्दा सहकर्मी एमालेले नैतिक समर्थन जनाएको थियो । त्यस बखत मूल नारा मुलुकमा बढ्दै गएको कांग्रेसीकरणको अन्त्य थियो । त्यस दिन बन्द मात्र नभएर तोडफोड, आगजनी र हिंसा समेत भयो जसको लागि गृहमन्त्रीलाई एकलौटी दोषी ठहराइयो । हुन पनि शान्ति सुरक्षाको जिम्मा लिएका गृहमन्त्रीले मुलुकमा शान्ति सुरक्षाको ग्यारेन्टी प्रदान गर्न नसकेको अवस्थामा पद त्याग गर्न सक्नुपर्छ । त्यस दिनको घटनाले यो साबित गऱ्यो कि वर्तमान सरकारको नियन्त्रणमा मुलुक छैन । हुन पनि सरकारले सुरक्षाको ग्यारेन्टी दिन नसकेपछि जनताका लागि सरकार भएको र नभएकोमा के फरक ?

यही विरोधको सिलसिलामा वैशाख १९ गते नेपाल बन्दको कार्यक्रम एमालेको तर्फबाट निश्चित भएको थियो । २० गते मातातीर्थ औंसी भएको हुँदा जनताका सुविधालाई ध्यानमा राख्दै कार्यक्रमलाई दुई दिन पछि सारेको घोषणा गरिएका समाचार प्रकाशमा आयो । त्यसै दिन अर्थात् वैशाख २१ गते सहकर्मी एकता केन्द्रले पनि तिथि निश्चित गऱ्यो । अब गृहमन्त्रीको राजीनामा होइन, गिरिजाप्रसाद कोइरालाको राजीनामाको माग गरेर कार्यक्रम अगाडि बढाइयो ।

अब यहाँ होडबाजी जनताको हित र राष्ट्रिय सवालको समाधानभन्दा सत्ता प्राप्तिको लागि शक्ति प्रदर्शनतर्फ मोडियो । प्रमुख प्रतिपक्ष एमालेले एकता केन्द्रसित मिलेर आफ्नो शक्ति प्रदर्शन गर्न चाहेन । आफू स्वयम् नै सर्वशक्तिवान् ठान्ने एमालेबाट दुई दिन अगि आएर यो बन्दको कुनै औचित्य छैन र एक घण्टा पनि बन्द हुँदा आगामी स्थानीय चुनाव बन्द हुन सक्छ भन्ने संकेत गर्दै वैशाख २१ गते नेपाल बन्द नगर्नको लागि एमालेका महामन्त्रीले सार्वजनिक घोषणा गरे । तर वैशाख २१ गते नेपाल बन्द हुन भने रोकिएन ।

वैशाख २१ गतेको नेपाल बन्दबाट एमालेले यो शिक्षा प्राप्त गर्नु पर्छ कि यो नेपाल हो जहाँ सस्ता नारा बजारमा बिक्री त हुन्छन् तर प्राप्ति शून्य, किनभने यही राजधानी हो नानीमैयाँलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जिताउने र कृष्णप्रसादलाई हराउने , एमालेका महामन्त्री मदन भण्डारी-लाई पटक्कै नचिने पनि दुई क्षेत्रमा जिताएर म्यान अफ इलेक्सनको उपाधि दिलाउने ।

यो बन्द कार्यक्रम अत्यन्तै शान्तमय तरिकाले सम्पन्न भयो । सबै शहरहरूमा कोण जुलुसहरू निस्किए, सभा भए । प्रहरीले हस्त-क्षेप गर्नुपर्ने अवस्थाको सृजना भएन । यसलाई हेर्दा एमालेले विरोध गरेको हुँदा यो बन्द कार्यक्रम अत्यन्तै सफल सावित भयो । तर यसको अर्थ यो होइन कि एकता केन्द्रको संघर्ष समितिलाई देश-व्यापी रूपमा समर्थन गरिएको छ र एकता केन्द्र सक्षम राजनीतिक दल हो ।

सर्वसाधारण जनता सत्तासीनहरूसँग वाक्क भइसके । एमालेको विरोधका लागि मात्र विरोध गर्ने अनेकानेक कार्यक्रमसँग दिक्क भइसके । प्रजातान्त्रिक सम्विधान धोका हो भन्ने संघर्ष समितिसंग भयभीत भइसके । यो महंगाई, असुरक्षा र अनियन्त्रणले सर्वसाधारण जनता यस्तो अवस्थामा पुगिसके र यस्तो भयभीत भइसके कि एउटा कुनै जोडसँग टिन ठटाइदिए पनि तर्सेर बुर्कुसी ठोक्न पुग्छन् । अब यहाँ चक्का जाम र नेपाल बन्द कुनै बलिया पार्टीले आह्वान गर्नु पर्ने आवश्यकता छैन । बास-पच्चीस जवानको सानो समूहले चाहेमा चलिरहेको गाडीको चक्का जाम हुन्छ र बजारको सटर बन्द हुन सक्छ ।

यो सबै सरकारको असक्षमताको परिणाम हो । सरकारको ओहदामा पुगेपछि सुशासनद्वारा सर्वसाधारण जनताको विश्वास जित्न सक्नु पर्छ । मुलुकभरि शान्ति सुव्यवस्था कायम नभएसम्म सरकार अस्थायी नै रहेको हुन्छ । त्यसैले यो अवधिमा सत्तासीनहरूले आफ्नो दलीय र व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई महत्व दिन सक्नु पर्छ र दिन-रातलाई एक बनाई शासन गर्न सक्षम सावित भएर देखाउन सक्नुपर्छ । यसैमा प्रजातन्त्र बाँच्न सक्छ ।

साप्ताहिक नेपाली आवाज २०४९।१।२६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३७

प्रशासन यन्त्र र कर्मचारीको तलब

प्रशासन जति सक्षम र सबल हुन्छ त्यति प्रजातान्त्रिक व्यवस्था शक्तिवान् हुन्छ । "व्यूरोक्रयासी" को अर्थ 'कर्मचारी तन्त्र' होइन 'प्रशासनिक तन्त्र' हो । जुन देशमा व्यूरोक्रयासी डेभलप भएको हुन्छ अर्थात् सक्षम प्रशासन स्थापित भएको हुन्छ त्यहाँ डेमोक्रयासी अर्थात् प्रजातन्त्र सफल हुन्छ । त्यसैले डेमोक्रयासीको अर्थ प्रजातन्त्र मात्र होइन जनतन्त्र पनि हो । यस्ता साधारण शाब्दिक अनुवादको शब्दचयनले पनि अर्थको अनर्थ लाग्न सक्छ ।

कर्मचारी तन्त्रको बाहुल्यता हुनुको अर्थ राजनीतिक शक्ति कमजोर हुनु हो । यो देशमा कर्मचारी तन्त्रको बोलवाला चल्न अझ आधा शताब्दी लाग्छ । तर कुशल एवं सक्षम कर्मचारी प्रशासन स्थापित हुन सक्छ । यसको लागि ठोस नीति निर्देशन गर्न सक्ने र पूर्ण अनुशासन कायम गराउन सक्ने जनप्रतिनिधिको खाँचो हुन्छ । असक्षम जनप्रतिनिधि भए भने प्रशासनिक यन्त्र पनि प्रभावहीन हुन पुग्छ ।

वर्तमान अवस्थामा मुलुकको प्रशासन अत्यन्तै प्रभावहीन र अनुत्तरदायी देखिन थालेको छ । यसको लागि प्रशासन यन्त्रका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पार्टपूर्जा अर्थात् कर्मचारीका लागि सत्तारूढ पार्टीका नेताहरूको जिम्मेवारी अझ गहन छ । सत्तारुढ व्यक्तिहरुले मनमा जुन कुरा आयो बोल्ने र जे कुरा चाहयो गर्ने तर सुशासनको लागि चाहिने कार्यनिष्ठ प्रशासकको खोजी नगर्ने तथा त्यसको मूल्य नबुझ्ने, नाता र चाकडीको आधारमा कार्य मूल्याङ्कन गर्ने र दलीय सिद्धान्तको आधारमा कर्मचारीको योग्यता निर्धारण गर्ने जस्ता क्रियाकलापले गर्दा देशको प्रशासनिक यन्त्र थोत्रिन पुगेको छ । आज प्रशासनिक यन्त्र प्रायः ठप्प बन्द अर्थात् निष्क्रिय अवस्थामा छ – जुन कुरा सर्वसाधारणले अनुभव गरिरहेका छन् ।

वहुदलीय व्यवस्था सुरू हुने वित्तिकै प्रशासन क्षेत्रमा आएको राजनीतिक चहलपहललाई अन्तरिम कालमा केही असक्षम मन्त्री महोदयहरुले वल प्रदान गरेर कर्मचारीहरूमा गुटवन्दी गराएर विभाजित गरे । । पछि गुटवन्दीलाई निरूत्साहित गर्ने अनेकानेक नीति अवलम्बन गर्दा पनि सरकारी कर्मचारीमा लागेको राजनीतिक रंग मेटिन सकेन ।

सत्तामा पुगेका राजनेताहरूले प्रशासनलाई आफ्नो नियन्त्रणमा राखी प्रशासनिक यन्त्रलाई संचालन गर्न नसकेसम्म मुलुकमा सुशासन कायम हुन सक्दैन । यो सत्यलाई जानेर र वुझेर पनि प्रशासनिक यन्त्रमा राजनेताहरूको पकड हुन नसक्नुको कारण के हो ? साथै यति लामो अवधिसम्म पनि एक अर्कामा विश्वासको वातावरण सृजना नहुनुको कारण के हो ?

सरकारी कर्मचारी आवश्यकभन्दा बढी भएको हुंदा कटौती गर्नुपर्छ भन्ने नारा सुरूदेखि नै सुनिन थालेको हो । कति र कस्तालाई भन्ने प्रश्नले रूमल्लिएका गिरिजा सरकारका सल्लाहकारहरू र अनिश्चित मनस्थिति भएका मन्त्री महोदयहरूको क्रियाकलापले गर्दा मुलुकको प्रशासन क्षेत्रमा उदासीनता छाएको छ । कोही पनि कर्मचारीले आफ्नो भविष्यको बारेमा सोच्न सकेको छैन । कतिलाई मल्लिक आयोगको रिपोर्टले पिरोलेको छ भने कतिलाई प्रशासनिक सुधार आयोगको सुझावले चिन्तित बनाएको छ। बढिरहेको नातावाद र कृपावादले धेरैलाई असन्तोष तुल्याएको छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यही वैशाखको दोस्रो हप्तामा पश्चिमाञ्चलको भ्रमणमा रहनु हुँदा गिरिजाबाबूले भन्नु भयो – 'कर्मचारीको तलब बढ्दै छ र वैशाख १ गतेदेखि नै वढ तलब पाउने छन् । राजधानी पुगेर तुरुन्त घोषणा गर्ने आश्वासन दिएर फर्कनु भएका गिरिजाबाबूलाई यो तलव घोषणा गर्न अत्यन्तै अप्ठेरो पर्‍यो । अर्थ मन्त्रालय र योजना आयोगको अनुकूल राय भएन, तर पनि आफूले सार्वजनिक रूपमा गरेको घोषणालाई रोक्ने कुरा पनि भएन । सरकारले अन्ततः वैशाख मसान्तको दिनमा नगन्य रुपमा तलब बढेको घोषणा गर्‍यो । यसबाट कर्मचारी वर्गले सन्तोष लिने स्थिति देखिदैन ।

कर्मचारी वर्गमा यो वढ तलबको घोषणाले कुनै फरक पार्न सकेन । यो अवधिमा जति बजार भाउ बढेको छ त्यसको क्षतिपूर्ति यो वढ तलबबाट हुनै सक्दैन । मुख्यतः कर्मचारीहरूको सुरक्षाको प्रश्न हो । यसतर्फ सरकारले विश्वस्त गराउन सकेको छैन र यसतर्फ निश्चित नगराएसम्म कर्मचारी वर्गको काममा उत्साह आउन सक्दैन। कर्मचारीमा आएको उदासीनताको उपचार केही प्रतिशतको तलब वृद्धि मात्र हुँदैन भन्ने कुरा सबैले बुझिसकेका छैनन् ।

प्रशासनिक क्षेत्रमा व्यापक अविश्वास र अनिश्चितताको वातावरणलाई सरकारले चाँडोभन्दा चाँडो दूर गर्न सक्नुपर्छ । यसको सुरक्षामा जति ढीलाइ गर्‍यो उति देश, जनता र राष्ट्रलाई नोक्सान हुन्छ । त्यसैले जे गर्नु पर्छ चाँडो प्रशासन सुधारको कार्यलाई सुरू गरेर सक्षम एवं सबल प्रशासन यन्त्रको संरचना गर्न सक्नु पर्‍यो। यही समयको माग हो !

साप्ताहिक नेपाली आवाज २०४९।२।१

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

२८

स्थानीय विकास तथा निर्वाचन प्रकृया

नेपाली कांग्रेस पार्टीको सरकारले सत्ता सम्हालेको ठीक एक वर्षमा स्थानीय चुनाव गराउन समर्थ भयो । स्थानीय निर्वाचन स्थानीय विकासका लागि हो ? वा स्थानीय राजनीतिक खिचातानीका लागि हो ? यो प्रश्नका बारेमा सरकारको जिम्मा लिएका नेताहरूको ध्यान जानु पर्ने थियो । यो मात्र होइन पार्टीहरूले संसदको चुनावमा प्रयोग गरेका चिन्हहरू स्थानीय चुनावमा प्रयोग गर्न दिने वा नदिने भन्नेतर्फ पनि गम्भीरतापूर्वक सोच्नु पर्ने थियो । यस्ता गहिरा र गम्भीर प्रश्नलाई विचार नगरी स्थानीय चुनाव सम्पन्न गर्ने निर्णय लियो, जसको प्रतिफल स्थानीय विकासभन्दा भाँडभैलोले स्थान ओगट्ने हो कि ?

दलको आफ्नो राजनीतिक विचार हुन्छ र त्यही आधारमा घोषणापत्र जारी गरेको हुन्छ । जुन दलले संसदमा बहुमत ल्याउँछ त्यसैले सरकार गठन गरेर आफ्नो घोषणापत्रको आधारमा राज्य व्यवस्था सञ्चालन गर्छ । स्थानीय विकासको निर्वाचनमा यो लागू हुन सक्दैन र यो प्रान्तीय निर्वाचन पनि होइन । शुद्ध स्थानीय विकास

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गर्नु पर्ने निकायमा दलीय सिद्धान्तहरू लागू हुन पनि सक्दैन । त्यसैले यो स्थानीय निर्वाचनमा दलले संसद प्रतिनिधि निर्वाचनका लागि प्रयोग गरेको चुनाव चिन्ह प्रयोग गर्न पाउनु हुँदैन थियो । तर सत्तारूढ व्यक्तिहरूको अदूरदर्शिताको कारण सबै राष्ट्रिय दलहरूले संसद प्रतिनिधि चुनावमा प्रयोग गरेका चुनाव चिन्ह प्रयोग गरी स्थानीय निर्वाचनमा भाग लिए ।

हिजो जेष्ठ १५ गते अधिराज्यको आधा क्षेत्रमा स्थानीय निर्वाचन सम्पन्न भयो र बाँकी क्षेत्रमा पर्सि १८ गते निर्वाचन सम्पन्न हुँदैछ । आज साँझदेखि निर्वाचनको नतिजा प्रकाशमा आउन थाल्ने छ । यदि कुनै क्षेत्रमा चुनाव दोहोरिएन भने यही जेष्ठ २० गतेसम्म अधिराज्यको सबै क्षेत्रको नतिजा हाम्रो सामु आइपुग्नेछ । यो निर्वाचनले गर्दा सरकारलाई काम गर्न अत्यन्तै असुविधा पुग्न जाने अनुमान गरिन्छ । किनभने सत्ताविपक्षका पार्टीहरूले जुन गाउँ, नगर र जिल्ला कब्जा गर्छन् , त्यहाँ सरकारको प्रभाव कम हुन जान्छ ।

यो स्थानीय निर्वाचनमा केही ठाउँमा निर्विरोध निर्वाचित भई निर्वाचनको झमेलाबाट मुक्त भएको पनि देखियो । एक हजारभन्दा बढी स्थानमा नेपाली कांग्रेसका उम्मेदवार निर्विरोध निर्वाचित भए र अन्य निर्वाचित हुनेहरूमा थोरै थोरै सबै राष्ट्रिय पार्टीका उम्मेदवार देखिए । केही गाउँ विकास समितिका सबै पदाधिकारी एउटै दलका निर्विरोध निर्वाचित भए । यस्तो निर्विरोध निर्वाचन विकट पहाडी क्षेत्रका गाउँ विकास समितिमा भएको जानकारी हुन आयो ।

पार्टीहरूले यति ठूलो प्रचार प्रसारको बाबजूद पनि बारा जिल्लाका तीन गाउँ विकास समितिको सातवटा वडा सदस्य पदका लागि कुनै पनि राजनीतिक पार्टी तथा व्यक्तिले उम्मेदवारीको लागि दरखास्त दिन आएनन् । निर्वाचनमा भाग नै लिन नआई नागरिक अधिकार बोधबाट पन्छिएका ती गाउँका नागरिकले जानेर प्रजातन्त्रलाई उपहास गरेका होइनन् , पार्टी कार्यकर्तालाई दायित्व बोध गराएका छन् ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पार्टी कार्यकर्ताहरूको दायित्व हो नागरिकहरूमा भरपुर नागरिक अधिकार र कर्तव्यको ज्ञान दिनु र निर्वाचनमा भाग लिन उत्साह प्रदान गर्नु । तर यहाँ झूठमुठको आश्वासन तथा राम्रो र योग्य पार्टीको पनि कटु आलोचना गरेर आफ्नो पार्टीप्रति आकर्षण गर्ने प्रवृत्तिले गर्दा स्थानीय विकासको लागि नभएर सत्ता सञ्चालन गर्नका लागि भएजस्तो भान पैदा भएको छ ।

साप्ताहिक नेपाली आवाज २०४६।२.१६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

३९

कर्मक्षेत्र हो कि राजनीतिक तनाव ?

बधाई छ मुलुकमा सम्पूर्ण नागरिकलाई जसले बहुदलीय व्यवस्था अन्तर्गत पहिले संसदीय चुनाव र अहिले स्थानीय चुनाव सम्पन्न गरेका छन् । साथै अधिराज्यका सबै नगरवासीलाई विशेष बधाई छ। प्रजातन्त्रको पक्षमा मत लिएर आफ्नो नगरको साँचो सुम्पिएकोमा अझ काठमाडौं महा-नगरका नागरिकहरूलाई हार्दिक बधाई छ । नेपाली कांग्रेसको उम्मेदवारलाई विजयी गराएर प्रजातन्त्रमाथि विश्वास सुम्पिएकोमा हार्दिक बधाई छ। नगरपालिकाका प्रमुख र गाउँ विकासका प्रमुख र पदाधिकारीहरूलाई जसले स्थानीय र राष्ट्र विकासको कार्यभारलाई आफ्नो काँधमा बोक्न स्वीकार गरेका छन् ।

बधाईका पात्र यस कारणले भएका छन् कि प्रजातान्त्रिक अभ्यासमा अभ्यस्त नभएको हाम्रो मुलुकका नागरिकहरूले पनि पूर्ण प्रजातान्त्रिक प्रक्रया अनुसार यो पटकका दुवै निर्वाचन शान्तिमय ढंगले सम्पन्न गराएर विश्व जनसमुदायको सामु प्रजातन्त्र स्थापनामा आफूलाई योग्य सावित गर्न समय पाएका छन् ।

यो हप्ता स्थानीय निर्वाचन पूरा भयो । हिजोसम्म कम्युनिष्ट

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

हावी भएको गाउँ र नगर आज नेपाली कांग्रेसको झण्डामुनि आेतिन पुगेका छन् । कम्युनिष्ट नेताहरूले सिघुरे जात्रा गरेर घुमेको बाटोमा एक वर्षपछि नेपाली कांग्रेसका नेता र कार्यकर्ताहरूको जमातले धूलो उडाउन थालेका छन् । प्रायः सर्वत्र नेपाली कांग्रेसको विजयको शखनाद घन्कन थालेको छ ।

यो पटक नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादीले अधिराज्यका नगर, गाउँ सर्वत्र कब्जा गर्ने छ, यतिमात्र होइन उग्र वामपन्थी समूह नेपाल कम्युनिष्ट पार्टी संयुक्त जनमोर्चाले धेरै क्षेत्रहरू प्रभावित पार्ने छ भन्ने जुन आकांक्षा थियो त्यो मेटियो । चैत्र २४ गतेको नेपाल बन्दमा सम्पूर्ण कम्युनिष्टको सहभागिता थियो भने वैशाख २१ गतेको नेपाल बन्द ने०क०पा० संयुक्त जनमोर्चाको मात्र आह्वानमा पनि सफल भएको कारणले बुद्धिजीवीहरू त्रसित थिए । यतिमात्र होइन प्रजातन्त्रको संरक्षक मानिने तथा मान्नु पर्ने नेपाली कांग्रेसले सत्ता सम्हालेको एक वर्ष भइसक्दा पनि सत्तारूढ कांग्रेसले जनतालाई राहत पुऱ्याउन नसकेको अवस्थामा पनि जनताले फेरि विश्वास थपेको कारण जनताले साम्यवादप्रतिको विरक्ति प्रमाणित गरेर देखाएको हो ।

निर्वाचन परिणामबाट सिद्ध हुन आयो कि कम्युनिष्ट नेताहरूका हरेक भाषण, सस्तो नारा र खोक्रा आश्वासनमा सर्वसाधारण जनता भुल्ने छैनन् र कम्युनिष्टहरूका देखाउने र चपाउने भिन्दा-भिन्दै दाँत हुन्छन् भन्ने कुरा नेपाली जनताले बिस्तारै बुझ्न र देख्न थालेकोले पनि कम्युनिष्टप्रति जनताको मोह भङ्ग हुन थालेको देखिन आयो ।

स्थानीय निर्वाचनमा नेपाली कांग्रेस पार्टीले धेरै गाउँ र नगरलाई प्रभावित पाऱ्यो र आफ्नो कब्जाभित्र लियो, अब धेरै जिल्ला विकास समिति पनि नेपाली कांग्रेसकै बन्ने छ; यसमा दुई मत छैन । यसको मतलब यो होइन कि नेपाली जनताले नेपाली कांग्रेसलाई रूचाएर र पत्याएर यो स्थानीय निर्वाचनमा विजयी गराएको हो । यो त कम्युनिष्टप्रति अविश्वासको प्रदर्शन मात्र हो । त्यसैले नेपाली

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कांग्रेसका नेता तथा कार्यकर्ताहरूले नेपाली जनताको मन जित्न इमान्दारीपूर्वक आफूलाई सुम्पेको दायित्व पूरा गरेर देखाउन सक्नुपर्छ। शासक होइन सेवक भएर विश्वास जित्न सक्नुपर्छ । अनि मात्र जनता र पार्टीको बीचमा मोह स्थापित हुन्छ ।

हुनत यो स्थानीय निर्वाचन स्थानीय विकास गर्नको लागि भएको निर्वाचन हो । यसमा पार्टीको सिद्धान्तभन्दा व्यक्तिको इमान्दारी र लगनको महत्व हुन्छ । यो मर्मलाई न सरकारले बुझ्न सक्यो न जनताले नै । हो हो र हा हा भयो स्थानीय निर्वाचनमा पनि, संसदीय चुनावमा पार्टीहरूले प्रयोग गरेको मत चिन्ह प्रयोग गरियो । सरकार परिवर्तनको चुनाव जस्तै पार्टीहरूले प्रचार प्रसार गरे। जनताले पनि केही सुझाव दिएनन् र पार्टीहरूले पनि आफ्नो प्रभावलाई जाँच्ने कसीको रूपमा प्रयोग गरे । हरेक समितिहरूमा पक्ष विपक्ष जितेर आए । अब यहाँ स्थानीय विकास होइन राजनीतिक सिद्धान्तको झण्डा र झमेलाले समय बढी नष्ट हुन्छ । विकासको गति अगाडि बढ्नुको सट्टा पार्टीगत स्वार्थ पूर्तिको अखडा बन्न पुग्छ कि भन्ने डर पैदा हुन थालेको छ ।

त्यसैले चुनाव समाप्त भइसकेपछि जुनसुकै पार्टीको उम्मेदवारको जीत भएको भए पनि ती पदाधिकारीले पार्टीगत सिद्धान्तलाई पन्छाई स्थानीय जनताको सेवा गर्ने अठोट गर्नु पर्ने छ- यसैमा मात्र प्रजातन्त्र फस्टाउन सक्छ ।

साप्ताहिक नेपाली आवाज २०४९।२।२३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४०

विज्ञापन: सरकारी नीति !

यो विज्ञापनको युग हो– यसमा कसैको दुई मत हुने छैन । तर कुन विज्ञापन सार्वजनिक गर्दा समाजलाई फाइदा हुन्छ त्यस्तो विज्ञापन मात्र सार्वजनिक गर्न स्वीकृत हुनु पर्छ । यो नियन्त्रण समाजको कुन इकाइबाट हुने हो वा देशको राज्य व्यवस्था जिम्मा लिएको सरकारको कुन निकायले गर्नुपर्ने हो भन्ने प्रश्न अनुत्तरित छ ।

सफलताको प्रतीक शिखर फिल्टर भन्ने विज्ञापन सरकारी इलेक्ट्रोनिक मिडिया टी॰ भी॰ मा प्रसारण गरेर नेपाल टेलिभिजनले कति कमाएको छ ? अनि जनतालाई यो जानकारी दिएर चुरोट बिक्री भए वापत राजस्वमा कति आम्दानी भएको छ ? यस्ता उद्योग-हरू फष्टाएर कति मजदूर परिवारको जीवन यापन भएको छ ? यी प्रश्नहरूको उत्तर सरकारसँग छ ?

संस्थानलाई स्वायत्तता प्रदान गरिएको अर्थ के होइन भने जुन कुरा सार्वजनिक विज्ञापन गर्दा समाजका सबै वर्गलाई हानी पुग्छ , त्यस्तो विज्ञापन प्रसारण गरेर सम्पत्ति आर्जन गरुन् । अनि बियर जस्तो नशालु पदार्थ सेवन गर्दा आनन्द हुने जानकारी टी॰भी॰ अगाडि

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बसेका विद्यार्थीहरूलाई दिएर देशको उद्योग प्रवर्द्धन गर्न जोड गरून् । संस्थानले जनसेवा पुऱ्याउन सकोस् भनेर राजस्वको कोषबाट प्रत्येक वर्ष करोडौं रुपैयाँ अनुदान दिने गरिन्छ तर राजस्व कोष खर्चेर संचालित संस्थान राष्ट्रघाती कार्यमा संलग्न रहँदा पनि कहीं कतैबाट केही बोलिदैन किन ?

विश्वको कुनै पनि सरकार, अझ अप्रजातान्त्रिक तानाशाही सरकारले संचालन गरेको टी० भी० वा रेडियोमा समेत मानव स्वास्थ्यलाई हानी पुऱ्याउने धूमपान र मद्यपान सम्बन्धी विज्ञापन प्रसारण गर्न निषेध गरिएको हुन्छ । हाम्रो मात्र यस्तो देश हो जहाँ नागरिक स्वास्थ्यलाई हानी पुऱ्याउने धूमपान र मद्यपानलाई नै प्रमुख कार्यक्रम बनाई आफ्नो इलेक्ट्रोनिक मिडिया नेपाल टेलिभिजन र रेडियो नेपाल सञ्चालन गरिरहेको छ । यसतर्फ तालुकवाला अड्डा सञ्चार मन्त्रालय र सञ्चार मन्त्रीको भनाइ जनता बुझ्न चाहन्छन् ।

पञ्चायत कालमा उद्योगको नाममा औद्योगिकीकरणको सिलसिलामा खुलेका चुरोट कारखाना, मद्यशाला र वियर कारखानाले उत्पादन गरेका वस्तुले गर्दा जनताको आर्थिक अवस्थालाई कति कमजोर बनाएको छ र स्वास्थ्य कति पतन गराएको छ भन्ने सरकारसंग रेकर्ड छ ? अनि त्यस्ता कलकारखाना सञ्चालन गर्न कति विदेशी मुद्राको सटही सुविधा उद्योगका मालिकहरूलाई दिन सरकार वाध्य भएको छ? के यसको सही लेखा सरकारले सार्वजनिक जानकारीमा दिन सक्छ ? जनतालाई अहित गर्ने यस्ता काला उद्योगहरूलाई बढी टयाक्स लगाई निरुत्साहित गर्नु पर्नेमा अझ बढी विज्ञापनको लागि आफ्नै मिडिया प्रदान गरी उद्योगको विकास गर्न खोजेको यो सरकारले आफूलाई विश्वमै नभएको कस्तो उदार एवं प्रजातान्त्रिक सरकार प्रमाणित गर्न गराउन खोजेको हो ? यो मैले बुझ्न सकिन ।

सरकारले त जनकल्याणकारी विज्ञापन गर्नुपर्छ । जस्तो – पानी उमालेर मात्र पिउनुहोस् ! पखाला लागेको वखत बढी पानी पिउनुहोस् !! तर यसको ठीक उल्टो बाँच्नु छ भने बियर पिउनुहोस् साथै सफलता हासिल गर्नुछ भने फलानो चुरोट पिउनुहोस् भनेर जनताको सेवा गरिरहेको छ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यतिमात्र होइन, आजभोलि बाटोघाटो, सार्वजनिक पार्क र स्थलहरूमा नागरिकहरूका लागि अहितकर विज्ञापनहरूका ठूला ठूला बोर्ड टाँगिन थालेका छन् । पञ्चायतकालमा यस्ता सार्वजनिक स्थलहरू यसरी कब्जा हुँदैन थिए जसरी अहिले भइरहेछ । प्रजातन्त्रको अर्थ अनियन्त्रण हो वा राष्ट्र र समाजलाई नोक्सान पुऱ्याउन छुट दिने र काला उद्योगका उद्योगपतिको स्वार्थ मात्र पूर्ति गरी नागरिकको स्वास्थ्यसँग खेलवाड गर्नु हो ? बाटोघाटोमा विज्ञापनका बोर्डहरूले, मनपर्दो किसिमबाट टाँसेका पोस्टरहरूले सडकको सुन्दरतालाई नै धमिल्याएको छ ।

कामको बाँडफाँड नमिलेर हो कि आफ्नो दायित्व नबुझेर हो ? स्वास्थ्य मन्त्रालयको गृहको मुख ताकेको छ भने गृह मन्त्रालयले यातायातको अनि स्थानीय विकासले सञ्चार मन्त्रालयको नीतिलाई पर्खेर बसेको छ । हुनुपर्ने कुरा के हो सबैले बुझेका छन् । हुनुपर्ने कुरा किन हुँदैन भने – बिरालोलाई घण्टी कसले बाँध्ने ?

सरकारी मिडिया– भन्नाले नेपाल टी॰ भी॰, रेडियो र गोरखापत्रले– यस्ता स्वास्थ्यलाई हानी पुऱ्याउने चुरोट र बियरका विज्ञापनहरू र सर्वसाधारण नागरिकको मनस्थिति बिगार्ने बम्पर योजनाहरूका विज्ञापनहरू तुरुन्त रोक लगाई नागरिक हितका लागि शासन गर्ने प्रजातान्त्रिक सरकार हो भन्ने प्रमाणित गरेर देखाउनु परेको छ– यही हो मेरो सानो अनुरोध ।

साप्ताहिक नेपाली आवाज २०४६।२।३०

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४१

जि०वि०स०ले राजनीति गर्ने कि विकासतिर लाग्ने ?

चुनावी सरगर्मी अब खुला सडकबाट बन्द कोठाभित्र बाफिन पुगेको छ । बालिग मताधिकार अनुसार संसदीय र स्थानीय गाउँ तथा नगरको चुनाव सम्पन्न भएपछि अप्रत्यक्ष चनाव प्रणालीद्वारा गठन हुने जिल्ला विकास समितिको चुनावी लहर देशव्यापी रूपमा फैलिएको छ । सडक र खुला सार्वजनिक स्थलमा हुने पर्चा, पोष्टर र भाषण कोठाकोठामा गोप्य वार्ता गर्न पुगेको छ । सबै नेता र कार्यकर्ता पनि अहिले राजनीतिक सिद्धान्तलाई पन्छाएर स्थितिसँग सम्झौता गर्न थालेका छन् ।

संसद र गाउँ तथा नगरको लागि बालिग मताधिकारको आधारमा चुनाव हुने व्यवस्था भए पनि जिल्ला विकास बोर्डमा भने गाउँ तथा नगरका निर्वाचित प्रतिनिधिहरूको निर्वाचक मण्डलीबाट चुनाव हुने व्यवस्थाले गर्दा यो निर्वाचन प्रणाली पुर्व पञ्चायती व्यवस्थाको जिल्ला पञ्चायतको गठन विधि अनुसार नै हुने व्यवस्था छ । निर्दलीय व्यवस्था अन्तर्गत निर्वाचन हुने यो विधिलाई यो दलीय व्यवस्थामा अपनाउन खोज्दा कता कता नमिल्ने र अप्ठेरो हुने हुँदो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रहेछ । अप्रत्यक्ष चुनाव प्रणाली दलीय स्वभाव र प्रकृतिबाट अलग हुन पुग्ने रहेछ, जुन कुरा आज देशव्यापी रूपमा सबैले महसूस गर्न थालेका छन् ।

प्रजातन्त्रमा चुनाव गर्ने हो भने त्यसको नतिजा शासक र शासितको बीचको सम्झौता हो । त्यसैले प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिएका व्यक्ति नै शासक हुन पुग्दछन् र शासितले आफ्नो पूर्ण प्रतिनिधित्व भएको महसूस गर्न सक्छ । यो निर्वाचन प्रणाली भएको व्यवस्था पूर्ण प्रजातान्त्रिक व्यवस्था हो भन्न थालिएको कारण पनि यिनै हुन् । पञ्चायती कालमा दलीय गन्ध नआओस् भनेर चुनावलाई अप्रत्यक्ष निर्वाचन प्रणली अख्तियार गरेको थियो । हुन पनि जबसम्म बालिग मताधिकार प्रणालीद्वारा चुनाव गराउन थालिएन तबसम्म दलीय विचारले चुनावमा प्रभाव पार्न सकेन । तर जब बालिग मताधिकार अनुसार चुनाव हुन थाल्यो तब पञ्चायती कालमा पनि दलीय विचारले अधिकार जमाएको थियो ।

नेपालको सम्विधान २०४७ अन्तरगत अख्तियार गरिएको बहुदलीय व्यवस्थामा कुन कुन निकायको चुनाव प्रणालीमा कसरी र कस्तो किसिमको विधि अपनाउने भन्ने अधिकार संसदलाई छ । यसै अन्तर्गत स्थानीय चुनावमा गाउँ र नगरलाई प्रत्यक्ष चुनाव विधि अपनाइयो भने जिल्ला विकास समितिलाई अप्रत्यक्ष चुनाव विधि अपनाइयो जो पूर्ण त्रुटीपूर्ण छ र अवैधानिक सावित हुन पुगेको छ । यसबाट स्थानीय विकासको कार्य जन वेग र गतिमा हुनु पर्ने हो त्यो हिसाबले होला जस्तो लाग्दैन । विकास कार्य गर्ने जिम्मा लिएका निकाय दलीय राजनीतिक उल्झनमा फस्ने स्पष्ट देखिन थालिएको छ ।

यो साता सबै पार्टीहरू जिल्ला विकास समितिको चुनावको लागि व्यस्त छन् । सबै नेता तथा कार्यकर्ता आ-आफ्नो दलको जिल्ला समिति गठन गर्न प्रयत्नरत देखिन्छन् । अप्रत्यक्ष चुनाव प्रणाली भएको हुँदा विजयी उम्मेदवारहरू जनता र जनताको समस्यामा भन्दा आफूलाई भोट दिई सहयोग गर्ने व्यक्ति र जुन झण्डाको आडमा आफू उभिएको छ त्यसप्रति मात्र उत्तरदायी हुनेछन् ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

राजसत्ता सञ्चालन गर्ने चुनाव दलीय विचारको आधारमा भएर दलीय सरकार खडा भएपछि स्थानीय विकासको चुनाव कुनै हालतमा पनि दलीय आधारमा हुनु हुँदैन थियो किनभने स्थानीय इकाइ सत्ता सञ्चालन गर्ने नभएर विकास कार्यमा संलग्न हुनुपर्ने हो। राजनीतिक मतभिन्नता संसदमा स्वीकार्य हुन्छ तर स्थानीय इकाइमा त्यही अभिशाप हुन पुग्छ। अब स्थानीय विकासभन्दा राजनीतिक विवाद सुरू हुन्छ र व्यक्तिको समस्याभन्दा दलीय स्वार्थ सर्वोपरी हुन्छ।

कोठामा पुगेको चुनावी सरगर्मीले मतदाताको मूल्य निर्धारण हुन थालेको आभाष हुन थालेको छ। नातागोता र प्रभाव भएका व्यक्तिहरूको पनि दौडधूप सुरू हुन थालेको छ। कसै–कसैले जिल्ला विकासको चुनाव नसकिएसम्म कोठाबाट बाहिरै निस्कन नपाउने बन्धनमा बाँधिन पुगेको अनुभव गर्न थालेका छन्। त्यसैले यो चुनाव पूर्ण पञ्चायतकालीन चुनाव हुन पुगेको छ।

प्रायः धेरै जिल्लामा राष्ट्रिय प्रजातन्त्र पार्टी नै निर्णायक भएको हुँदा एक भोटको रू० पचास हजार कायम भएको हल्ला सर्वत्र फिंजिएको छ। यो अवस्थामा र यस पृष्ठभूमिमा गठन हुने जिल्ला विकास समितिले जिल्ला विकास कार्यमा कति योगदान पुऱ्याउन सक्ला? कतै यो पूर्व जिल्ला पञ्चायत जस्तै विकास अनुदानका रकमहरूलाई निजीकरण गर्ने कार्यबाट त प्रभावित हुने होइन? प्रयोगको रोगबाट ग्रस्त हामी नेपाली प्रत्यक्ष धोखा नखाएसम्म सोच्न र सम्झन सक्दैनौं– यही हाम्रो कमजोरी हो।

साप्ताहिक नेपाली आवाज २०४६।।३।५

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४२

फैलिएको प्रदूषण र राजनीतिज्ञको दायित्व

प्रजातान्त्रिक संविधान २०४७ अन्तरगत हुनुपर्ने निर्वाचनमा गत २०४८ साल वैशाखमा संसदको लागि चुनाव भएर जेठ महिनामा नेपाली कांग्रेसले सरकार गठन गर्न समर्थ भयो । सरकार गठन भएको ठीक एक वर्षपछि २०४९ जेष्ठमा गाउँ तथा नगरपालिकाको चुनाव सम्पन्न भएर स्थानीय चुनावमा केवल जिल्ला विकास समितिको मात्र निर्वाचन हुन बाँकी छ । चुनाव स्थगित भएका दश जिल्ला वाहेक अरू सबै जिल्लाको जिल्ला विकास समितिको भोलि निर्वाचन सम्पन्न भएर आइतवारसम्ममा नतिजा प्रकाशित हुनेछ । यसपछि नयाँ सम्विधान अन्तरगत हुने पहिलो चरणको निर्वाचन समाप्त हुनेछ।

दलीय विवाद वा विचारको प्रचार प्रसार चुनावमा हुनुपर्छ र भयो । तर संसदीय चुनावमा मात्र हुनु पर्नेमा यहाँ स्थानीय चुनावमा पनि भएर गाउँ तथा नगर समितिहरू र जिल्ला समितिहरूमा पनि पक्ष र विपक्षहरूमा तानातान र तीव्र प्रतिस्पर्द्धा हुने भयो । यसको परिणाम मेलमिलाप हो वा आपसी झगडा हो त्यो भोलिका दिनहरूले देखाउने छन् । दलीय व्यवस्था भएको हुँदा दलीय झण्डाको आडमा विकास कार्य गर्न जनप्रतिनिधि अगाडि सरेकोमा आश्चर्य

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मान्नु पर्ने त थिएन, यदि ती निर्वाचित प्रतिनिधिहरूले दलीय विचारको आग्रहलाई बिर्सिदिएर विकास कार्यमा निस्वार्थ संलग्न हुन सके भने अत्यन्तै वेश हुन्छ । होइन भने कामभन्दा बढी राजनीतिक स्वार्थ, रचनात्मक कार्यभन्दा ध्वंसात्मक प्रवृत्ति र विकासभन्दा विनाशतर्फ लाग्नेछ ।

चुनावको समाप्तिपछि राजनीतिक वातावरणमा स्थिरता आउनु पर्छ । जनताले जुन दल वा व्यक्तिलाई आफ्नो अधिकार सुम्पेको छ त्यो अधिकारप्राप्त व्यक्तिले जनचाहना अनुसार सेवा पुऱ्याउन कार्यरत हुनुपर्छ साथै सबै क्षेत्रबाट निश्चित समयावधिसम्म उसलाई काम गर्न बल प्रदान गर्नुपर्छ । अनि कामको मूल्याङ्कन हुनुपर्छ । राम्रो कामको लागि समर्थन र नराम्रो कामको विरोध हुनु पर्छ । यही प्रजातान्त्रिक अभ्यासलाई हामीले अमल गर्न सक्यौं भने मुलुकमा प्रजातन्त्र दिगो हुन पुग्छ ।

यो एक वर्षको अवधिमा भएको संसदीय चुनाव र स्थानीय इकाइको चुनावले यहाँ केही क्षेत्रमा प्रदूषण फैलियो । केही वर्गमा मन फाटो भयो भने केही वर्ग संघर्षमा उत्रिए । एउटै परिवारमा बाबु–छोरा र लोग्ने–स्वास्नीको बीचमा मतभिन्नता आएर सम्बन्ध विच्छेदको विन्दुमा पुग्नु परेको हामीले देखेका छौं । गाउँ–घर र इष्टमित्रमा फुटको वातावरण सृजना हुन थालेको छ । यो प्रदूषणको जड साधारण जनतामा चेतनाको अभाव हो भने नेता तथा कार्यकर्ताको चुनाव जितेर सत्तामा पुग्ने दाउपेच पनि हो । यसलाई के गरी स्वच्छ र दोषरहित बनाउने हो ? यस बारेमा के बुद्धिजीवीहरू चिन्तित छन् त ?

अर्कोतर्फको प्रदूषण हो चुनावी प्रचार । शहरका बाटाघाटा, सार्वजनिक स्थल र प्राकृतिक दृष्टिले रमणीय स्थलहरू रूख, सूर्य र हलो जस्ता अनेक चुनावी चिन्हले रङ्गिएका छन् । राता, नीला, काला र पहेंला इनामेलले पर्खाल र घरका भित्ता पोतिएका छन् । अनेक विरंगी कागजमा चुनाव प्रचारका नाराहरू छापिएका पोष्टरहरू अव्यवस्थित र बेठाउँमा टाँसिन पुगेका हुँदा पूरै गाउँ र शहरहरू कुरूप हुन पुगेका छन् ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गाउँ-घर र शहर सफा राख्नु पर्छ यो सबैलाई थाहा छ । तर कसले हेर्ने ? यसको जवाफ व्यक्तिले भन्दा कानूनले दिनुपर्छ प्रजातान्त्रिक मुलुकमा । यसैले शहर बजार चुनावी सामग्रीले फोहर गर्नु हुँदैन भन्ने बन्देज कानूनले नगरेसम्म यहाँ यस्तै प्रदूषण फैलनेछ ।

यो चरणको चुनाव समाप्त भइसकेको हुँदा शहर-बजार र गाउँ-घरमा भएको चुनाव प्रचारको फोहर सफा गर्ने कार्य शुरू गर्नु पर्ने हो । टाँसिएका कागज उप्काउनु पर्ने वा पुनः रङ्ग लगाएर छोप्नु पर्ने कार्य पनि सम्बन्धित पार्टी वा व्यक्तिको नैतिक जिम्मेवारी भएको कुरा देखिन आउँछ । किनभने चुनावको समाप्तिपछि पनि शहर-बजार र गाउँ-घरलाई चुनावी प्रचारको स्थायी कक्ष बनाइराख्नु पार्टीका नेता तथा कार्यकर्ताको अयोग्यता प्रदर्शन भइरहने हुन्छ । त्यसैले योग्य नेता र कार्यकर्ताहरू यस्ता सबै किसिमका प्रदूषणबाट मुक्त हुनुपर्छ ।

सधैं राजनीतिक सिद्धान्तको व्याख्या र वैचारिक मुकाविला भइरहँदा हाम्रो प्रगति रोकिन्छ र राष्ट्रिय विकासमा अवरोध आउछ। यो तथ्यलाई बुझेर हामी सबैले आगामी चुनाव नआएसम्म आफ्नो उन्नति हुने बाटोमा लाग्नु हाम्रो कल्याणकारी मार्ग हुनेछ ।

साप्ताहिक नेपाली आवाज २०४६।३।१२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४३

लायनवाद मानववाद हो

गत असार १२ गते लायन्स क्लब अफ इन्टरनेशनलको ७५ औं अन्तर्राष्ट्रिय महाधिवेशन हङकङमा सम्पन्न भयो । यो स्तम्भ लेखकले पनि नेपालको तर्फबाट प्रतिनिधिको रूपमा भाग लिने मौका पाएको हुँदा आज पाठकहरूलाई सम्पन्न अधिवेशन र लायन्स क्लबका बारेमा जानकारी गराउँदैछु ।

सन् १९१७,त्यसताका युरोप र अमेरिकाका विकसित मुलुकमा एउटा आन्दोलन शुरू भएको थियो । औद्योगिक विकासले जन्माएको अमानवीय व्यवहार त्यस भेगका नागरिकहरूमा अभिशाप सावित भयो । मानिसहरू शोषित र उत्पीडित हुन पुगे । यस्ता शोषित र उत्पीडित मानवको कल्याण र उत्थानको लागि 'हामी सेवा गर्छौं' भन्ने भाव राखी अमेरिकामा मेलभिन जोनले लायनिजम शुरू गरे भने ठीक त्यही समयमा त्यस्तै उद्देश्य बोकेर रूसमा लेनिनले कम्युनिजमको आडमा राज्यसत्ता हत्याउन पुगे । अमेरिकामा मेलभिन जोन सामाजिक संस्था खोलेर दुःखी र गरीबको सेवामा जुटे भने त्यही वर्षमा लेनिन दुःखी र गरीबको जीवन उत्थान गर्न रूसमा अधिनायक बन्न पुगे । मेलभिन जोनको उद्देश्य साँच्चिकै मानव कल्याणको लागि थियो त्यसैले विश्वव्यापी

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूपमा स्वीकार भयो भने त्यस्तै उद्देश्य बोकेर त्यसै वर्ष सुरू भएको कम्युनिष्ट शासन चाहिं पतन भइसकेको छ ।

आज लायन्स क्लब अफ इन्टरनेशनल अन्तर्गत विश्वका १७७ राष्ट्रमा चालीस हजार क्लबहरू कार्यरत छन् । विश्वभरिमा जम्मा चौध लाख सदस्यहरू सेवा भावले प्रेरित भई लायनिजममा संलग्न छन् । नेपालमा लायन्स क्लब अफ इन्टरनेशनलको डिस्ट्रिक्ट ३२५ अन्तर्गत ४६ लायन्स क्लब, चौध लियो क्लब र बाह्र लाइनेस क्लबमा गरी करीब १५ सय सदस्यहरू लायनिजममा कार्यरत छन् ।

संयुक्त राष्ट्र सङ्घभन्दा पुरानो यो लायन्स क्लब अफ इन्टरनेशनलले प्रत्येक वर्ष सबै राष्ट्रका प्रतिनिधिहरू भेला गराई महाधिवेशन गर्ने गरेको छ । गत वर्ष अष्ट्रेलियाको ब्रिस्वेनमा महाधिवेशन भएको थियो भने यो वर्ष हङकङमा भयो । यो वर्ष सम्पन्न महाधिवेशनमा विश्वका १९९ राष्ट्रका करीब तीन हजार प्रतिनिधिले भाग लिएका थिए । ती सबै प्रतिनिधिले एउटै छातामुनि बसेर आपसमा सद्भाव व्यक्त गरे । कार्यक्रम अनुसार असार ९ गते हङकङको सडकमा परेड कार्यक्रम थियो । करीब ३ किलोमिटर लामो परेडमा नेपालको तर्फबाट ४० जवान लायन प्रतिनिधिले भाग लिएका थिए ।

यो लायन्स क्लबको पचहत्तर वर्षको इतिहासमा एसियामा भएको महाधिवेशनमा यो तेस्रो हो । यस अघिको महाधिवेशन ताइवान र जापानमा भएको थियो । यो अधिवेशन गराउन जुनसुकै मुलुकले आँट्न सक्दैन, कारण प्रत्येक वर्ष हुने अधिवेशनमा पच्चीसदेखि पचास हजारसम्म प्रतिनिधिहरूले भाग लिन्छन् । यति ठूलो बन्दोवस्त गर्न एसियाका सबै मुलुकहरू सक्षम छैनन् । यस वर्ष लायन्सको अन्तर्राष्ट्रिय अध्यक्षमा भारत अहमदावादका रोहित मेहता सर्वसम्मतिबाट छानिन् भयो । यसबाट पूरा एसियाकै लायन्स प्रतिनिधिहरूले खुशी व्यक्त गरे । कारण सधैं अमेरिकामा रहने नेतृत्व एसियातर्फ सर्न थालेको हुँदा अमेरिकी एकाधिकार समाप्त भएको स्पष्ट देखियो ।

यो वर्षको कार्यक्रममा साइट फस्ट प्रोग्राम र क्विस्ट प्रोग्राम' लाई अगाडि बढाउने कुरा अधिवेशनले निर्णय लियो । यसै साइट

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

फस्ट प्रोग्राम अन्तर्गत नेपालमा मोतियाबिन्दुले पीडित एक लाख व्यक्तिहरूलाई उपचार गर्ने लक्ष्य राखेर नेपालको तर्फबाट प्रस्ताव प्रस्तुत भएको छ। यो कार्यक्रम निकासा हुने वा नहुने वा आंशिक हुने अहिले निर्णय भएको छैन तर कार्यक्रम नै साइट फस्ट भएको हुँदा सहयोग पाइने पूरा आशा राखिएको छ ।

'हामी सेवा गर्छौं' र हामी शान्ति चाहन्छौं' भन्ने उद्देश्य बोकेका लायनिज्म जाति र वर्णमा विश्वास गर्दैन, कुनै राजनीतिक सिद्धान्तको घेरा र राष्ट्रको सीमाभित्र सीमित रहँदैन, उँच-नीच र धनी-गरीबको भेदभाव राख्दैन र कुनै अधिनायकवादीको बन्धनभित्र बाँधिन सक्दैन । यो स्वतन्त्र र स्वच्छन्द वातावरणमा मात्र फस्टाउन सक्ने हुँदा केवल प्रजातान्त्रिक मुलुकमा मात्र लायनवाद विकसित हुन सकेको छ । त्यसैले लायनवाद स्वतन्त्रवाद हो र मानववाद हो ।

साप्ताहिक नेपाली आवाज २०४६।२।२

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४४

कुभावना परित्याग गरी सद्भावनालाई स्वीकारौं

फेरि कुरा धोती र टोपीको । गत साताको संसदमा जस्तै सद्भावना पार्टीका सांसदहरूले यो वर्षको संसदमा पनि धोती, कुर्ता, चप्पल र टाउकोमा टोपी नलगाई संसदभित्र पसेर आफ्नो अहम्ताको प्रदर्शन हिन्दी भाषा बोलेर गरेका छन् । यो विषय साधारण नभै अत्यन्तै महत्वपूर्ण भएको हुँदा यस विषयलाई राष्ट्रिय मुद्दाको रूपमा हेरिनु पर्ने भएकोले यसलाई एकपटक विचार गरौं !

प्रजातान्त्रिक देशको शासन कानूनद्वारा निर्धारित र निर्देशित सिद्धान्तका आधारमा स्थापित भएको हुन्छ । स्वच्छ प्रजातान्त्रिक वातावरणको लागि कानूनको मर्यादा र अनुशासनको आवश्यकता पर्छ । अझ भनौं भने मुलुकमा व्यवस्थित कानूनको मर्मलाई नागरिकहरूले बुझी स्वसंचालित हुन सकेमा मात्र प्रजातन्त्र बलियो, दिगो र नागरिक जीवनको अभिन्न अङ्ग बन्न सक्छ । यस्तो कानूनको रचना जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको भेला प्रतिनिधि सभाले गर्ने गरेको हुन्छ । त्यसैले प्रतिनिधि सभाका सदस्य कस्तो हुनुपर्छ ? या

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

प्रश्नको उत्तर सरल छ । राजनीतिको साधारण नियमसम्मको जानकारी नभएमा सद्भावना पार्टीका सांसदहरूले संसदमा भाग लिनुभन्दा पहिले कुनै योग्य शिक्षककहाँ गएर लाफ्नो पद र पदीय जिम्मेवारीको शिक्षा लिएर आए वेश हुन्थ्यो वा प्रजातान्त्रिक मुलुकको संसदको संचालन गर्ने सभामुखले सांसदहरूलाई संसद के हो भन्ने प्रथम शिक्षा यहीं दिए वेश हुने थियो ।

धोती, कुर्ता र जवाहरलाल कोट कुन स्थान र मुलुकको पहिरन हो ? सद्भावनाका साथीहरूले बताउन सक्नुहुन्छ ? अनि हिन्दी भाषा नेपालको कुन गाउँ र जिल्लाको भाषा हो ? यति मात्र होइन, हिन्दी भाषा भारतको कुन प्रान्त र जिल्लाको भाषा हो ? हो, भारतले हिन्दी भाषालाई उर्दू बोलीबाट हिन्दी भाषा बनाएर राष्ट्रिय भाषाको रूपमा स्वीकार गरेको छ । तर हिन्दी नेपालको कुन जाति र वर्गले मातृभाषाका रूपमा बोल्ने गरेका छन् वा कुन स्थान र क्षेत्रमा बोलिने गरेको छ ?

सद्भावना पार्टीले नेपालको तराई क्षेत्रको प्रतिनिधित्व गरेको भनेर आफूलाई दावी गरेको छ भने तराईको परम्परागत पहिरन टाउकोमा फेटा बाँधेर मैथिली, भोजपुरी, अवधा वा थारूहरूको भाषा बोल्नु पर्‍यो । क्षेत्रीय प्रतिनिधित्व भएको हो भनेर स्पष्ट देखिनु पर्‍यो । कागले मुजुरको प्वाँख टाँसेर मुजुर हुन खोजेको अत्यन्तै सुहाउँदैन र हुन पनि सक्दैन । त्यसैले आफ्नो भाषा बोल्दा मीठो हुन्छ, आफ्नो पहिरन लाउँदा सुहाएको हुन्छ । यही असार १९ गते श्री ५ बाट संसदमा सम्बोधन हुने दिन सद्भावना पार्टीका सांसदले धोती र कुर्ता नै लगाए पनि टोपी त लगाएर नै संसद भवनभित्र पस्लान् भन्ने हाम्रो अनुमान थियो । तर तो सांसदहरूले मुडुलो टाउको नै संसदमा उपस्थित भएर अनुशासनहीनताको प्रदर्शन गरे ।

पहिरनका कुरा हुँदा स्वइच्छाका प्रश्न आउन सक्छन् । तर कुनै पनि सार्वजनिक स्थल जस्तै स्कूल-कलेज, सभा-सम्मेलन, अड्डा-अदालत, होटल-रेष्टुराँ, नाट्यशाला, क्रीडास्थल तथा उर्दी, राष्ट्रिय मेलाहरूमा तोकिएको पहिरनमा उपस्थिति भएन भने असभ्य, अयोग्य र अनुशासनहीन साबित हुन्छ । यस्तो सर्वमान्य सिद्धान्तलाई यस

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मुलुकको संसदका सदस्यहरू र सभामुखले भुलेको हो वा जानीजान बुझ्न पचाएको हो – यो कुरा भने बुझ्न सकिएन ।

मुलुकमा कानूनद्वारा शासनव्यवस्था सञ्चालन गराउन कानून निर्माण र सरकारी नीति निर्माणको मूल स्रोतको रूपमा रहनु पर्ने संसद नै मर्यादित भएन भने जनताले कस्तो उपलब्धिको आशा राख्ने ? प्रजातन्त्रमा सभ्य र योग्य नागरिक बन्न कानूनको अधीनमा अनुशासित भएर बाँच्न जान्नु पर्छ भनेर साधारण नागरिकलाई ज्ञान कसले सिकाउँने ? नेता र जनप्रतिनिधिले नै आफ्नो जिम्मेवारी नबुझेपछि कसले बुझाउने ?

सद्भावना पार्टीका नेता गजेन्द्रनारायण सिंहलाई पंचायत व्यवस्थामा राष्ट्रिय पञ्चायतको सदस्य छँदा दौरा–सुरूवाल र टोपी लगाउन कसले कर लगाएको थियो ? सबैं नेपाली भेषभूषामा त्यही सिंहदरबारको ग्यालरी बैठकमा प्रवेश गर्ने, नेपाली भाषामा आफ्नो समस्या राख्ने र राख्न सक्ने गजेन्द्रनारायणजीले आफूलाई नाटकीय रूपले हाल प्रस्तुत गर्नु भएकोमा कतै पञ्चायती काललाई पुनः निम्त्याउन बलप्रदान गरिरहनु भएका छैन ? होइन भने किन सद्भावना पार्टी बहुदलीय प्रजातन्त्रको खिल्ली उडाइरहेछ? संसदको सदस्य भएर संसदीय आचरणभित्र रहन किन विद्रोह गरिरहेछ ? अनि किन संसदीय आचार संहिता अन्तर्गत त्यस्तालाई कारवाही भइरहेको छैन ?– यसको जवाफ कसैसँग छ ?

प्रजातन्त्र सद्–विचार, सद्–भाव र स्वअनुशासनको नाम हो । कु-भाव, कुविचार र मनगढी गर्नु त मुलुकमा प्रजातन्त्रको हत्या र अधिनायकवादलाई निम्ता दिनु हो । त्यसैले सद्भावना पार्टीका सबै नेताहरूमा मेरो अनुरोध छ – कुभावनालाई परित्याग गरी सद्भावनालाई अङ्गीकार गरौं ।

साप्ताहिक नेपाली आवाज २०४६।३।२६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४५

खुलामञ्चको वारेस को हो ?

काठमाडौंको मुटु मानिने टुँडिखेल स्थित खुलामञ्च बेवारिसी हुन पुगेको छ। यो कुरा यही हप्ता मात्र प्रकाशमा आयो। तत्कालीन अञ्चलाधीश कार्यालय अन्तर्गत संरक्षित खुलामञ्च अञ्चलाधीश कार्यालय खारेज हुने बित्तिकै कसरी एकाएक बेवारिसी हुन पुग्यो र हङकङ बजारको नामले चिनिन थाल्यो ? के अञ्चलाधीश कार्यालय खारेज गर्दा श्री ५ को सरकारले त्यसको दायित्व कहाँ सार्ने भन्ने निर्णय गरेको थिएन ? उद्देश्यहीन र आवेशमा आएर तत्कालीन अन्तरिम सरकारले अञ्चलाधीश कार्यालय खारेज गरेकै हो त ? होइन भने अंचलाधीश कार्यालयले रेखदेख गरेको खुलामञ्च कसरी बेवारिसी हुन पुग्यो ?

२०२० सालमा रत्नपार्क निर्माण हुँदा टुँडिखेललाई दुई भागमा विभाजित गरी बारबेर गर्ने काम भयो । दक्षिणतर्फको खरीको बोट भएको भागमा शाही सैनिक मञ्च निर्माण भएर शाही नेपाली सेनाको संरक्षणमा गयो र उत्तरतर्फको भागको करीब चार सय रोपनी जमीनमा आधा खुलामञ्चको लागि सुरक्षित राखियो । यो निर्माण कार्य तत्कालीन अञ्चलाधीश विष्णुमणि आचार्यको जिम्मेवारीमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भएको हो । निर्माणपश्चात् 'सार्वजनिक उद्यान तथा विकास समिति' गठन भयो । यो समितिले बालाजु बाईसधारा स्थित महेन्द्र पार्क र टुँडिखेल पूर्वको प्रदर्शनी स्थलको रेखदेख गर्न थाल्यो । पछि राष्ट्रिय सभागृह बनेपछि यही समितिमा राष्ट्रिय सभागृह जोडिन पुग्यो।

खुलामञ्चको निर्माणपछि रत्नपार्क र खुलामञ्चलाई एउटै घेरामा पारी नृत्य प्रदर्शन गर्ने गराउने र साँझपख शाही सेना बैण्ड कम्पनीद्वारा संगीतका धुनहरू बजाउने काम पनि हुन्थ्यो । यसले गर्दा पार्क, रेष्टराँ, सुन्दर रत्नपार्क र खुला ओपनएयर थिएटरको एक आपसमा सुहाउने सम्बन्ध स्थापित व्यवस्थाले ती दिनहरूका रमाइला साँझ आज पनि काठमाडौंवासीका मस्तिष्कमा ताजै छन् ।

२०३६ सालसम्म सत्तापक्षले मात्र भाषण गर्ने स्थानमा २०३६ सालमा तत्कालीन सत्ताका विपक्षी अर्थात् बहुदलीय पक्षका सबै नेताहरूले भाषण गर्ने मौका पाए । पछि जनमत संग्रहपछि फेरि खुलामञ्च बहुदलवादीका लागि बन्द भयो ।

२०४३ सालदेखि खुलामञ्च अगाडिको खुला चौरमा सानोतिनो नाङ्ले पसल, जस्तो– बदाम, सुन्तला आदि बिक्री गर्न चाहनेहरूलाई छुट दिएको देखिन थालियो । यसै समयदेखि प्रत्येक दिनजस्तो पसलको संख्या बढ्दै गयो । कपाल काट्ने हजामदेखि भविष्यवाणी गर्ने ज्योतिषी, उसिनेको आलुदेखि ममचा बेच्ने रेष्टुराँ र टोपीदेखि सारीसम्म सबै किसिमका आवश्यकीय वस्तुहरूको बजार व्यवस्था भयो । सयौंको संख्यामा दोकानहरू बढेपछि प्रति दोकान पाँच रूपैयाँ सार्वजनिक उद्यान तथा सभागृह विकास समितिले दैनिक भाडाका रूपमा असूल गर्न थाल्यो । त्यसबखत धर्मबहादुर थापा वागमती अञ्चलाधीश थिए । शक्तिमा बसेकाहरूले जे गरे पनि छुट हुने हुँदा सार्वजनिक महत्वको स्थल खुलामञ्च हुङकङ बजारमा परिणत भयो। २०४७ साल वैशाखदेखि रू. पाँच भाडा पनि असूल हुन छोड्यो ।

यसैगरी शहरका अन्य स्थान धरहरा, खिचापोखरी र वसन्तपुर जस्ता शहरहरूका मुख्य मुख्य स्थानहरूमा पनि अतिक्रमण भयो । खुला सार्वजनिक स्थल व्यवसायीहरूका लागि व्यापारका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

केन्द्र बन्न पुग्यो । व्यवसाय बढेको हुँदा स्थानको महत्व यति बढ्न थाल्यो, एकले ओगटेको थलो अर्कालाई हस्तान्तरण गर्दा हजारौंको मूल्य निर्धारण भई रकम असूली हुन थालेको चर्चामा आयो ।

प्रजातान्त्रिक सरकारले पनि यो अवस्थालाई हेर्ने एवं बढावा दिने वा सार्वजनिक स्थलको सुरक्षा गरी शहरलाई स्वच्छ र सफा राख्ने ? यो सवाल आफ्नै ठाउँमा भए पनि काठमाडौं नगरपालिकाले सफा सुग्घर गर्ने काम सुरू गरेको छ – जो सह्राहनीय कार्य हो । यसमा सबै शहरवासीहरूबाट सहयोग प्राप्त नभएसम्म नगरपालिकाले केही गर्न सक्दैन । त्यसैले नगरपालिकाको यो सफा राख्ने कार्यक्रममा सबैको सहयोगको आवश्यकता छ ।

आज श्रावण ९ गते शुक्रवारका दिन खुलामञ्चको बजार हटाई आजदेखि खुलामञ्चको रूपमा त्यसलाई सुरक्षित राख्ने पूर्व घोषणा गरिएको छ । तर कुन निकाय अन्तरगत यो खुलामञ्चको संरक्षण हुने भन्ने कुरा भने स्पष्ट हुन सकेको छैन । यसको यकीन निर्णय नभएसम्म यो सुरक्षित हुन सक्दैन । त्यसैले बेवारिसी खुलामञ्चको वारेस खडा गराएर मात्र यसको सुरक्षा हुन सक्ने थियो ।

साप्ताहिक नेपाली आवाज २०४६।४।६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४६

अवैध वन फँडानी र प्रकाशित समाचार

अन्धाधुन्ध वन फँडानीबाट करोडौं मूल्यको रूख सखाप– यो समाचार मकवानपुरबाट प्राप्त भएको हो । हेटौंडाभन्दा दश किलोमिटर मात्र दूरीमा रहेको हाँडीखोला क्षेत्रमा हजारौं क्युविक फीट काठ काटिएर बेवारिसी अवस्थामा रहेको बेला सरकारले फेला पारेको कुरा सार्वजनिक रूपमा जानकारीमा आएको छ । यो कुरा गएको असार चार गतेका दिन हाँडीखोला क्षेत्रका केही व्यक्तिहरूले 'चलिरहेको जंगल फँडानी रोकिपाऊँ" भने निवेदन वन कार्यालयमा दिएपछि २ दिन पछाडि सरकारी स्तरबाट जङ्गल निरीक्षण गर्न गएका र निरीक्षण गर्दा अन्धाधुन्ध रूपमा जगल फँडानी भएको देखे । तर यसको सार्वजनिक सूचना भने करीव १ महिनापछि साउन चार गते मात्र भयो । यो एक महिना अवधिभित्र सरकारले के कार्यवाही गऱ्यो, सो कुरा सूचनामा स्पष्ट जनाएको छैन । बरू त्यसको लगत्तै आवेशमा आएर मकवानपुर वन कार्यालयले अन्यदेशीय ढुवानी भइरहेको काठ लादिएका ट्रकहरू रोकेर बहुत ठूलो काम गरेको समाचार यसरी प्रकाशमा ल्यायो– खयर सीमा पार गराउने कार्य गरेको आशंकामा जाँचबुझ गर्ने कार्य सुरू ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जिल्ला सदरमुकामबाट पैदल हिड्नका लागि दुई घण्टाको दूरीमा रहेको क्षेत्रमा करोडौं मूल्य पर्ने वन फँडानी हुँदा चाल नपाउने सरकारी कर्मचारीले धनकुटाबाट नेपालगंज गइरहेका १ वटा ट्रकहरू सीमा पार गराउँन ढुवानी गरिरहेका हुन् भन्ने कुन आधारमा आशंका गर्न पुग्यो ? साथै गोरखापत्र जस्तो सरकारी मुखपत्रले प्रथम पृष्ठको चौथाइ भाग त केवल काठ लादिएका ट्रक र ट्रकको दृश्य देखाउन स्थान सुरक्षित गऱ्यो र प्रकाशित फोटोमुनि- कत्था मिलको निहुँमा ट्रकका ट्रक खयर सीमा पार गराउने उद्देश्यले भएको आशंकामा छानबिन गर्ने कार्यका लागि रोकिएका ट्रकहरू- भनेर लेखियो ।

प्रकाशित समाचारलाई केलाउँदा वास्तवमा सात हजार मुढामा केवल दुई सय मुढामा मात्र वन कार्यालयको टाँचा लागेको नदेखिएको भनेर समाचारमा जनाइएको देखिन्छ । जसरी समाचारलाई महत्व दिएर प्रकाशित भएको छ त्यति बेहिसाब भएको समाचारले देखाउँदैन । त्यसैले मकवानपुर जिल्लामा कार्यरत जिल्ला कार्यालयका कर्मचारीदेखि प्रहरी र वन कायालयका कर्मचारीहरू मुछिन सक्ने हाँडीखोलाको जंगल फँडानी काण्डलाई ढाकछोप गर्न र जनताको ध्यानलाई अन्यत्र आकर्षण गरांउन परिपञ्च रचिएको यो स्तम्भकारले आशंका गरेको छ ।

अन्तरिम सरकारको समयमा सुरू भएको वन -जंगल फँडानी कार्य हालसम्म रोकिएको छैन । पूर्व मेचीदेखि महाकालीसम्म फैलिएको जंगल बेहिसावसँग मासिएको छ । गाउँ-गाउँका फटाहाहरूले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका भण्डाहरू जंगलमा गाडेर जंगल फँडानी गरे । त्यस बखत कर्मचारीहरूको केही मनोबल घटेको हुँदा त्यति कडाइका साथ कार्यवाही गर्न सकेनन् तर निर्वाचनपश्चात् जिल्लाका सि० डि० ओ०, प्रहरी र अन्य कर्मचारीहरूले प्रभावकारी रूपमा अधिकारको प्रयोग गर्न थालेका छन् । यस बखत पनि जंगल फँडानी नरोकिनु - यो सिद्ध हुन्छ- अधिकारसम्पन्न कर्मचारी समेत त्यस्तो अन्धाधुन्ध वन फँडानीमा सहभागी छन् ।

२०४३ सालमा तत्कालीन सरकारले निजी जग्गामा भएको रूख काट्न र बेचन पाउने गरेको निर्णयको आधारमा जंगलबाट अवैध

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूपमा रूखहरू काट्ने काम भइरहेको थियो । तर चोरी फँडानी त्यति तीव्र रूपमा भएको थिएन जति अहिले भएको छ ।

नेपालको जंगलको फँडानी झोडा समस्या २०२६/०२७ देखि सुरू भएको हो । पहाडबाट झरेका सुकुम्बासी र जालीफटाहाहरूले सुरू गरेको जंगल फँडानी २०३०/३१ सालमा कम भए पनि जनमत संग्रहको समयमा निर्दलीय पक्ष जिताउन तत्कालीन थापा सरकारले जंगल-लाई निर्मम तरिकाले मासेर वन–जंगललाई नोक्सानी र निर्दलीय पक्ष-लाई फाइदा पुऱ्याएका थिए । अन्ततः यो राष्ट्रिय हितको पक्षमा भएन ।

प्रजातान्त्रिक सरकारमा संलग्न कर्मचारीहरूको इमान्दारीमा राष्ट्रिय सम्पत्तिको संरक्षण हुन्छ । एउटा हाँडीखोला क्षेत्रमा असी हजार क्यूबिक फीट काठ मासिएको छ भने अधिराज्यभरि कति यसरी अन्धाधुन्ध रूपले वन–जंगल फँडानी भएका होलान् ? कर्मचारीहरूले आफ्नो जिम्माको कार्य गर्दा समाजको कुनै पनि वर्ग र समूहलाई पीरमर्का नपारीकन राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न सक्नुपर्छ । जनताले पनि सरकारको काम कारवाहीलाई निगरानी गरी अनाधिकार गर्न खोजेको कामको विरोध र असल कामको लागि सहयोग प्रदान गर्न सक्नुपर्छ ।

मुलुकभरि हाँडीखोला जस्ता सयौं क्षेत्र लुकेर छिपेर बसेका छन् । यसको रहस्योद्घाटन कर्मचारी, जनता र दलका कार्यकर्ता-बाट हुनुपर्छ र दोषीले दण्ड र सुराकीले पुरस्कार पाउनु पर्छ ।

साप्ताहिक नेपाली आवाज २०४१।४।१६

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४७

माध्यम निजीकरणलाई विचार गर्दा

प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई अङ्गिकार गरेको नेपाली कांग्रेसको सरकारले सत्ता सम्हालेदेखि नै निजीकरणका कार्यक्रमलाई प्रमुखता दिन थालेको छ । सिद्धान्ततः यो मेल खाने कार्यक्रम होइन । तर पनि किन यो नेपाली कांग्रेसको सरकारले निजीकरणलाई बढी जोड दिई सबै क्षेत्रमा निजीकरण कार्यक्रम ल्याउन व्यस्त देखिन्छ ? कतै समाजवादी अर्थतन्त्रको सुरुवात निजीकरणबाट गर्न थालिएको त होइन ? होइन भने किन यो सरकारले निजीकरणलाई जोड दिंदै आएको ?

पूर्ण सरकारी स्वामित्वमा सञ्चालित तीन वटा संस्थानलाई निजीकरण गर्ने सूचना प्रकाशित गरेर चीन सरकारले नेपाल र नेपाली समाजको विकासको लागि सहयोग स्वरूप दिएका ती तीन उपहारलाई खुला बजारमा बिक्रीको लागि राखिदिएको छ । केही विदेशी र केही स्वदेशी छट्टुहरू सित्तैंमा उक्त कारखानाहरू हत्याउने दाउपेचमा लागेका छन् ।

यही श्रावण १८ गते सञ्चार कार्यदलले राष्ट्रिय सञ्चार नीति बारेमा सरकार समक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो । प्रतिवेदन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अनुसार गोरखापत्र संस्थान ; रासस र चलचित्र संस्थानलाई निजीकरण गर्नुपर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाउँमा गाभ्नु पर्ने र इलेक्ट्रोनिक मिडिया पनि निजी क्षेत्रलाई संचालन गर्न दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ जुन कुरा प्रत्येक सम्वेदनशील नेपालीका लागि चिन्ताको विषय हुन आएको छ ।

प्रजातान्त्रिक देशको सरकारले प्रिण्ट मिडिया अर्थात् अखवार चलाएका छैनन् त्यसैले हाम्रो देशमा पनि सरकारले अखवार चलाउनु हुँदैन – यो कथन ती राजनीतिज्ञहरूको हो जसले प्रजातन्त्र विदेशबाट आयात गरिने आयातीत वस्तु सम्झेका छन् । जुन देशका असी प्रतिशत नागरिक निरक्षर छन् अनि निरपेक्ष गरीवीको रेखामुनि आफ्नो जीवन यापन गर्न वाध्य भएका छन् त्यस्तो देशको सरकारले प्रिन्ट मिडिया मात्र सञ्चालन गर्ने होइन व्यापार, कलकारखाना र सबै सेवा अर्थात् स्वास्थ्य, शिक्षा र नागरिकको जीवन बचाउने सबै कार्य गरिदिनु पर्छ । यस्तो सरकारको अनिवार्य कर्तव्यलाई पन्छाएर, नागरिक जीवनको सुरक्षा र सेवाको कार्यबाट सरकारलाई पन्छाउन खोजेर र बुझ्न सक्ने तथा वोल्न सक्नेले मात्र प्रजातन्त्रको मीठोसँग उपभोग गर्नसक्ने वातावरण तयार हुन थालेको छ – जो प्रजातन्त्रको स्थायित्वको लागि बाधक हो ।

अन्तरिम कालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो कार्यकालमा सार्वजनिक रूपमा गोरखापत्र निजी क्षेत्रमा दिइने भाषण गर्नु भयो । चाकडी गर्न सिपालु मन्त्री वासु रिमालले निर्वाचित सरकारको समयमा गोरखापत्र संस्थान निजीकरण गर्ने प्रस्ताव संचार मन्त्रालयद्वारा तयार गर्न लगाई मन्त्रिपरिषद्मा पुऱ्याउनुभयो । त्यस बखत यो स्तम्भकारले गोरखापत्र निजीकरण हुनुहुँदैन भनेर लेख्नु परेको थियो । त्यो लेखलाई केही पत्रिकाले विरोध गरे । गोरखापत्र संस्थानको सम्पूर्ण सम्पत्ति हड्पेर पत्रिका चलाउन तयार केही विदेशी मूलका खुँखार व्यापारीले खुलेर विरोध गरे । त्यस बखत निजीकरण हुनबाट रोकियो ।

हाम्रो देश भौगोलिक अवस्था, नचाहेर पनि स्वीकार्नु पर्ने भारतीय प्रभाव, विकासहीन अवस्थामा रहेको सामाजिक बनोट ;

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सत्ता हत्याउने मात्र दाउपेचमा कार्यरत पार्टीका नेता तथा कार्यकर्ताको प्रवृत्ति र प्राप्त बहुदलीय राजनीतिक व्यवस्थाको स्थायित्वको लागि सरकारी स्तरमा आफ्नो समाचार संकलन र वितरण केन्द्र तथा जनतालाई सुशिक्षित र सुसूचित गर्न सक्ने सशक्त आफ्नै माध्यमको जरूरत पर्छ – जो सर्वदा सत्य हो ।

गोरखापत्र संस्थान आफूमा स्वायत्तताप्राप्त संस्थान हो । यसमा करीब सात सय कर्मचारीहरू कार्यरत छन् । करोडौंको मेसिन तथा सम्पत्तिले सुसज्जित छ । यस्तो संस्थालाई निजीकरणको नाउँमा केही सार्वजनिक र सरकारी सम्पत्ति हडप्न सिपालु नाफा तथा कमिसनखोर व्यापारीको हातमा हस्तान्तरण गर्ने षडयन्त्रको थालनी हुन लागेकोमा अत्यन्तै दुःख लागेको छ ।

विकसित मुलुकको प्रजातान्त्रिक सरकारले अखबार चलाएको हुँदैन र चलाएको छैन । तर हाम्रो जस्तो मुलुक जो विकास, चेतना र सम्पन्नता केही मुठ्ठीभर नागरिकले मात्र उपभोग गरेको समाजमा अखबार सरकारले नचलाए सरकार स्थायी हुन सक्दैन । सरकार स्थायी नभए राष्ट्रिय विकासको गति रोकिन्छ र यस्तो अस्थायी अवस्थामा नेता तथा कार्यकर्ता स्वेच्छाचारी हुन पुग्छन् र राष्ट्रिय हितभन्दा व्यक्ति र पार्टीको हित सर्वोपरी हुन पुग्छ । यस्तो अवस्थामा राष्ट्र भ्रष्टाचार, अन्याय र अत्याचारको दलदलमा फस्दै जान्छ ।

नागरिकलाई सुसूचित हुने अधिकारबाट वञ्चित गराउन सरकारले समाचार संकलन र वितरण प्रणाली आफैंले संचालन गर्नुपर्छ । विज्ञापन सेवाको नाममा अश्लील र नाङ्गो कार्यक्रम प्रसारण गराएर विद्युतीय माध्यमलाई बचाउन खोज्नुभन्दा सरकारले आफ्नै लगानीबाट शिक्षाप्रद र लोककल्याणकारी कार्यक्रम प्रसारण गराएर जनताको सेवा गर्न सक्नु पर्छ । यही नै सरकारको कर्तव्य हो । त्यसैले हाम्रो लागि 'निजीकरण' सरकारी स्रोत, साधन र सार्वजनिक सम्पत्ति हिनामिना गर्ने सुरूवात हो, व्यक्ति मोटाउने परिपंच मात्र हो ।

साप्ताहिक नेपाली आवाज २०४६।४।२३

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४८

सभ्यता र काठमाडौं नगरी

आजभोलि गोरखापत्रको मुखपृष्ठमा काठमाडौं नगरपालिकाको अनुरोध छापिन थालेको छ । त्यो छापाले नगरवासीमा चेतना जगाउन प्रयास गरेको बुझिन्छ । अनुरोधपत्रमा प्रश्न गरिएको छ — काठमाडौं शहर कस्तो हुनुपर्छ ? हाम्रा जिम्मेवारी के हुन् त ? शहर स्वस्थ र सफा राख्न नगरवासीले के गर्नुपर्ला ? यसरी नगरवासीबाट सहयोग मागिएको छ । यो अत्यन्तै राम्रो थालनी हो तर सफा र स्वच्छ बनाउने कार्यक्रम केवल प्रचारमा मात्र सीमित रहने त होइन ? मेरो यो प्रश्न नगरपालिकालाई हो ।

अधिराज्यभरी नै हाम्रा शहरहरू बिग्रँदै र नासिदै गए र शहरको नाउँमा अव्यवस्थित वस्तीहरू बढ्दै विकृत शहरहरू निर्माण हुन पुगे ।

शहर भन्ने वा अव्यवस्थित बस्ती ! यस्ता बस्तीहरूलाई शहर भन्न मिल्दैन । त्यसैले सुन्दर, शान्त र सफा हाम्रा पुराना शहर कसरी कायम गर्न सकिन्छ भन्ने चिन्तन गरेर यो स्तम्भ लेखकले पहिले पनि चिन्ता व्यक्त गरेको सबैमा स्पष्ट छ । आज पनि यही विषयमा लेख्ने जमर्को गरेको छु ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

युरोपका पुराना शहरहरूमा लण्डन, मास्को, बर्लिन, पेरिस र रोम त्यसै बखत निर्मित शहरहरू हुन् जतिखेर त्यस भेगका मानव मात्रमा नगर सभ्यताको ज्ञानप्राप्ति भएको थियो । त्यसमध्येमा पनि इटालीको रोम शहरको बनावटको अन्य शहरहरूले अनुकरण गर्नुपर्ने अनिवार्यता सिद्ध भएको थियो । यस्तै एसियाको सिआन, सांघाई, क्यानटन, टोकियो, बैंकक, कलकत्ता, बम्बई, काबुल र तेहरान जस्ता शहरहरू पनि कम अनुकरणीय थिएनन् । नागरिक सभ्यताको शुरू नै नगरबाट हुने हुँदा विश्वका सबै देशका नगरहरू एक आपसमा प्रतिस्पर्धात्मक रूपले निर्मित हुँदै गइरहेका थिए र वर्तमानमा पनि यही विधिलाई कायम राखिएको हामीले देखेका छौं । कुनै पनि शहरमा प्रवेश गर्ने बित्तिकै त्यस शहरमा बसोवास गर्ने नागरिक र सरकारका बारेमा हामी सहज व्याख्या गर्न सक्छौं अर्थात् कुनै पनि शहर त्यस देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको दर्पण हो ।

न्यूयोर्क र टोकियो शहरको निर्माणमा राष्ट्रिय धन प्रचुर मात्रामा खर्च भएको अनुमान गर्न सकिन्छ भने कम धन खर्च गरेर राष्ट्रिय नीतिको आधारमा निर्मित सिङ्गापुर शहरले विश्वकै सुन्दर शहर बन्ने सौभाग्य पायो । पैसा खर्च गरेर मात्र शहर सुन्दर हुन्छ भन्ने सिद्धान्त सिङ्गापुरले तोडिदियो । सानो र नयाँ भए पनि सिङ्गापुर सुन्दर शहर हो भनेर चिनिन थाल्यो । यस्तै वर्तमानमा निर्मित शहरहरूमा अमेरिकाको विभिन्न प्रान्तमा निर्मित शहरहरू, युरोपका पूर्व र पश्चिम फैलिएका सबै शहरहरू, सिउल, हङकङ, सिडनी जस्ता शहरहरू पूर्ण प्रतिस्पर्धात्मक रूपमा निर्माण भइरहेका छन् । वर्तमानमा बन्न लागेका शहरहरूमा सबैभन्दा सुन्दर सफा चीनको राजधानी पेचिङ शहर बन्न पुगेको छ ।

शहरलाई सफा राख्ने जस्तो महत्वपूर्ण विषयलाई नेपाल सरकारले कहिल्यै ध्यान दिएन । बरू पूर्व शासकहरू त्रिश्व मल्ल, जयस्थिति मल्ल, प्रताप मल्ल, भीमसेन थापा, जङ्गबहादुर र चन्द्र शम्शेरले निर्माण गरेका शहरहरूको मात्र वर्तमान अवस्थामा नेपाल सरकारले राम्रो गरी संरक्षण गरिदिएको भए विश्वमा नै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

एउटा नमूनाको रूपमा प्रख्यात हुन सक्ने सानो चिटिक्क परेको सुन्दर शहरहरू कम हुने थिए । भक्तपुर, पाटन र काठमाडौं शहरको पुरानो भागको निर्माण प्रविधिलाई गहिरिएर केलाउने हो भने विश्वका आधुनिक एवं पुराना शहर निर्माणको प्रविधिभन्दा कम देखिँदैनन् । तर त्यस्तो शहर अहिले किन जथाभावी बस्ती बढेर शहर नभएर विकृत वस्ती हुन पुगेको छ । शहर स्वच्छ र हराभरा राख्न बाटोका छेउछाउ किनारमा बोट बिरुवाको व्यवस्था, हरेक २/३ सय गजपछि सार्वजनिक बगैंचाको व्यवस्था हुनुपर्छ । बाटोको दायाँबायाँ ठूलो हिँड्ने पेटीको व्यवस्था र घर निर्माणमा एकरूपता आउनुपर्छ । ढल, पानी र बिजुलीको पर्याप्त व्यवस्था हुनुपर्छ र यो सबै कायम राख्न जनचेतनाको विकास भएको हुनुपर्छ । के यो सम्भव छ ?

जयस्थिति मल्लले किटान गरेको घर बाटो र गल्ली अनि प्रताप मल्लले हात्ती चढेर शहर निरीक्षण गर्ने गोरेटो र जंगबहादुरले घोडा कुदाउने घोडेटो जस्ताका तस्तै छन् । चन्द्र शम्शेरले सिंहदरबारको गरिमा बढाउन दोहोरो बग्गी चल्न सक्ने सडक निर्माण नगरिदिएका भए यस काठमाडौं शहरका नागरिकलाई मोटर चढ्ने सडक कस्तो हुन्छ भन्ने पत्तो नै हुँदैन थियो । यस्तो अवस्थामा शहर नाम मात्रको महानगर हुने वा अव्यवस्थित वस्तीको समूह हुने ?

मोटर, साइकल, रिक्सा, गाडा, मान्छे र वस्तुहरू एउटै बाटोमा लाम कसेर हिँड्नु पर्ने बाध्यता भएको शहर ! सडकमा खुल्ला नाली छोड्नुपर्ने फोहर गल्ली नं गल्लीको शहर ! पिउने पानी र ढल निकासाको पाइप सँगसँगै जोडेर बनाउनु पर्ने अनिवार्यता भएको शहर ! अनियन्त्रित र अव्यवस्थित बजार भएको शहर ! बाटोमा झ्यालबाट मलमूत्र र फोहर फाल्ने चलन कायम भएको शहर ! यही काठमाडौं शहर ! यो नगरयोग्य वा महानगरयोग्य कुन हो ? सबैले एक पटक बिचार गरौं ।

साप्ताहिक नेपाली आवाज २०४९।४।३०

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

४९

किन गर्ने रा. स. स. लाई निजीकरण ?

नेपाली कांग्रेसको सरकार समक्ष सञ्चार नीति कस्तो हुनुपर्छ भनी सञ्चार कार्यदलले तयार गरेको प्रतिवेदन २०४९ प्रस्तुत भयो । तर सरकारले त्यो प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशित गरेको छैन तापनि प्रतिवेदनमा उल्लिखित बुँदाहरू भने प्रशस्त प्रचारमा आएका छन् । तिनीहरूमा छापा माध्यमलाई निजीकरण गर्ने र विद्युतीय माध्यमलाई पनि निजी क्षेत्रमा प्रसारण गर्न दिने तथा समाचार संकलन र वितरण गर्दै आएको राष्ट्रिय समाचार समिति समेत निजीकरण गर्दै जाने भनिएको छ ।

समाचार संकलन गर्ने र वितरण गर्ने कुरामा कानूनद्वारा स्वायत्तता प्राप्त एक मात्र राष्ट्रिय समाचार समितिलाई निजी क्षेत्रमा लगेर क–कसले कति फाइदा पाउने हुन् र मुलुकले कति फाइदा पाउने हो ? यो बारेमा कसैले सोचेको छ ? अनि निजी क्षेत्रबाट संकलित समाचारलाई खरीद गर्ने खरीददार विश्वका कुन कुन मुलुकमा तयार गरिएको छ र गरिने छ । अथवा मुलुकभित्रकै रेडियो, टेलिभिजन र गोरखापत्रलाई मात्र बिक्री गर्ने हो भने रा० स० स० विना सहयोग आत्मनिर्भर हुन सक्छ ? यदि सरकारी सहयोगको अपेक्षा राख्छ भने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

वर्तमानमा संचालित रा० स० स० र भोलि संचालन हुने भनिएको रा० स०स० मा के फरक पर्ला र ?

सरकारले प्रत्येक वर्ष अनुदान सहयोग दिएर सञ्चालन गरेको राष्ट्रिय समाचार समितिमा कुनै कमजोरी छ भने तुरुन्त हटाइने काम हुनुपर्‍यो । बढी स्टाफ छन् भने कटौती गर्नु पर्‍यो र समितिलाई समाचार संकलन र वितरण सक्षम बनाउने कार्य योजना तयार गर्नुपर्‍यो । कुनै पनि सुधारको अर्थ वैयक्तिक सम्पत्तिमा परिणत गरेर विकसित मुलुकको अनुकरण गर्न खोज्नु मूर्खहरूको समूहले प्रजातन्त्रको अर्थ लगाउनु र अन्धाको जमातले हात्तीको बयान गर्नु जस्तो हो ।

गतः श्रावण १६ गते थाई विमान दुर्घटना भयो । दुर्घटनास्थल बारेमा पहिलो समाचार धुमधामसंग प्रचारमा आयो । दुर्घटना क्षेत्र मकवानपुर जिल्लाको महाभारतको डाँडामा औंल्याइएको हुंदा रातारात हजारौं मान्छेहरू त्यसतर्फ लागे, सयौं प्रहरी र सेनाका जवान भीरपाखाहरूमा भौंतारिए । खोजी कार्यदललाई सरकारले खाद्यान्न समेत सप्लाई गर्नुपर्‍यो । तर छत्तीस घण्टापछि दुर्घटनास्थल सरेर नुवाकोट जिल्ला पुग्यो । लाखौं सम्पत्ति नोक्सान भयो र हजारौंले दुःख पाए ।

समाचार गल्ती हुँदा कतिले दुःख पाउँदा रहेछन् र कति नोक्सान हुँदोरहेछ भन्ने कुरा हामीले स्पष्ट अनुभव गर्‍यौं । त्यसैले यस्तो सम्वेदनशील कार्य गर्ने जिम्मा लिएको निकाय व्यक्तिको हातमा पर्‍यो भने मुलुकमा सरकारलाई निकम्मा साबित गराएर हरेक महिना पदच्यूत गराएर छोड्छ ।

मुलुकको राष्ट्रिय स्तरमा स्थापित सञ्चार माध्यमको योग्यता थाई विमान दुर्घटनाको समाचारले स्पष्ट जनसमक्ष ल्यायो । अब यसमा कसरी सुधार गर्ने र सञ्चार माध्यमलाई कसरी सक्षम बनाउने भनेर चिन्ता गर्नुपर्ने अवस्थामा सरकार अन्य विकल्पको खोजी गर्नेतर्फ लागेको देखियो, जो अनावश्यक हो ।

हाम्रो देशमा चार हजार गाउँ विकास समिति क्षेत्र र बत्तीस नगरपालिकाका क्षेत्रमा बस्ती बिस्तार भएको छ । तर एक अर्कासँग सम्पर्क र सम्बन्ध कायम गर्न कुनै यातायात र सञ्चारका साधन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छैन । नगरपालिका क्षेत्रमा टेलिफोन भएर'नि सम्पन्न व्यक्तिहरूले मात्र प्रयोग गरेका छन्, सर्वसाधारणसम्म पुग्न सकेको छैन । उत्तरी हिमालयको शीत मरूभूमिदेखि महाभारत श्रृंखलाको विकट ढुङ्ग्यान डाँडाको क्षेत्रमा २००० भन्दा बढी गाउँ विकास समिति क्षेत्र रहेका छन् जहाँ बाटो, बिजुली र टेलिफोन आदि केही पनि संचारका माध्यमहरू पुग्न सकेका छैनन् । अधिकांश नागरिकहरू अशिक्षा र गरीबीको लपेटाभित्र फसेका छन् । अरू त के कुरा मुलुकको राजधानी हुने सौभाग्य पाएको काठमाडौं जिल्लाका दर्जनौं गाउँ विकास समिति क्षेत्रमा सम्पर्क सूत्र तयार गर्न सरकारले सकेको छैन ।

एउटै जिल्लामा चारवटा बुथ स्थापना गर्न नसक्ने सरकारले एक जना भए पनि जिल्लामा रा० स० स० प्रतिनिधि राखेर समाचार संकलन अभियान गरेकै छ । सरकारी स्तरमा हुने र भएका कार्य ठीक हुँदैनन् र सबै बेठीक पनि हुँदैनन् । बरू कसरी सचेत र सक्षम बनाउन सकिन्छ, त्यसतर्फ सरकारमा पुगेका नेताहरूले ठीक निर्णय लिन सक्नुपर्छ । निजी क्षेत्रले सबै चलाए सरकारले के चलाउने भनेर सोचेको छ ?

सरकारी सम्पत्ति लगानी गरेर बनाएकोमा कार्यदलका सहभागीहरूलाई धन्यवाद छ । तर सरकारले प्रतिवेदनका ठीक बुँदाहरूमा मात्र गौर गरोस् भन्ने मेरो सुझाव छ ।

साप्ताहिक नेपाली आवाज २०४९।५।५

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

५०

मल्लिकलाई नै किन कार्वाही नगर्ने ?

जनआन्दोलन २०४६ मा दोषी र राष्ट्रिय सम्पत्तिको दुरूपयोग बारेमा छानबिन गरी प्रतिवेदन पेश गर्न अन्तरिम सरकारले अञ्चल न्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा एक आयोग गठन गरेको थियो । त्यो आयोगले काम पूरा गरी अन्तरिम सरकार भएकै अवस्थामा आफ्नो प्रतिवेदन सरकार समक्ष पेश गऱ्यो । सरकारले मल्लिकलाई पुरस्कार स्वरूप अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त बनाएर मल्लिकप्रतिको विश्वास जाहेर गऱ्यो ।

तर मल्लिकले भने आफ्नो योग्यताको प्रदर्शन गर्दै भने – 'सरकारले चाहेको भए आयोगको प्रतिवेदन अनुसार दोषीलाई कार्यवाही गर्न सक्थ्यो । सरकारको नियत नै दोषीलाई कार्यवाही गर्ने छैन ।" यसरी उनले सरकारलाई चुनौती दिए ।

अख्तियारको दुरूपयोग भनेको के हो ? अख्तियारवालाले कस्तो कस्तो अवस्थामा भए गरेको कार्यलाई अख्तियारको दुरूपयोग मान्ने ? के आर्थिक लाभ गर्न आफ्नो अधिकारको दुरुपयोग गरेकोलाई मात्र अख्तियारको दुरूपयोग मान्ने हो ? आर्थिक लाभ गर्ने मनसायले होइन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आफू चर्चित भई प्रतिष्ठाको लाभ उठाउने उद्देश्य राखेर कुनै अधिकारप्राप्त व्यक्तिले आफ्नो ओहदाको मर्यादा र अनुशासनको बेवास्ता गरेर भए गरेको कार्यलाई अख्तियारको दुरूपयोग मान्ने नमान्ने ?

आयोगको काम प्रतिवेदन दिने मात्र हो । त्यो काम पूरा भई आयोग विघटन भइसक्यो । तर त्यस आयोगमा बसेर भए गरेको काम कार्यवाहीलाई गोपनीय राखी आफूले पाएको अख्तियारको सम्मान गर्नुपर्नेमा सरकारले सार्वजनिक रूपमा प्रकाशन नगरी गोप्य राखेकै अवस्थामा जनार्दनलाल मल्लिकले आयोगको प्रतिवेदनलाई पत्रिकाको माध्यमद्वारा सार्वजनिक गर्ने कुचेष्टा गर्नु भएको हुँदा मल्लिकलाई आफूले पाएको अख्तियारको दुरूपयोग गरेको भनी किन कार्यवाही नगर्ने ?

सरकारको सम्वैधानिक अङ्गको प्रमुख भएको व्यक्तिले सरकार कमजोर हुन जाने वा जनता र सरकारको बीचमा अविश्वास पैदा हुने किसिमको कुनै वक्तव्य, अन्तरवार्ता र बोली बोल्न हुन्छ या हुँदैन ? आफू सरकारी ओहदामा बसेकै अवस्थामा आफ्नै सरकारको नियतका बारेमा शङ्का गरी औंला देखाउन हुन्छ वा हुँदैन ? न्यायसेवामा लामो अवधिसम्म काम गरिसकेका मल्लिकजीले जवाफ दिनु पर्‍यो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको कार्यालय दुवै सम्वैधानिक अङ्ग हुन् । एक अङ्गको प्रमुखले अर्को अङ्गको प्रमुखको योग्यतामाथि प्रश्न चिन्ह लगाउने अधिकार कुनै पनि ऐन कानूनले प्रदान गरेको छैन । महान्यायाधिवक्ता मोतीकाजी स्थापितले आफूले पाएको अधिकारको दायराभित्र बसी इमान्दारीपूर्वक आफ्नो ओहदाको कर्तव्य पूरा गरेको कार्यलाई बदनियतपूर्ण पहेंलो चस्मा लगाई भए गरेको कार्य भनेर सार्वजनिक रूपमा चुनौती दिन खोज्ने जनार्दनलाल मल्लिक को हुन् ? अब यो सार्वजनिक प्रश्न बन्न पुगेको छ ।

जनार्दनलाल मल्लिक राजनीतिक व्यक्तित्व भएका भए उनले बोलेको बोलीलाई यति गम्भीरतापूर्वक लिनु पर्ने आवश्यकता थिएन । दलीय राजनीतिक व्यवस्थामा एक दलका नेताले अर्को दलको क्रिया-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कलापलाई टिप्पणी, आलोचना र विरोध गरिरहेको हुन्छ र गर्नु पनि पर्छ। तर राष्ट्रसेवकको रूपमा राष्ट्रिय सम्पत्तिबाट सुविधाभोग गरिरहेका र व्यवस्थित ऐन कानूनको परिधिभित्र आफूलाई बन्धक राखी सरकारी सेवामा कार्यरत व्यक्ति सेवा अवधिभरी स्वतन्त्र हुन सक्दैनन्, उसले सधैं ऐनको बोली बोल्नु पर्छ, अनुशासनको नियमभित्र बस्नु पर्छ, सरकारी नीतिको घेराबन्दीमा बाँधिनु पर्छ। त्यसैले स्वतन्त्रतापूर्वक बोल्ने हो भने पद त्याग गरेर साधारण जनता सरह हुन आउनु पर्छ। पद पनि बोली पनि दुवै पाइँदैन।

यो सबैलाई थाहा भएको कुरा हो – प्रजातन्त्रमा कसैलाई कार्यवाही गर्न पर्दा ठोस सबूद प्रमाणको आवश्यकता पर्दछ। मल्लिक आयोगको प्रतिवेदनमा कसैलाई कार्वाही गर्न सबूत प्रमाण संकलन गरिएको छैन। त्यसमा त एउटा घटनाको दस्तावेज जस्तो विवरणसम्म प्रस्तुत गरेको छ।

अथवा मल्लिकको भनाइ अनुसार व्यवस्थित ऐन कानूनलाई सस्पेन्ड गरेर आयोगको प्रतिवेदनमा उल्लिखित मान्छेहरूलाई ठाडै सजाय सुनाइदिने हो? अथवा प्रतिवेदनले अपराधी भनेर औंल्याइसकेको हुँदा अपराधीतर्फबाट कुनै सुनुवाई नगर्ने र सोझै सजाय तोकिदिने हो?

यस्तो कानूनको साधारण नियमसम्मको ज्ञान नभएका; राज्यव्यवस्थाको काम गर्दा गोपनीयता कायम गर्नुपर्छ भन्ने जानकारी नभएका, आफू योग्य र अर्को अयोग्य देख्ने पहेंलो रङ्गको चस्मा लगाएका, सरकारी नून खाएपछि नूनको सोझो गर्नुपर्छ भन्ने जानकारीबाट वञ्चित भएका र आफूले पाएको अख्तियारको सदुपयोग तथा दुरूपयोग कसरी हुन्छ भन्नेसम्मको जानकारी नभएका जनार्दनलाल मल्लिक जस्ता राष्ट्रसेवक रहिरहेमा मुलुकले कस्तो किसिमको प्रजातन्त्रको अख्तियार गर्ने हो? यो सबैको लागि चिन्ताको विषय बनेको छ।

साप्ताहिक नेपाली आवाज २०४१।५।१६

SRI JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY, १५९
Jangamwadi Math, Varanasi
ACC No. 8364

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS



मुलुकमा प्रजातन्त्र स्थापनाको लागि कलम क्रान्तिशुरु गर्ने भरत जंगम एक सशक्त पत्रकार र ख्यातीप्राप्त साहित्यकार हुनुहुन्छ यो पचास प्रसंगले उहाँलाई अझ राजनीतिक चिन्तक को रूपमा प्रस्तुत गरेको छ । र उहां स्वयममाएक कमंठ सामाजिक र राजनीतिक कार्यकर्ता हुनु हुन्छ ।

२०३५ सालमा लेखिएको 'कालो सूर्य' चौथो संस्करणको पर्खाई-मा छ भने अंग्रेजी भाषामा–दि ब्लाक सन, हिन्दी भाषामा-कालासूरज, चिनीया भाषामा–हाइथयाङ र रूसी भाषामा–चोर्ने सोन्स् आदिमा रूपान्तरित हुंदै विश्व प्रसिद्धीको लागि दौडी रहेको छ। साथै जापानी र बंगला भाषामा अनुवाद हुँदै छ ।

त्यस्तै २०४१ सालमा तत्कालीन व्यवस्थाको भंण्डाफोर गरिएको राजनीतिक उपन्यास 'ब्यू चक्र' दोस्रो संस्करण यहि बर्ष छापिएको छ । यो उपन्यास अंग्रेजी मा अनुवाद भइ सकेको छ ।

करीब आधा सताब्दी देखि बन्द देश चीनको बारेमा लेखिएको उपन्यास मुलभाषा नेपालीमा-रातोघाम, हिन्दीमा–लाल सुरज, र अंग्रेजीमा–दि रेड सन एकै पटक प्रकाशित हुँदै छ ।

प्रकाशक :—

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi